# भूमिहीन किसानहरूको जीविकोपार्जन सुधारका लागि उपयुक्त कृषि विकास कार्यक्रम

## अन्तिम प्रतिवेदन -२०८०

राष्ट्रिय किसान आयोग
कीर्तिपुर, काठमाडौं

असार, २०८०

**दस्तावेज :** भूमिहीन किसानहरूको जीविकोपार्जन सुधारका लागि उपयुक्त कृषि विकास कार्यक्रम अध्ययन, २०८०
**सर्वाधिकार** : राष्ट्रिय किसान आयोग कीर्तिपुर, काठमान्डौं
**अध्ययन कर्ता संस्था** : ग्रामीण युवा सरोकार केन्द्र, नेपाल
**अध्ययन समूह** : टिम लिडर गोकर्ण अर्याल,
**मिति** : असार, २०८०

# प्राक्कथन

नेपाल एक कृषि प्रधान देश हो तर पनि आजको युगमा यहाँ कृषिमा खासै न त प्रशस्त लगानी भएको छ न त सरकारले यसमा आधुनिक प्रणालीको अबलम्बन गरेको छ । नेपालमा जो व्यक्ति सँग भूमि नै छैन त्यस्ता व्यक्तिहरुको पहिचान, तिनीहरुको बारेमा अवस्था विश्लेषण, उनीहरुका वास्तविक समस्या पहिचान गरी भविष्यमा कस्ता खालका योजना निर्माण गरी उनीहरुलाई कसरी कृषिको मूलधारमा ल्याई उनीहरुको जीवन स्तर उकास्न सकिन्छ भन्ने कुरामा ध्यान दिनु आवस्यक छ । यो अध्ययन नेपालका विभिन्न १५ वटा पालिकाहरुमा मिति २०७९ सालमा गरेको हो । यस अध्ययनको मुख्य उद्धेश्य भूमिहीन किसानहरुका लागि संघ, प्रदेश तथा स्थानीय तहबाट संचालित कृषिका कार्यक्रमहरुको अध्ययन तथा विश्लेषण गर्ने, उनीहरुका लागि कृषि सँग सम्बन्धित नीति, नियम, कानुन दस्ताबेजहरुको विश्लेषण गर्ने र त्यस्ता किसानहरुको जीविकोपार्जनका लागि उपर्युक्त कृषि विकाश कार्यक्रमको पहिचान गरी आवश्यक सुझाव प्रदान गर्नु हो । यो अध्ययन त्रिकोनिय अनुसन्धान विधि जस्तो प्रत्यक्ष अन्तर्वार्ता, सामुहिक छलफल, घटना अध्ययन तथा सान्दर्भिक सोध ग्रन्थ र अन्य द्धितीय श्रोतबाट बैज्ञानिक सूचना संकलन गरी प्रतिवेदन तयार पारिएको छ । यस अध्ययनले भुमिहिन व्यक्तिहरुमा आफ्नो स्वामित्वको जमिन नहुँदा खेतिपातीको माध्यमबाट जीविकोपार्जन गर्न कठिनाई पर्ने र दैनिकीमा साह्रै समस्या परेको देखियो । यो समस्या लाई सम्बोधन गर्न संघ तथा स्थानीय सरकारले बहुपक्षीय सरोकारवालाहरुको समन्वयनमा वस्तुस्थितिमा आधारित नीति, योजना तथा रणनीतिहरु तयार गरी उनीहरुलाई समयमै बिउ, मल तथा अन्य श्रोत साधनको व्यवस्था गर्नु आवश्यक देखिन्छ । यो अध्ययनले भविष्यमा भूमिहीन कृषकहरुलाई कृषिको मूल प्रवाहमा ल्याई उनीहरुका लागि सहयोगी हुने नीति, नियम र रणनीति तयार गर्न तथा थप अध्ययन गर्न सहज पुग्ने अपेक्षा गरिएको छ ।

भूमिहीन किसानहरूको जीविकोपार्जन सुधारका लागि उपयुक्त कृषि विकास कार्यक्रमको अध्ययन सम्बन्धमा प्रस्तुत अध्ययनको लागि अवसर प्रदान गर्ने राष्ट्रिय किसान आयोग प्रति आभार प्रकट गर्दछु । अध्ययनको सिलसिलामा प्रारम्भिक तथा मस्यौदा प्रतिवेदन प्रस्तुतीकरण कार्यशालामा उपस्थित भई महत्वपूर्ण सुझाव दिनुहुने सम्पूर्ण महानुभावहरु एवं स्थलगत अध्ययनको क्रममा छलफलमा प्रत्यक्ष रुपमा संलग्न भई भूमिहीन किसानहरूको विद्यमान अवस्था र उनीहरूको जीविकोपार्जन सुधारका लागि के कस्ता उपयुक्त कृषि विकास कार्यक्रम हुन सक्छन् त्यसको बारेमा जानकरी गराइदिने राष्ट्रिय किसान आयोग, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, भूमि अधिकार मञ्च, सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, प्रदेश र स्थानीय तहबाट पुऱ्याए सयोग प्रति ग्रामीण युवा सरोकार केन्द्र, नेपाल हार्दिक आभार प्रकट गर्दछ । त्यस्तै, राष्ट्रिय किसान आयोगका अध्यक्ष तथा सदस्यज्यू, सदस्य सचिव तथा आयोगका सम्पूर्ण कर्मचारी एवम् अययनमा संलग्न टोली प्रमुख श्री गोकर्ण अर्याल लगायत स्थलगत अययनमा संलग्न सम्पूर्ण मानुभावहरुप्रति हार्दिक कृतज्ञता प्रट गर्दछु ।

धन्यबाद !

......................

सागर गोसाई
कार्यकारी निर्देशक
ग्रामीण युवा सरोकार केन्द्र, नेपाल

## सार संक्षेप

किसानको हक, हित र अधिकारको संरक्षण र प्रवर्द्धन गर्न एवं कृषि सम्बन्धी नीति, नियम, कानुन तथा योजना तर्जुमा गरी कृषि अनुसन्धान र प्रसारलाई किसान मैत्री बनाउन नेपाल सरकारबाट जारी राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३ अनुसार राष्ट्रिय किसान आयोग गठन भएको हो । भूमिहीन किसानहरूलाई नेपाल सरकारले च्याउ खेती, रेशम पालन, मौरी पालन जस्ता कार्यक्रमहरूमा समावेश गरी अनुदान दिने कार्यक्रम भए तापनि बहुसङ्ख्यक भूमिहीन किसानहरू लाभान्वित हुन सकीरहेका छैनन् । त्यसैले भूमिहीन किसानहरूको जीविकोपार्जन सुधारका लागि के कस्ता कृषि विकास कार्यक्रमहरू हुन सक्छन् र कार्यक्रम कार्यान्वयनका लागि नेपाल सरकारले के कस्ता नीति नियमहरू अवलम्बन गर्नुपर्दछ भन्ने बारेमा विश्लेषणात्मक सुझाव दिने उद्देश्यका साथ यो अध्ययन कार्यक्रम गरिएको छ ।

यस अध्ययनको मुख्य उद्देश्य नेपालको वर्तमान अवस्थामा भूमिहीन किसानको अवस्था र विभिन्न सरकार तथा निकायहरूबाट गरिएका कृषिमा आधारित जीविकोपार्जनका कार्यक्रमहरूको समीक्षा गरी उनीहरूको लागि भविष्यमा के कस्तो खेती व्यवसायमा आधारित जीविकोपार्जनका विकल्पहरू पहिचान गर्न सकिन्छ भन्ने रहेको छ । खास खास उद्देश्यमा भूमिहीन किसानहरूका लागि संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालित कृषि विकास कार्यक्रमको अध्ययन एवं विश्लेण गर्ने, कृषि क्षेत्रसँग सम्बन्धित नीति, नियम, कानुनी दस्तावेजमा भूमिहीन किसानहरूका बारेमा गरिएको नीतिगत प्रावधानको बारेमा विश्लेषण गर्ने, र  भूमिहीन किसानहरूको जीविकोपार्जन सुधारका लागि उपयुक्त कृषि विकास कार्यक्रमको पहिचान गरी आवश्यक सुझाव दिने रहेको छ ।

संघ, छ वटा प्रदेश र १५ वटा स्थानीय तह छनौट गरी स्थलगत अध्ययनका आधारमा यो प्रतिवेदन तयार पारिएको छ । यस अध्ययनमा आधारभूत रूपमा गुणात्मक (qualitative) विधिवाट संकलित तथ्यांकको प्रयोग गरिएको छ । दुर्गम अध्ययन क्षेत्र र अति आधारभूत लक्षित वर्गमा गरिएको यस अध्ययनमा संकलन गरिएका गुणात्मक सूचनाहरु क्षेत्रका आधारमा विन्यास गरी पृथक पृथक ढङ्गले विश्लेषण गर्ने प्रकृतिका नभएका कारण एकीकृत रूपमा विश्लेषण गरी प्रस्तुत गरिएको छ ।

प्रायः उच्च जोखिम युक्त सीमान्त जग्गामा भूमिहीन किसानले कृषि उत्पादन गरिरहेका हुन्छन् । भूमिहीन किसानहरुमा उत्पादनका लागि उच्च गुणस्तरको उत्पादनका सामग्रीहरुमा (उन्नत वीउ, विरुवा, नश्ल सुधार, मलखाद, पशु आहार, बिमा सुविधा, पशु औषधी र विषादी आदिमा पहुँच रहेको हुँदैन । पहुँच भए पनि उत्पादन सामग्रीका लागि लगानी गर्न पुँजीको अभाव छ । धितो राख्ने सम्पत्तीको अभावमा उनीहरु उत्पादनका लागि ऋण सेवाबाट वञ्चित रहेका छन् । उनीहरुले उत्पादनका लागि प्रयोग गर्ने जग्गामा सिंचाइ सुविधा छैन । मेसिनको प्रयोग गर्ने क्षमता छैन, आफ्नै मिहिनेत र लगानीमा सिंचाइ तथा मेसीनरी व्यवस्थापन गरेर पनि अर्को वर्ष सोही जग्गामा उत्पादन गर्न पाइन्छ भन्ने निश्चित छैन । भूमिहीन किसानलाई वैज्ञानिक उत्पादन र उत्पादन कार्यको व्यवस्थापन तथा बजार सम्बन्धी ज्ञानको कमी र विभिन्न तहबाट सञ्चालन भइरहेका सरकारी उत्पादन तथा क्षमता विकासका सेवाहरुमा उनीहरुको पहुँच पुगिरहेको छैन । दैनिक जीवन धान्न संघर्षरत भूमिहीन किसानहरु संगठित हुन सकेका छैनन् र उनीहरुको पक्षमा नीति तर्जुमा तथा सेवा सुविधाहरुमा पहुँच बढाउन आफैले पहल गर्न सकेका छैनन् । शिक्षाको कमीका कारण उनीहरुका पक्षमा निर्माण गरिएका नीति, नियम, कानुन र कार्यक्रमबाट जानकारी समेत पाउन सकिरहेका छैनन् । दैनिक जीवन धान्न मुस्किल भूमिहीन किसानहरु कृषि उद्यमशीलता र त्यसको नतिजा प्रति धैर्यता र जोखिम बेहोर्ने क्षमता राख्न सकिरहेका छैनन् ।

भूमिहीन किसानहरुका बीचमा केन्द्रीकृत छलफल गर्दा उनीहरुको कानुनी अधिकारको बारेमा जानकारी नभएको पाइयो । भूमिहीनहरूलाई जग्गा वितरण गर्ने, सार्वजनिक जग्गाहरू भाडामा उपलब्ध गराउने, निजी खेतीयोग्य जग्गा भूमिहीनहरूलाई दीर्घकालका लागि भाडामा उपलब्ध गराउने जस्ता नीतिगत व्यवस्था गरिए पनि त्यसको व्यावहारिक कार्यान्वयन भने हुन सकेको देखिदैन । भूमिहीन किसानहरू जग्गाको स्वामित्व लिनबाट वञ्चित रहेका छन् । अध्ययन गरिएको क्षेत्रमा भूमिहीन तथा सीमान्तकृत कृषकहरूलाई कृषि व्यवसायमा आकर्षण गरी उनीहरूको जीविकोपार्जनमा सुधार ल्याउन गरिएका नीतिगत व्यवस्थाको कार्यान्वयन पक्ष अपेक्षित रूपमा उपलब्धी मूलक हुन सकिरहेको छैन । अध्ययनमा सहभागी भएका प्रतिनिधिमूलक भूमिहीन किसानहरूले विद्यमान नीति र रणनीतिको कार्यान्वयन र त्यसबाट उपलब्ध नतिजाबारे अनविज्ञता प्रकट गरेका छन् । सार्वजनिक कृषि नीतिहरूमा गरिएका कानुनी व्यवस्था र नीतिहरूको कार्यान्वयनका बीचमा रहेको अन्तर नै नेपालमा कृषि भूमि विकासका लागि चुनौती बन्न पुगेको देखिन्छ ।

सरकारबाट विभिन्न समयमा संचालित भूमिहीन किसान लक्षित कृषि सम्बन्धी कार्यक्रमबारे उनीहरूलाई कमै मात्र जानकारी रहेको बताएका छन् । अन्य कार्यक्रमहरुमा सहभागी हुने गरे तापनि भूमिहीन किसानहरू सहभागी हुन सक्ने भए पनि उनीहरूले लाभ लिन सकिरहेको देखिदैन । त्यस्ता कार्यक्रमहरूबाट सुविधा प्राप्तिको लागि पूर्व शर्तहरू पुरा गर्न उनीहरूसँग लालपुर्जा वा अन्य प्रमाणिक कागजातहरू नहुने हुँदा ती सेवाहरूबाट समेत वञ्चित हुनुपरेको छ । अध्ययन क्षेत्रका आसपासमा विगत वर्षहरुमा छिटफुट रूपमा सञ्चालन गरिएका कार्यक्रमहरुले निरन्तरता पाइरहेका छैनन् र सञ्चालित कार्यक्रमको पनि तथ्यपरक अभिलेखीकरण गरिएको पाइदैन । भूमिहीन किसानसँग सम्बन्धित नीति तथा कार्यक्रमहरू बने पनि तिनको परिणामुखी कार्यान्वयन हुन सकिरहेको देखिदैन । एकांकी पहल र प्रतिवद्धता, साझा नीतिको अभाव, नीति अनुसार कार्यक्रम तयार नहुनु, नीति, कार्यक्रम र बजेट बीच तालमेल नहुनु, वितरणमुखी छड्के कार्यक्रम मात्र हुनु, एक वर्ष मात्र कार्यक्रम संचालन गरिनु यसका प्रमुख कारणहरु रहेका छन् ।

राज्यको सामाजिक दायित्वको रूपमा भूमिहीन किसानहरुको जीविकोपार्जन सुधार कार्यक्रम, उत्पादनका लागि उत्पादनशील भूमि व्यवस्था, भूमिहीन किसानको पहिचान, एकीकृत रूपमा संयुक्त प्रयास, सामुहिक भावनाको विकास, भूमिहीन किसान परिवारको क्षमता विकास, उत्पादन सामग्रीमा पहुँच वृद्धि, वित्तीय सेवामा पहुँच, जोखिम न्यूनीकरण र सामाजिक सुरक्षाका कार्यक्रमहरु एकीकृत रूपमा संचालन गरिए मात्र भूमिहीन किसानहरुको जीविकोपार्जनमा सुधारका कायक्रमहरु सफल हुन सक्दछन् । यसकारण भूमिहीन किसान लक्षित कार्यक्रम तयार गर्दा जीविकोपार्जन सुधारका लागि एकीकृत कार्यक्रम, आयआर्जनका श्रोतमा विविधता, सामाजिक सुरक्षा र संरक्षण, खाद्य तथा पोषण सुरक्षा, सामाजिक परिचालन, संसाधनमा पहुँच आदि पक्षका आधार लिनु पर्ने यस अध्ययनले पुष्टि गरेको छ ।

भूमिहीन किसान परिवारको जीविकोपार्जनका न्यूतम आवश्यकता पुरा भएको र आफ्ना बालबालिकाहरु सामाजिक, आर्थिक, सांस्कृतिक र राजनैतिक रूपमा सुरक्षित रहेको उनीहरुले नठान्दासम्म अति विपन्न भूमिहीन किसानहरुको दिगो विकास संभव हुँदैन । ग्रामीण भूमिहीन किसानहरुले आफ्ना परिवारको जीविकोपार्जनका लागि वहुआयमिक चुनौतिको सामना गरिरहेका छन् । उनीहरुको जीविकोपार्जनका लागि विभिन्न विकल्पहरु रहेका छन् । एउटा मात्र विकल्प केन्द्रित कार्यक्रमबाट उनीहरुका समस्याहरुको समाधान सम्भव छैन । यसरी बहु-आयामिक चुनौतीहरूलाई सामना गरिरहेका सीमान्तकृत परिवारहरुको दीर्घकालीन सामाजिक आर्थिक उन्नति गर्न उनीहरुका जीविकोपार्जनका आधारभूत साधनहरु (सम्पत्ती) मा पहुँचको सुनिश्चितता प्रदान हुने गरी संम्भव विकल्पहरुलाई एकीकृत गरी समग्र कार्यक्रमहरु एक द्वार प्रणालीका

माध्यबाट कार्यान्वय गर्नुपर्ने यस अध्ययनको निचोड रहेको छ । यिनै वस्तुगत तत्थ्यहरुलाई आधार मान्दै एकल प्रकृतिका निकाय अनुसार बेग्ला बेग्लै कार्यक्रम भन्दा संवन्धित सबै निककायहरुको साझा प्रयासमा "भूमिहीन किसानहरुको दीर्घकालीन जीवनस्तर सुधारका लागि एकीकृत कार्यक्रम" सुझावको रूपमा प्रस्तुत गरिएको छ ।

जीविकोपार्जनका साधनहरुमा पहुँच सुनिश्चित गराउन उनीहरुलाई समूहमा आवद्ध गर्ने, समूह सञ्चालन, आफ्ना योजनाहरु आफै तर्जुमा गर्ने, आफ्ना हकहितका सवालहरुमा आफै वकालत गर्ने गरी सक्षम र सबल गराउन सामाजिक परिचालनका कार्यहरु सँगसँगै आय आर्जन र श्रोत साधनहरुमा पहुँचको सुनिश्चितता गराउने सुझाव प्रस्तुत गरिएको छ ।

जग्गाविहीन किसानहरूका जीविकोपार्जनका जोखिमहरू न्यूनीकरण गर्न र उनीहरुका परिवारका बच्चाहरुको सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिमा उनीहरुलाई सुनिश्चित बनाउन राज्यले सञ्चालन गर्ने सामाजिक सुरक्षाका कार्यक्रम र आय आर्जनका कार्यक्रमहरु एकीकृत रूपमा सचालन गर्नु पर्दछ ।

खाद्य तथा पोषण सुरक्षा राज्यको दायित्व भएकाले भूमिहीन किसान परिवारका सबै सदस्यले यसको उपयोग निर्वाध रूपमा गर्न पाउनु पर्दछ । यसका लागि स्थानीय संभाव्यता, श्रोत र किसानका क्षमताका आधारमा कृषिसँग संवन्धित खाद्य तथा पोषण सुरक्षाका क्रियाकलापहरु संचालन गर्न उपयुक्त हुन्छ ।

कृषि सम्बन्धी सार्वजनिक नीति तर्जुमा र कार्यान्वयन प्रक्रियामा रहेका कमी कमजोरीलाई न्यूनीकरण गर्दै भविष्यका लागि परिणाममुखी नीति तर्जुमा र कार्यान्वयन प्रक्रियामा गर्नुपर्ने सुधारका लागि उपायहरु समेत यस अध्ययले सुझाएको छ ।

## विषय सूची

प्राक्कथन ........ क
सार संक्षेप........ ख
परिच्छेद १ : परिचय........ १
१.१ अध्ययनको पृष्ठभूमि........ १
१.२ अध्ययनको उद्देश्य ........ १
१.३ अध्ययन क्षेत्र र अपेक्षित उपलब्धीहरु ........ २
१.४. अध्ययनको औचित्य........ २
१.५ अध्ययनका सीमाहरु........ ४
१.६ अध्ययन प्रतिवेदनको स्वरूप ........ ४
परिच्छेद २:........ ५
अध्ययन विधि तथा प्रक्रियाहरू ........ ५
२.१ प्रकाशित कृतिहरुको अध्ययन ........ ५
२.२ स्थलगत अध्ययनका लागि अध्ययन क्षेत्र तथा उत्तरदाता छनौट........ ५
२.२.१ अध्ययन क्षेत्र छनौट ........ ५
२.२.२ सरोकारवालाहरूको नक्साङ्कन तथा उत्तरदाताहरूको छनौट........ ६
२.३ स्थलगत अध्ययन ........ ७
२.३.१ जानकार अन्तर्वार्ता: ........ ७
२.३.२ लक्षित भेटघाट: ........ ७
२.३.३ लक्षित समूह छलफल: ........ ७
२.३.४ मामला अध्ययन: ........ ७
२.३.५ प्रमाणीकरण कार्यशाला गोष्ठी:........ ८
२.४ मस्यौदा अध्ययन प्रतिवेदन: ........ ८
२.५ अन्तिम प्रतिवेदन: ........ ८
परिच्छेद ३ ........ ९
सन्दर्भ सामग्रीको समिक्षा ........ ९
परिच्छेद ४ ........ १७
तथ्यांक प्रस्तुति र विश्लेषण........ १७

४.१ नेपालमा भूस्वामित्वको अवस्था ..... १७
४.२ अध्ययन क्षेत्रको अवस्था ..... १८
४.३ अध्ययनमा सहभागी भूमिहीन किसान र जिवीकोपार्जन ..... १८
४.३.१ अध्ययन क्षेत्रका भूमिहीन किसानहरूको वर्तमान अवस्था ..... १८
४.३.२ भूमिहीन किसानहरुको रोजगारी र आम्दानीका श्रोतहरु ..... २०
४.३.३ भूमिहीन किसानहरुको कृषि उत्पादन र खाद्यान्न आत्मनिर्भरता ..... २०
४.३.४ महिला तथा सीमान्तकृत भूमिहीनहरु ..... २०
४.३.५ भूमिहीन किसानहरुको कृषि उत्पादनका लागि भूमिको व्यवस्था ..... २०
४.३.६ भूमिहीन किसानहरुको उत्पादनका साधनहरुमा पहुँच, उत्पादन जोखिम तथा उत्पादनमा आकर्षणका कारकहरु ..... २१
४.३.७ भूमिहीन किसानहरुका उत्पादन जोखिम ..... २२
४.३.८ भूमिहीन किसानका चाहनाहरु ..... २३
४.४ कृषि क्षेत्रसँग सम्बन्धित नीति, नियम, कानुनी दस्तावेजमा भूमिहीन कृषक सम्बन्धी प्रावधानहरु ..... २४
४.४.१ भूमि सम्बन्धी नीति तथा कानुनहरु र भूमिहीन किसानहरु ..... २४
४.४.२ राष्ट्रिय कृषि सम्बन्धी नीति र भूमिहीन किसानहरु ..... २५
४.५. भूमिहीन किसानहरूका लागि संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालित कृषि विकास कार्यक्रमहरू ..... २७
४.५.१ संघीय सरकारबाट संचालित भूमिहीन किसान लक्षित कृषि सम्बन्धी कार्यक्रमहरु ..... २७
४.५.२ प्रदेश सरकारबाट सञ्चालित भूमिहीन किसान लक्षित कृषि सम्बन्धी कार्यक्रमहरूः ..... २८
४.५.३ स्थानीय पालिकाबाट सञ्चालित भूमिहीन किसान लक्षित कृषि सम्बन्धी कार्यक्रमहरूः ..... २९
४.६ भूमिहीन किसानहरूको नजरमा संघ, प्रदेश र पालिकाबाट संचालित कृषि सम्बन्धी कार्यक्रमहरू ..... ३१
४.७ भूमिहीन किसान लक्षित कृषि सम्बन्धी कार्यक्रम कार्यान्वयनको अवस्था ..... ३१
४.८ भूमिहीन किसान लक्षित कृषि सम्बन्धी जीविकोपार्जन सुधारका कार्यक्रमहरुको मामला अध्ययन ..... ३२
४.९ भूमिहीन किसान लक्षित कृषि सम्बन्धी जीविकोपार्जन सुधारका कार्यक्रमको मामला अध्ययनका सिकाइहरु ..... ३३
४.१० भूमिहीन किसानहरूको जीविकोपार्जन सुधारका लागि उपयुक्त कृषि विकास कार्यक्रमहरू ..... ३४

४.१०.१ भूमिहीन किसानहरूको जीविकोपार्जन सुधारका लागि उपयुक्त कृषि विकास कार्यक्रमहरू छनौटका आधारहरु ........ ३४
४.१०.२ भूमिहीन किसानहरूको जीविकोपार्जन सुधारका लागि उपयुक्त कृषि विकास कार्यक्रमहरू ........ ३६
४.१०.३ भूमिहीन किसानहरूको खाद्य तथा पोषण सुरक्षका लागि उपयुक्त कृषि विकास कार्यक्रमहरू ........ ३७
परिच्छेद ५: निष्कर्ष तथा सुझावहरु ........ ३८
५.१ निष्कर्ष ........ ३८
५.२ सुझावहरु ........ ३८
५.३ सुझाव कार्यान्वयन तालिका ........ ४२
सन्दर्भ सामग्री ........ ४४
अनुसूचीहरु ........ ४७
अनुसूची १: लक्षित समूह छलफलका सहभागीहरुको विवरण ........ ४७
अनुसूची २: जानकार अन्तर्वार्ता र लक्षित भेटघाटका सहभागीको विवरण ........ ५२
अनुसूची ३ : जानकार अन्तर्वार्ताका लागि प्रयोग गरिएको पूर्व तयारी स्मरण सूची ........ ५३
अनुसूची ४ : समूहगत छलफलका लागि प्रयोग गरिएको पूर्व तयारी स्मरण सूची ........ ५८
अनुसूची ५: मामला अध्ययनका लागि प्रयोग गरिएको पूर्व तयारी स्मरण सूची ........ ६४
अनुसूची ६: राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा भूमिहीन किसान लक्षित सफल कार्यक्रमको मामला अध्ययन ........ ६६
अनुसूची ७ : प्रारम्भिक कार्यशालामा सहभागीहरूको सूची ........ ७६
अनुसूची ८ : पृष्टपोषणमा सहभागीहरुको विवरण ........ ७९
अनुसूची ९ : फोटोहरु ........ ८२

# तालिका सूची


तालिका १ : अध्ययनका लागि छनौट गरिएका प्रदेश तथा पालिकाहरूको विवरण.............................५
तालिका २: अध्ययनमा सङ्लग्न सरोकारवालाहरू तथा उत्तरदाताहरूको नक्साङ्कन..........................६
तालिका ३ : नेपालमा भूस्वामित्वको अवस्था.......................................................................१७
तालिका ४ : स्थानीय तहअनुसार भूमिहीन एवं अव्यवस्थित किसानको घरधुरीसम्बन्धी विवरण..........१९

# परिच्छेद १ : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

किसानको हक, हित र अधिकारको संरक्षण र प्रवर्द्धन गर्न एवं कृषि सम्बन्धी नीति, नियम, कानुन तथा योजना तर्जुमा गरी कृषि अनुसन्धान र प्रसारलाई किसान मैत्री बनाउन नेपाल सरकारबाट जारी राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३ अनुसार राष्ट्रिय किसान आयोग गठन भएको हो । उक्त गठन आदेश अनुसार कृषि उत्पादन, उत्पादकत्व अभिवृद्धि गरी किसानको हक हित र अधिकारको संरक्षण एवम् प्रवर्द्धन गर्ने कार्यसँग सम्बन्धित विषयमा नेपाल सरकारलाई सहयोग पुऱ्याउनु आयोगको कर्तव्य रहेको छ । यसै सन्दर्भमा कार्यकारी आदेश अनुसार प्राप्त क्षेत्राधिकार भित्र रही किसानको हक हित र अधिकारको संरक्षण एवम् प्रवर्द्धन गर्नका लागि विभिन्न विषयमा अध्ययन तथा अनुसन्धान गर्ने उद्देश्यका साथ आ .व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार भूमिहीन किसानहरूको जीविकोपार्जन सुधारका लागि उपयुक्त कृषि विकास कार्यक्रमको अध्ययन गर्ने कार्यक्रम रहेको छ ।

नेपालको संविधान २०७२ मौलिक हक अन्तर्गत कृषिको प्रवर्द्धन र किसानका अधिकारको प्रत्याभूति बारे र राज्यको निर्देशक सिद्धान्त तथा नीतिहरू अन्तर्गत पनि कृषि क्षेत्रको विकास किसानका अधिकार, भूमिमा पहुँच तथा गरिबी निवारण लगायतका विषयमा महत्वपूर्ण प्रावधानहरूको व्यवस्था गरेको छ । सरकारी नीति तथा कार्यक्रमबाट ठूला किसान र व्यवसायमा लगानी गर्न सक्ने किसानले मात्रै फाइदा लिइरहेको भन्ने गुनासो आइरहेको छ ।

कृषिको आधुनिकीकरण र उत्पादकत्व वृद्धिको नाममा भूमिहीन किसान सरकारी सेवा सुविधाबाट वञ्चित रहनु परेको छ भन्ने आरोप पनि लाग्ने गरेको पाइन्छ । राष्ट्रिय कृषि गणना २०६९ अनुसार नेपालमा ०.५ हेक्टरभन्दा कम जमिन हुने परिवार करिव ५४.९ प्रतिशत भएको तथ्यलाई विश्लेषण गर्दै ठेक्कामा कृषि भूमि दिने, लिने र जग्गा भाडामा मात्र लिएर जीवनयापन गर्ने किसान परिवारको विशेष गरी सरकारी सेवा अन्तर्गत सहुलियत दरको कृषि ऋण, कृषि औजारमा अनुदान प्रक्रियालाई सरलीकरण र सहजीकरण गरी व्यवस्थित गर्नुपर्ने देखिन्छ । नेपाल सरकारले भूमिहीन कृषकहरूको जीविकोपार्जन सुधारका लागि के कस्ता कार्यक्रमहरू ल्याउनु पर्छ भन्ने कुरामा ध्यान दिन आवश्यकता छ । भूमिहीन किसानहरूलाई नेपाल सरकारले च्याउ खेती, रेशम पालन, मौरी पालन जस्ता कार्यक्रमहरूमा समावेश गरी अनुदान दिने कार्यक्रमहरू भए तापनि बहुसङ्ख्यक भूमिहीन किसानहरू लाभान्वित हुन नसकेको तितो सत्यता रहेको छ । तसर्थ भूमिहीन किसानहरूको जीविकोपार्जन सुधारका लागि के कस्ता कृषि विकास कार्यक्रमहरू हुन सक्छन् र कार्यक्रम कार्यान्वयनका लागि नेपाल सरकारले के कस्ता नीति नियमहरू अवलम्बन गर्नुपर्दछ भन्ने बारेमा विश्लेषणात्मक सुझाव दिने उद्देश्यका साथ यो अध्ययन कार्यक्रम गरिएको छ ।

## १.२ अध्ययनको उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य नेपालको वर्तमान अवस्थामा भूमिहीन किसानको अवस्था र विभिन्न सरकार तथा निकायहरूबाट गरिएका कृषिमा आधारित जीविकोपार्जनका कार्यक्रमहरूको समीक्षा गरी उनीहरूको लागि भविष्यमा के कस्तो खेती व्यवसायमा आधारित जीविकोपार्जनका विकल्पहरू पहिचान गर्ने रहेको छ भने खास उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

- भूमिहीन किसानहरूका लागि संघ, प्रदेश र स्थानीय तहबाट सञ्चाालित कृषि विकास कार्यक्रमहरूको अध्ययन एवं विश्लेण गर्ने ।

- कृषि क्षेत्रसँग सम्बन्धीत नीति, नियम, कानुनी दस्तावेजमा भूमिहीन कृषकहरूको बारेमा गरिएको प्रावधानको बारेमा विश्लेषण गर्ने ।
- भूमिहीन किसानहरूको जीविकोपार्जन सुधारका लागि उपयुक्त कृषि विकास कार्यक्रमहरूको पहिचान गरी आवश्यक सुझाव दिने ।

## १.३ अध्ययन क्षेत्र र अपेक्षित उपलब्धीहरु

यस अध्ययनका क्षेत्र निम्नानुसार रहेको छ ।

- संघ र कम्तीमा ३ वटा प्रदेश (भौगोलिक क्षेत्रको प्रतिनिधित्व हुने गरी) र एक प्रदेशबाट कम्तिमा ५ का दरले जम्मा १५ स्थानीय तहमा स्थलगत अध्ययन छलफल तथा अन्तर्क्रिया गरिएको छ ।
- भूमिहीन किसानहरूको सरकारी सेवा सुविधामा भएको पहुँचको अवस्थाको चित्रण गरिएको छ ।
- कृषि क्षेत्रसँग सम्बन्धित नीति नियम कानुनी दस्तावेजमा भूमिहीन कृषकहरूको बारेमा गरिएको प्रावधानको बारेमा विश्लेषण गरि यस अध्ययनमा समावेश गरिएको छ ।
- प्रदेश र स्थानीय तहबाट भूमिहीन कृषकहरूको जीविकोपार्जन सुधारका लागि सञ्चालन गरिएका कार्यक्रमहरूको अध्ययन गरिएको छ ।
- राष्ट्रिय किसान आयोगमा सरोकारवाला सहितको कार्यशालामा विस्तृत प्रस्ताव पेश गरी पृष्ठपोषण लिई अध्ययन सुरु गरिएको छ । सुरुवाती कार्यशाला गोष्ठी पश्चात तयार भएको प्रतिवेदन राष्ट्रिय किसान आयोगमा पेश गरी प्राप्त पृष्टपोषणका आधारमा यो प्रतिवेदन तयार गरिएको छ ।
- सन्दर्भ सामग्रीहरूको अध्ययन साथै स्थलगत अध्ययनबाट आएका विषयहरूलाई विश्लेषण गरी मस्यौदा तयार पेश गरिएको थियो ।
- तयार गरिएको मस्यौदा उपर विस्तृत रूपमा राष्ट्रिय किसान आयोगसहित सरोकारवालाहरूसँग छलफल तथा अन्तर्क्रिया गर्ने र प्राप्त सुझावहरूलाई समावेश गरी यस अध्ययनको मस्यौदालाई अन्तिम रूप दिईएको छ ।

यस अध्ययन कार्यबाट निम्नअनुसारको उपलब्धी हुने अपेक्षा राखिएको छ ।

क) **उपलब्धी-१ :** भूमिहीन किसानको जीवनस्तर उकास्न उपयुक्त कृषि विकास कार्यक्रमहरूको पहिचान हुनेछ र तहगत रूपमा सरकारले गर्नुपर्ने नीति एवं कार्यहरूको उपयुक्त सुझाव सूची तयार हुनेछ ।

ख) **उपलब्धी-२ :** भूमिहीन किसानहरूका लागि सङ्घ, प्रदेश र स्थानीय तहबाट सञ्चालित कृषि विकास कार्यक्रमहरूको अध्ययन भई अभिलेखीकरण हुनेछ ।

ग) **उपलब्धी ३ :** कृषि क्षेत्रसँग सम्बन्धित नीति, नियम र कानुनी दस्तावेजमा भूमिहीन कृषकहरूको बारेमा गरिएका प्रावधानहरूको सूचीकरण तथा अभिलेखीकरण हुनेछ ।

## १.४. अध्ययनको औचित्य

नेपालमा अहिले पनि भूमिहीन किसानको समस्या जटिल छ । आवश्यकताहरू अनगिन्ती छन् । भूमिलगायतका स्रोतमा पहुँच नभएकै कारण भूमिहीन किसानहरूको जीविकामा समस्या छ । राज्यले हरेक वर्ष भूमिहीन किसानहरूको लागि भूमिको हक दिलाउने, जीविका सहज बनाउन आयआर्जनमूलक कार्यक्रमहरूमा सहयोग गर्ने घोषणा गर्छ । तर कार्यान्वयमा तत्परता नहुँदा भूमिहीनका समस्या बढ्दै छन् ।

भूमिहीन परिवारको जीविका मात्रै होइन, उनीहरूको सन्ततिले राम्रोसँग शिक्षा र स्वास्थ्यमा अवसर पाउन सकेका छैनन् । सीप र क्षमता अनुसारको काम पाउन सकिरहेका छैनन् । यसको मुख्य कारण के हो भने राज्य, राज्य सञ्चालक, राजनीतिक दलहरू ठूलठूला भाषण गर्छन्, आफ्नो राजनीतिक घोषणा पत्र र दस्तावेजहरूमा ठूला अक्षरमा लेख्छन् तर, कार्यान्वयनमा तत्परता देखाउँदैनन् । यसो हुँदा लामो समयदेखि परिवर्तनको पर्खाइमा रहेका भूमिहीनका समस्या समाधान होला भन्दा झन् झन् बढ्दै गइरहेको छ ।

नेपालको संविधानले सबै नेपालीलाई समान दृष्टिले हेरेको छ । कानुनको दृष्टिमा कोही पनि साना-ठूला नहुने भनिएको छ । सबै नेपालीले समान नागरिकको हैसियत पाउने भनिएको छ । तर, कानुनमा लेखिएको विषय पनि भूमिहीन किसानहरूले राम्रोसँग उपयोग गर्न नपाइरहेको अवस्था छ ।

वर्तमान नेपालमा सङ्घीय संरचनाको अभ्यास छ । सङ्घ, प्रदेश र स्थानीय तहको सरकारले राज्य सञ्चालन गरिरहेका छन् । राज्यको स्रोतको परिचालन गरिरहेका छन् । तर, राज्य स्रोतमा केही सीमित र पहुँच भएकाहरूको मात्रै हालीमुहाली रहेका कारण भूमिहीनहरू त्यस्तो सेवा सुविधा र राज्यको स्रोत साधानको उपयोग गर्नबाट वञ्चित भएका छन् । यही कारण भूमिहीनहरूको जीविकोपार्जन लगायत विविध खालका समस्याहरू एक टड्कारो सवालको रूपमा रही आएको छ ।

अर्कोतर्फ सरकारले नीति तथा कार्यक्रम र बजेटमा भूमिहीन लक्षित कार्यक्रम राख्ने तर कार्यन्वयन नहुने र भइहाल्यो भने पनि वास्तविक भूमिहीनसँग त्यस्ता कार्यक्रमहरू नपुग्ने खालको समस्या पनि छन् । जसले गर्दा वास्तविक भूमिहीन किसानहरू राज्यको सेवा र सुविधाबाट वञ्चित भइरहेका छन् ।

त्यसैले नेपालमा रहेका भूमिहीन किसानको अवस्थाको समस्या पहिचान, भूमिहीन किसान लक्षित नीतिगत व्यवस्था, त्यसको कार्यान्वयनको अवस्था, राज्यका विभिन्न निकायहरूले भूमिहीन किसान लक्षित गरी तय गरेका योजना र सञ्चालन गरिरहेका कार्यक्रमहरूको खोजी गर्न र भविष्यमा भूमिहीन किसान लक्षित कृषि एवं जीविकोपार्जनका लागि उचित विकल्पहरू पेश गर्न यो अध्ययन महत्वपूर्ण रहने छ । राष्ट्रिय किसान आयोगले नेपालमा किसानको हक, हित र उनीहरूको वृद्धि विकासको लागि काम गरिरहेको हुँदा यस अध्ययनले सुझावको रूपमा विभिन्न विषयवस्तुलाई सिफारिस गरी राज्यका निकायहरू मार्फत कार्यान्वयन गर्नका लागि सहज हुने छ भन्ने विश्वास लिएका छौं ।

नेपालीहरू दिनानुदिन काम, दाम र मामको खोजीमा विदेसिने क्रम बढ्दो छ । पश्चिम नेपालका अधिकांश मानिसहरू धेरै पहिलेदेखि नै सिजनल (मौषमी) कामदारको रूपमा भारतको विभिन्न ठाउँहरूमा जाने गरेका छन् । उनीहरू अधिकांश भूमिहीन एवं भूमिका स्वामित्व नभएका र साना किसानहरू हुन् । आफ्नो उत्पादनले खान नपुग्ने भएकाले कृषि मजदुरी लगायतका काम गर्नको लागि भारतमा जाने चलन पुरानै रहेको छ । नेपाल सरकारले उपयुक्त विकल्प र अवसरहरू दिन नसक्दा मानिसहरूको श्रमशक्ति बाहिरिने क्रम बढ्दो छ । यसले भविष्यमा अर्थतन्त्रमा नकारात्मक असर पर्नेछ । त्यसैले बेलैमा यस विषयमा सरकार र सम्बन्धित सरोकारवाला पक्षहरू सचेत हुन आवश्यक छ । स्वदेशमै मानिसहरूलाई सीप र क्षमता अनुसारको रोजगारी र जीविकोपार्जनका लागि विभिन्न वैकल्पिक कार्यक्रमहरु सञ्चालन गरी आयमूलक पेशा व्यवसायका अवसरहरू सिर्जना गर्न सकेमा श्रमशक्ति नेपालमै रहने र यसले मुलुकको समग्र विकासमा समेत टेवा पुग्ने देखिन्छ ।

विगतमा मानिसहरु के कस्तो पेशा व्यवसाय गरेर बाँचेका थिए र जीविका के कसरी चलाएका थिए भन्ने विषयको तथ्य स्थानीयसँग गरिएको छलफलका माध्यमबाट आएका विषयवस्तुलाई यस अध्ययनमा सिफारिस

गरिएको छ । यसैले भविष्यमा नीति निर्माता, योजनाविद् र भूमिहीन किसानसँग सम्बन्धित कार्यक्रम र योजना निर्माणका लागि समेत एउटा महत्वपूर्ण अध्ययन तथा सन्दर्भ सामग्री बन्नेछ ।

## १.५ अध्ययनका सीमाहरु

प्रस्तुत अध्ययन राष्ट्रिय किसान आयोगले भूमिहीन किसानहरूको जीविकोपार्जन सुधारका लागि उपयुक्त कृषि विकास कार्यक्रम अध्ययनका लागि तयार गरिएको कार्यसत्रको सीमाभित्र रहेर गरिएको छ। यो अध्ययन तोकिएका स्थानीय तहका भूमिहीन किसानहरूको समस्यासँग केन्द्रित हुनेछ । राज्यका तीनवटै सरकारले तय गरेका भूमिहीन किसानसँग सम्बन्धित कानुनी प्रावधान, लक्षित कार्यक्रम र त्यसको प्रभावकारिताको विषयमा मात्र यो अध्ययन सीमित रहेको छ। प्रस्तुत अध्ययनले वास्तविक भूमिहीन किसानको अवस्थालाई चित्रण गरी उनीहरूको दिगो, सुरक्षित, सम्मानित र मर्यादित जीवनका लागि के कस्ता कार्यक्रमहरू तय गर्दा उनीहरूको जीवनमा परिवर्तन आउँछ भन्ने विषयमा गहन अध्ययन तथा विश्लेषण गरी उपयुक्त सुझावहरू दिनेछ। अध्ययन प्रतिवेदनलाई पूर्णता दिन उपर्युक्त बाहेक यसका अतिरिक्त सीमाहरू निम्नअनुसार रहेका छन् ।

- अध्ययन क्षेत्र फराकिलो हुनु,
- स्रोत साधनको सीमितताका कारण समय र जनशक्ति परिचालनमा समस्या हुनु,
- विषयगत ज्ञानको पूर्णता भएका सूचकहरूको अभाव हुनु,
- भूबनोटको विविधता र सीमित स्थलगत अध्ययन हुनु,
- भाषा, संस्कृति, पेशा र परम्परागत मूल्य मान्यतामा विविधता हुनु,
- सीमित खर्च, समय र जनशक्ति परिचालनबाट गरिने अध्ययनको अध्ययन क्षेत्र (Scope) फराकिलो हुँदा तथ्यगत (Findings) मा पूर्ण हुन नसक्नु,
- सीमित मामिला अध्ययन, सीमित जानकार अन्तर्वार्ता, सीमित स्थलगत अध्ययनका आधारमा कार्यान्वयन योग्य प्रतिवेदन आउन नसक्नु र
- सबै क्षेत्रको समानुपातिक प्रतिनिधित्व गर्न नसक्नु ।

## १.६ अध्ययन प्रतिवेदनको स्वरूप

यस अध्ययन प्रतिवेदनलाई ५ परिच्छेदमा विभाजन गरी प्रस्तुत गरिएको छ। पहिलो परिच्छेद अध्ययनको पृठभूमि, दोस्रो परिच्छेद अध्ययन विधि तथा प्रक्रियाहरु, तेस्रो परिच्छेद सन्दर्भसामाग्रीको समीक्षा (साहित्यको पुनरावलोकन), चौथो परिच्छेद प्राथमिक स्रोतबाट प्राप्त तथ्यांकको विश्लेषण र पाँचौ परिच्छेदमा निष्कर्ष एवं सुझावहरु रहेका छन् ।

# परिच्छेद २:

## अध्ययन विधि तथा प्रक्रियाहरू

यस अध्ययनमा आधारभूत रूपमा गुणात्मक (qualitative) विधिबाट संकलित सूचनाहरुको प्रयोग गरिएको छ । अध्ययनमा निम्नानुसारका विधि र तरिकाहरुको प्रयोग गरिएको छ ।

### २.१ प्रकाशित कृतिहरुको अध्ययन

यस अध्ययनलाई बढी भन्दा बढी वैज्ञानिक, वस्तुनिष्ठ र तथ्यपरक बनाउनको लागि प्राथमिक स्रोत एवं सूचनाको अलावा द्वितीय स्रोतबाट पनि सूचना एवं सामग्रीहरू सङ्कलन गरी पुनरावलोकन गरिएको छ । अध्ययनका क्रममा उपयोग गरिएका सामग्रीलाई सन्दर्भ सामग्री सूचीमा राखिएको छ ।

### २.२ स्थलगत अध्ययनका लागि अध्ययन क्षेत्र तथा उत्तरदाता छनौट

#### २.२.१ अध्ययन क्षेत्र छनौट

भूमिहीन किसानहरुको वास्तविक समस्या पहिचान र समाधानका उपायको खोजीका लागि भौगोलिक विविधतालाई मध्यनजर गरी छ वटा प्रदेश अन्तर्गतका पन्ध्रवटा पालिकालाई अध्ययन क्षेत्रका रूपमा छनौट गरिएको थियो । यिनै पालिका अन्तर्गतका  विभिन्न बस्तीमा पुगी तथ्यांक तथा सूचना सङ्कलन, विश्लेषण र अध्ययनलाई तथ्यपरक बनाउने प्रयास गरिएको छ । तुलनात्मक रूपमा भूमिहीन किसानहरूको अधिक बसोबास रहेका पालिकाहरुलाई यस अध्ययनमा समेटिएको छ । अध्ययनका लागि छनौट भएका पालिकालाई तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका १ : अध्ययनका लागि छनौट गरिएका प्रदेश तथा पालिकाहरूको विवरण

| प्रदेश | जिल्ला | स्थानीय तह | उच्च पहाड | पहाड | भित्री मधेश/ चुरे, भावर | तराई | सङ्ख्या |
|---|---|---|---|---|---|---|---|
| मधेश प्रदेश | सिराहा | धनगढीमाई नगरपालिका | | | | ✓ | १ |
| | महोत्तरी | बर्दिबास नगरपालिका | | | | ✓ | १ |
| बागमती | रसुवा | कालिका गाउँपालिका | ✓ | | | | १ |
| गण्डकी | नवलपुर | मध्यविन्दु नगरपालिका | | | | ✓ | १ |
| लुम्बिनी प्रदेश | दाङ | गढवा गाउँपालिका | | | ✓ | | १ |
| | दाङ | दंगीशरण गाउँपालिका | | | | ✓ | १ |
| | दाङ | बबई गाउँपालिका | | | | ✓ | १ |
| | बाँके | जानकी गाउँपालिका | | | | ✓ | |
| | बर्दिया | गेरुवा गाउँपालिका | | | | ✓ | |
| कर्णाली प्रदेश | सुर्खेत | गुर्भाकोट नगरपालिका | | ✓ | | | १ |
| | सुर्खेत | चौकुने गाउँपालिका | | ✓ | | | १ |
| सुदूरपश्चिम | कैलाली | गौरीगंगा नगरपालिका | | | | ✓ | १ |
| | कञ्चनपुर | वेदकोट नगरपालिका | | | | ✓ | १ |
| | कञ्चनपुर | भीमदत्त नगरपालिका | | | | ✓ | |

| प्रदेश | जिल्ला | स्थानीय तह | उच्च पहाड | पहाड | भित्री मधेश/ चुरे, भावर | तराई | सङ्ख्या |
|---|---|---|---|---|---|---|---|
| | डडेलधुरा | परशुराम नगरपालिका | | ✓ | | | १ |
| जम्मा | | | १ | ३ | १ | १० | १५ |

### २.२.२ सरोकारवालाहरूको नक्साङ्कन तथा उत्तरदाताहरूको छनौट

सरकारी तथा गैरसरकारी निकायका उपलब्ध विभिन्न प्रतिवेदन र अध्ययनका क्रममा समूहगत रूपमा गरिएका छलफल र तिनीहरुले निकालेका निष्कर्षको समीक्षा गरी तीन तहका प्रस्तावित क्षेत्रमा कृषि तथा कृषिमा आधारित जीविकोपार्जनका गतिविधि र कार्यक्रमहरूमा सङ्लग्न सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरूमा सरोकारवालाहरूको सूची तयार गरिएको छ । मुख्य सरोकारवालाको सूची निम्न अनुसार रहेको छ ।

- सार्वजनिक तथा सरकारी संस्थाहरू
- गैरसरकारी संस्थाहरू
- स्थानीय निर्वाचित जनप्रतिनिधिहरू
- भूमिहीन एवम् साना किसानहरू
- भूमि अभियन्ताहरू
- सरोकारवालाहरू

प्रतिवेदनको अध्ययन तथा राष्ट्रिय किसान आयोगका पदाधिकारीहरूसँगको छलफलका आधारमा तयार पारिएको उत्तरदातासहितको सरोकारवालाहरूका नक्साङ्कन तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका २: अध्ययनमा सङ्लग्न सरोकारवालाहरू तथा उत्तरदाताहरूको नक्साङ्कन

| तह | सरोकारवालाहरू | उत्तरदाता सङ्ख्या | उत्तरदाता छनौटका आधार |
|---|---|---|---|
| सङ्घीय तह | राष्ट्रिय किसान आयोग | २ | विषयगत जानकारी अनुसार र वर्तमान जिम्मेवारी |
| | कृषि तथा पशुपंक्षी विकास मन्त्रालय | १ | |
| | कृषि विभाग | १ | |
| | पशु सेवा विभाग | १ | |
| | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | १ | |
| | भूमि अधिकार मञ्च | १ | |
| | सामुदायिक आत्मनिर्भर सेवा केन्द्र | १ | |
| | गाउँपालिका महासंघ | १ | |
| | नगरपालिका महासंघ | १ | |
| | केन्द्रीय कृषि सहकारी संघ | १ | |
| | भूमि व्यवस्था तथा कृषि मन्त्रालय | १ | |

| | | | |
|---|---|---|---|
| प्रदेश तह | प्रदेश स्तरमा भूमिहीन किसानका हकहितमा काम गर्ने संघ संस्थाहरू | १ | विषयगत जानकारी अनुसार र वर्तमान जिम्मेवारी |
| | भूमि अधिकार मञ्चहरू | १ | |
| स्थानीय तह | निर्वाचित जनप्रतिनिधिहरू | १ | |
| | कृषि शाखाहरू | १ | |
| | पालिका स्तरमा भूमि तथा कृषि क्षेत्रमा काम गर्ने संघ संस्थाहरू | १ | |
| | भूमिहीन किसानका समूह तथा सङ्गठनहरू | १ | |

अध्ययन गरिएका पालिकाबाट माथिको तालिका अनुसारका सरोकारवाला निकायबाट तालिकामा तोकिए अनुसारका उत्तरदाता छनौट गरी अध्ययनका क्रममा जानकारी र अन्तर्वार्ता लिइएको थियो । यसरी लिइएका सूचना र जानकारीमा आधारित रही अध्ययन प्रतिवेदन तयार गरिएको छ ।

## २.३ स्थलगत अध्ययन

छनौट गरिएका स्थानीय तह र सम्बन्धित क्षेत्रमा पुगी स्थलगत भ्रमणका आधारमा सूचना तथा तथ्याङ्क सङ्कलन गरिएको थियो । सूचना तथा तथ्याङ्क सङ्कलनका लागि पूर्व तयारी स्मरण सूची (चेकलिष्ट) प्रयोग गरिएको थियो । अध्ययनका लागि छनौट गरिएका स्थानीय तहसँग राम्रो सम्पर्क सूत्र स्थापना गरी छलफलका माध्यमबाट अध्ययनलाई वस्तुनिष्ठ बनाइएको छ । स्थलगत अध्ययनको अवधिमा जानकार अन्तर्वार्ता, लक्षित व्यक्ति तथा समूहसँग भेटघाट, समूहगत छलफल, अवलोकन तथा मामला अध्ययन आदि विधिको प्रयोग गरिएको थियो ।

### २.३.१ जानकार अन्तर्वार्ताः

सरोकारवाला निकायसँग सम्बद्ध विज्ञ तथा अनुभवी व्यक्ति यस अध्ययनको जानकार व्यक्तिहरू हुन् । जानकार व्यक्तिसँगको अन्तर्वार्ताका लागि पूर्व तयारी स्मरण सूची (अनुसूची ३) को प्रयोग गरिएको थियो । अध्ययनका क्रममा जानकार व्यक्तिसँग गरिएको अन्तर्वार्तामा सहभागीहरुको विवरण अनुसूची २ मा प्रयोग उल्लेख गरिएको छ ।

### २.३.२ लक्षित भेटघाटः

अध्ययनको सुरुआती चरणमा केही लक्षित व्यक्तिसँग भेटघाट गरिएको थियो । यस्तो भेटघाट अध्ययन क्षेत्र छनौट, सरोकारवाला नक्साङ्कन, उत्तरदाता छनौट तथा स्थलगत अध्ययनको प्रारम्भिक नतिजाको भरपर्दोपना र सुनिश्चिताका लागि प्रयोग गरिएको थियो ।

### २.३.३ लक्षित समूह छलफलः

अध्ययनका लागि छनौट गरिएका छ वटा प्रदेशका कम्तिमा १/१ वटा भूमिहीन किसानका समूहसँग लक्षित समूह छलफल गरिएको थियो । समूहगत छलफलका लागि अनुसूची ४ अनुसारको स्मरण सूची प्रयोग गरिएको थियो । अध्ययनका क्रममा गरिएका लक्षित समूहका सहभागीहरुको विवरण अनुसूची १ मा र स्मरण सूची अनुसूची ४ मा उल्लेख गरिएको छ ।

### २.३.४ मामला अध्ययनः

अध्ययनका उद्देश्यमा केन्द्रित रही भूमिहीन किसान लक्षित  कृषि सम्वन्धी खाद्य तथा पोषण सुरक्षा, आयआर्जन र जीविकोपार्जन सुधारको उद्देश्यका साथ सञ्चालित केही सफल कार्यक्रमहरुको मामला अध्ययन गरिएको

थियो । पुनरावलोकन गरिएका मामला अध्ययनमा विभिन्न भौगोलिक क्षेत्रको प्रतिनिधित्व हुने गरी र नेपालको धरातलीय यथार्थसँग मेल खाने गरी गरिएको थियो । मामला अध्ययनका लागि प्रयोग गरिएको स्मरण सूची अनुसूची ५ र छानिएका मामला अध्ययनका सिकाइहरु अनुसूची ६ मा उल्लेख गरिएको छ ।

### २.३.५ प्रमाणीकरण कार्यशाला गोष्ठीः

अध्ययनका क्रममा राष्ट्रिय किसान आयोगबाट २ पटक प्रमाणीकरण कार्यशाला गोष्ठी गर्नु पर्ने व्यवस्था बमोजिम पहिलो प्रमाणीकरण कार्यशाला गोष्ठी स्थलगत अध्ययन अगावै सम्पन्न गरिसकिएको थियो भने दोश्रो प्रमाणीकरण कार्यशाला गोष्ठी मिति २०८०।०२।२६ गते स्थलगत अध्ययन पश्चात तयार गरिएको प्रारम्भिक अध्ययन प्रतिवेदन प्रस्तुत गरिएको थियो । पहिलो प्रमाणीकरण गोष्ठीका सहभागीहरुको विवरण अनुसूची ७ (क) र दोश्रो प्रमाणीकरण गोष्ठीका सहभागीहरुको विवरण अनुसूची ७ (ख) मा उल्लेख गरिएको छ ।

## २.४ मस्यौदा अध्ययन प्रतिवेदनः

स्थलगत भ्रमण, छलफल र क्षेत्र सर्वेक्षण पछि तयार गरिएको मस्यौदा प्रतिवेदन दोश्रो प्रमाणीकरण कार्यशाला अगावै सुझाव र पृष्ठपोषणका लागि राष्ट्रिय किसान आयोग समक्ष पेश गरिएको थियो । आयोगबाट प्राप्त सल्लाह, सुझाव र पृष्ठपोषणलाई समावेश गरी दोश्रो प्रमाणीकरण कार्यशालामा प्रस्तुत गरिएको थियो ।

## २.५ अन्तिम प्रतिवेदनः

दोश्रो प्रमाणीकरण कार्यशालाबाट प्राप्त भएका सल्लाह, सुझाव र पृष्ठपोषणलाई समावेश गरी यस अध्ययन प्रतिवेदन तयार गरिएको छ ।

# परिच्छेद ३

## सन्दर्भ सामग्रीको समिक्षा

आफ्नो स्वामित्वमा जमिन नभएका तर जमिनमा नै न्यून पारिश्रमिकमा कृषि कर्म गर्ने मानिसहरू नै भूमिहीन किसानहरू हुन् । ग्रामीण वा शहरी क्षेत्रमा बसोबास गरिरहेका भूमिहीनहरुले जग्गाको स्वामित्व, जग्गाको कार्यकाल र भूमि प्रयोग सम्बन्धी चुनौतीहरूको सामना गरिरहेका छन् । नेपालमा भूमिहीन भनी वर्गीकरण गर्न सकिने मानिसहरूका धेरै समूहहरू छन् ।

राज्य प्रणालीको विकाससँगै भूमिकर र मालपोत तथा जग्गा दर्ता प्रक्रियालाई व्यवस्थित गर्ने उद्देश्यले जमिनको वर्गीकरण गरेदेखि भूमिपति र भूमिहीन किसानको बिजारोपन भएको पाइन्छ । यही प्रावधानले समाजमा भूगोल, जाति, संस्कार तथा संस्कृति र नीतिगत व्यवस्थाका कारण भूमिहीन किसानको जन्म भएको पाइन्छ ।

भूमिहीनताले व्यक्ति र समुदायका लागि गरिबी, खाद्य असुरक्षा, विस्थापन, सामाजिक बहिष्करण र शोषणको जोखिम लगायतका महत्वपूर्ण सामाजिक, आर्थिक र राजनीतिक प्रभाव पारिरहेको छ । नेपालमा सामाजिक न्याय र दिगो विकासका लागि भूमिहीनतालाई सम्बोधन गर्ने र सबै नागरिकको भूमिमा समान पहुँच सुनिश्चित गर्ने महत्वपूर्ण विषय बन्नुपर्दछ । यस सम्बन्धमा भएका संवैधानिक व्यवस्था, भूमि सम्बन्धी व्यवस्था गर्न बनेका विभिन्न भूमि आयोग, कानुनी तथा नीतिगत व्यवस्था र विभिन्न अध्ययन प्रतिवेदन तथा सर्वेक्षणका तथ्य तथा सिफारिसलाई यस अध्ययनमा पूर्व कार्यका रूपमा उपयोग गरिएको छ ।

नेपालको संविधान २०७२ को भाग-४ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत धारा ५१ मा राज्यका नीतिहरू अन्तर्गत (ङ) मा कृषि र भूमि सुधार सम्बन्धी नीति अनुसार (१) भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमि सुधार गर्ने, (२) अनुपस्थित भू-स्वामित्वलाई निरूत्साहित गर्दै जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, (३) किसानको हक हितको संरक्षण र सम्बर्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भू-उपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यावसायीकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने, (४) भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने र (५) कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने भनी उल्लेख गरिएको छ ।

संविधानको सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिमा मुक्त कमैया, कमलरी, हरूवा, चरूवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन वा रोजगारीको व्यवस्था गर्दै पुन:स्र्थापना गर्ने भनी किटानी साथ उल्लेख गरिएको छ ।

भूमिहीन किसान भन्नाले आफ्नो र आफ्नो परिवारको आयआर्जन, श्रोत वा प्रयासबाट जग्गाको प्रवन्ध गर्न नसक्ने व्यक्ति संझनु पर्दछ र सो शब्दले निज प्रति आश्रित परिवारका सदस्यलाई समेत जनाउछ भनी परिभाषित गरिएको छ । त्यसै गरी अव्यवस्थित बसोबासी भन्नाले सरकारी, ऐलानी, पर्ती वा सरकारी अभिलेखमा वन जनाइएको भए तापनि कम्तीमा दश वर्षदेखि आवाद कमोत गरी घर टहरा बनाई बसोबास गरेको भूमि सम्बन्धी ऐन २०२१, दफा ५२ ग. को उपदफा (३) को आधारमा वर्गीकरण गरिएका व्यक्तिलाई सम्झनु पर्दछ भनी परिभाषित गरिएको छ । (https://nlc.gov.np/)

भूमि सम्बन्धी ऐन २०२१ को आठौं र अठारौं संशोधन नियमहरू २०७७ मा भएका मुख्य व्यवस्थाहरू, भूउपयोग नियमावली २०७९, उच्चस्तरीय भूमि सुधार आयोग २०६८ र प्रस्तावित भूमि बैंक सञ्चालन सम्बन्धी संक्षिप्त अवधारणामा भूमिहीन किसानलाई लक्षित गरी तयार गरिएका प्रावधानहरु तल प्रस्तुत गरिएको छ ।

**भूमि सम्बन्धी ऐन २०२१ आठौं संशोधनका मुख्य व्यवस्थाहरु :**

- भूमि सम्बन्धी ऐन २०२१ को आठौं संशोधन दफा ५२ को 'ख' मा भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने भनी (१) भूमिहीन सुकुम्बासीलाई एकपटकका लागि नेपाल सरकारले उपदफा (४) को अधिनमा रही निजहरूले आवाद वा कमोत गर्दै आएको स्थानमा वा नेपाल सरकारले उपयुक्त ठहऱ्याएको अन्य कुनै सरकारी जग्गामा तोकिएको क्षेत्रफलको हदमा नबढ्ने गरी जग्गा उपलब्ध गराइनेछ भनी व्यवस्था गरिएको छ ।
- ऐनको आठौं संशोधनको दफा ५२ 'ख' (२) मा भूमिहीन सुकुम्बासीलाई तोकिएको क्षेत्रफलभन्दा बढी जग्गा आवाद वा कमोत गरी आएको अवस्था रहेछ भने त्यसरी तोकिएको क्षेत्रफल भन्दा बढीको जग्गा यस दफाको अधिनमा रही अन्य भूमिहीन सुकुम्बासीलाई उपलब्ध गराउन वा नेपाल सरकारले अन्य प्रयोजनको लागि उपयोग गर्नेछ भन्ने व्यवस्था गरिएको छ ।
- ऐनको आठौं संशोधनको दफा ५२ 'ख' (३) मा भूमिहीन सुकुम्बासीलाई उपलब्ध गराइएको जग्गा अंशवण्डा र अपुतालीको अवस्थामा बाहेक अन्य कुनै प्रक्रियाबाट दश वर्षसम्म हस्तान्तरण गर्न पाइने छैन र सो अवधी पश्चात समेत त्यस्तो जग्गा स्वामित्व विहीन हुने गरी कुनै व्यहोराले हक हस्तान्तरण गर्न पाइने छैन ।
- ऐनको आठौं संशोधनको दफा ५२ 'ग' मा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने : (१) ऐलानी वा अन्य सरकारी जग्गा वा अभिलेखमा वन क्षेत्र जनिएको भए तापनि आवादीमा परिणत भएको जग्गामा कम्तीमा दश वर्ष अघिदेखि आवाद कमोत गरिआएका अव्यवस्थित बसोबासीलाई एकपटकका लागि नेपाल सरकारले निजहरूले आवाद कमोत गर्दै आएको स्थानमा तोकिएको क्षेत्रफलको हदमा नबढ्ने गरी जग्गा उपलब्ध गराउन सक्नेछ भन्ने व्यवस्था गरिएको छ ।
- ऐनको आठौं संशोधनको दफा ५२ 'ग' (३) को उपदफा (१) बमोजिम अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउँदा निजको आर्थिक अवस्था, बसोबासको स्थिति, जग्गाको प्रकृति, क्षेत्रफल, मूल्याङ्कन, आवाद कमोतको अवधि र अन्यत्र जग्गा भए, नभएको लगायतका आधारमा दस्तुर लिई जग्गाको स्वामित्व उपलब्ध गराउन सक्नेछ भनी उल्लेख गरिएको छ ।

**भूमि सम्बन्धी (अठारौं संशोधन) नियमहरू २०७७ मा भएका मुख्य व्यवस्थाहरू**

- भूमिहीन दलित र सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने (४१ ख) : (१) आयोगले भूमिहीन दलित र भूमिहीन सुकुम्बासीको परिवारलाई आवास वा कृषि प्रयोजनको लागि एक पटकका लागि बढीमा देहाय बमोजिमको क्षेत्रफलको जग्गा उपलब्ध गराउनेछ :
- (क) आवास प्रयोजनको लागि (१) काठमाडौं उपत्यका र महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिकाकाको शहरी क्षेत्रमा १३० वर्ग मिटर (करीब ४ आना) (७ धुर)
- (२) अन्य क्षेत्रमा ३४० वर्ग मिटर (१० आना २ पैसा ३ दाम) (१ कट्टा)
- (ख) कृषि प्रयोजनको लागि (१) तराई र भित्री मधेशमा २ हजार वर्ग मिटर, (३ रोपनी १४ आना ३ पैसा २ दाम) (५ कट्ठा १८ धुर)

- (२) हिमाल तथा पहाडमा ३ हजार वर्ग मिटर (५ रोपनी १४ आना १ पैसा १ दाम) (८ कट्ठा १७ धुर)
- (४१ ग) अव्यवस्थित बसोबासीलाई उपलब्ध गराउने जग्गाको स्थान र क्षेत्रफल
- (क) आवास प्रयोजनको लागि (१) काठमाडौं उपत्यका र महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिकाको शहरी क्षेत्रमा १३० वर्ग मिटर (करिब ४ आना, ७ धुर)
- (२) उपखण्ड (१) मा उल्लिखित क्षेत्रबाहेकको अन्य क्षेत्रमा १ हजार वर्ग मिटर (१ रोपनी १५ आना १ पैसा ३ दाम) (२ कट्ठा १९ धुर)
- (ख) कृषि प्रयोजनको लागि १० हजार वर्ग मिटर (१९ रोपनी १० आना २ पैसा) (१ बिघा ९ कट्ठा १० धुर)
- (७) नियम ४१ च. बमोजिम निर्धारण भएको दस्तुर आर्थिक विपन्नताको कारणले एकमुष्ठ बुझाउन नसक्ने कारण खोली कुनै अव्यवस्थित बसोबासीले आयोग समक्ष निवेदन दिन सक्नेछ । त्यस्तो अव्यवस्थित बसोबासीले तीन बर्षभित्र चुक्ता गर्ने गरी किस्ता तोक्न सक्नेछ । दस्तुर चुक्ता नगरेसम्म आयोगले अव्यवस्थित बसोबासीको नाममा तयार भएको दर्ता स्रेस्ता बमोजिमको जग्गा रोक्का राख्नेछ ।
- ४१ ग. अव्यवस्थित बसोबासीहरूलाई उपलब्ध गराउने जग्गाको स्थान र क्षेत्रफल
- (क) काठमाडौं उपत्यका र महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिकाको शहरी क्षेत्रमा कृषि प्रयोजनको लागि जग्गा उपलब्ध गराइने छैन ।
- (ख) उपनियम १ मा उल्लिखित क्षेत्रफल भन्दा कम क्षेत्रफलमा अव्यवस्थित बसोबासीले बसोबास वा आवाद कमोत गरिआएको भएमा त्यस्तो बसोबास वा आवाद कमोत गरिआएको क्षेत्रफलको हदसम्मको जग्गा निजलाई उपलब्ध गराइनेछ ।
- (ग) ऐनको दफा ५२ ख. को उपदफा (४) मा उल्लिखित जग्गामा बसोबास वा आवाद कमोत गरी आएको अव्यवस्थित बसोबासीलाई सो जग्गा वा त्यसको क्षतिपूर्ति वा सो जग्गाको सट्टामा अन्यत्र कुनै जग्गा उपलब्ध गराइने छैन ।

**भूउपयोग नियमावली २०७९ :** बुँदा १३ जग्गाको चक्लाबन्दी कार्यक्रम : (२) स्थानीय तहले कृषिको आधुनिकीकरण, यान्त्रीकरण, व्यावसायीकरण, सहकारी खेती, सामुहिक खेती तथा सार्वजनिक खेती गर्ने प्रयोजनको लागि जग्गाको एकीकरण गरी चक्लाबन्दी कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

**भूमि बैंक सञ्चालन सम्बन्धी संक्षिप्त अवधारणामा भूमिहीन किसानलाई प्राथमिकता**

- नेपालको संविधानले निर्दिष्ट गरेको भूमि तथा भूमि सुधार सम्बन्धी नीति, सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिमा भूमिको वैज्ञानिक उपयोग सुनिश्चित गर्ने, कृषि कार्यको लागि जग्गामा किसानको पहुँच सुनिश्चित गर्ने, जग्गा बाँझो रहन नदिने, उत्पादन वृद्धि गर्ने लगायत विषयहरू भएको, भूमिहीन, सुकुम्बासी, अव्यवस्थित बसोबासी, मुक्त कमैया, मुक्त हलिया, हरवा चरवाहरूको सामाजिक आर्थिक अवस्थामा सुधार ल्याउने गरी जमिन लगायत प्राकृतिक स्रोतको उपयोग सुनिश्चित गर्ने र समाजवाद उन्मुख आर्थिक व्यवस्था अवलम्बन गरी सीमान्तकृत वर्ग र समुदायको हितमा काम गर्ने । (पृष्ठभूमि)
- जमिन बाँझो रहन नदिने, बाँझो जमिनलाई उत्पादनमा लगाउने, उत्पादन वृद्धि गर्ने, उपयोगमा नरहेको जग्गा न्यून आय भएका गरिब, किसान तथा सीमान्तकृत परिवारहरूलाई निश्चित शर्त र सुविधासहित उपयोग गर्न दिने र त्यस्ता परिवारहरूको आयआर्जन र जीवनस्तरमा गुणात्मक सुधार ल्याउने । (उद्देश्य)

- भूमि बैंकबाट जग्गा उपलब्ध गराइने उपयोग कर्ताहरूको प्राथमिकता निर्धारण गर्ने (पहिलो प्राथमिकतामा ५ कट्ठा भन्दा कम जग्गा हुने दलित, दोस्रोमा मुक्त कमैया वा मुक्त हलिया परिवार, तेस्रो, शहीद परिवार, चौथो राज्यबाट सुविधा परिचयपत्र प्राप्त परिवार, पाँचो, साना किसान (स्थानीय सरकारको भूमिका)

**उच्चस्तरीय भूमि सुधार आयोगले २०६८ असार ४ देखि २९ गते तयार गरेको प्रतिवेदनमा सुझाइएका मुख्य विषयहरू :**

- जमिन प्रकृतिप्रदत्त भएकाले यो अन्तरविरोधको हल गर्न भूमिमा जोत्नेको अधिकार सुनिश्चित हुनुपर्छ र अनुपस्थित भू-स्वामीलाई जमिनबाट अलग गर्नुपर्छ ।
- अहिलेकै स्थितिमा पनि खेती भएको, बाँझो र थप खेतीयोग्य बनाउन सकिने जमिन वास्तविक कृषक परिवारमा समान रूपमा वितरण गर्ने हो भने प्रत्येक परिवारलाई करिब १ हेक्टर (१.५ बिघा वा २० रोपनी) जमिन पुग्ने देखिन्छ । त्यसैले खेती गर्न चाहने सुकुम्बासी तथा भूमिहीन किसानको पहिचान गरी उनीहरूलाई प्रतिपरिवार कम्तिमा १० कट्ठा (करिब ७ रोपनी) र अन्यलाई आवासका निम्ति कम्तिमा १ कट्ठा (करिब १२ आना) जमिन उपलब्ध गराइ विशेष कार्यक्रम अन्तर्गत भू-उपयोगका आधारमा भूमिको वर्गीकरण अगावै गणतन्त्रको उपहारस्वरूप एकपटक भूमिहीनताको अन्त्य गर्नुपर्छ ।
- १५औँ-१६औँ शताब्दीको भू-दास प्रथाको नेपाली संस्करण बँधुवा मजदुरका रूपमा विद्यमान कमैया, हलिया, कमलरी, हरूवा, चरूवाजस्ता लज्जास्पद प्रचलनको पूर्ण रूपमा अन्त्य गरिनुपर्छ । उनीहरूले जसको जमिन जोतेको हो वा जसको घरमा काम गरेको हो तिनै भूमिपतिको जमिनमा उनीहरूको हक कायम गरिनुपर्छ ।
- सामान्यतया एउटा कृषक परिवारले आफ्नो श्रमशक्ति प्रयोग गरेर खेती गर्न सक्ने जमिन मात्र राख्न पाउने गरी हदबन्दी तोक्नुपर्छ ।
- कृषि उत्पादन वृद्धिका लागि आधुनिक विधि र प्रविधि (कृषि औजार, मलखाद, बीउ-बिजन, चक्लाबन्दी, सिँचाइ, सहकारी र फार्मिङ, सूचना-सञ्चार, यातायात र बजार आदि) निर्माण र परिचालन गर्नुपर्छ ।
- कृषिमा उत्पादनका तीन क्षेत्र-सहकारी (Cooperative), सार्वजनिक (Public) र निजी वा कम्पनी (Private) लाई प्रतिस्पर्धात्मक बनाउनुपर्छ । उत्पादक सहकारीलाई प्रोत्साहित गर्न यसमा संलग्न किसानहरूलाई विशेष छुट र सेवाहरू दिनुपर्छ ।
- सबै प्रकारका कृषि श्रमिकहरू माथिको परम्परागत शोषण र उत्पीडन अन्त्य गरी उनीहरूको पेसालाई औद्योगिक मजदुरको जस्तै संस्थागत गरिनुपर्छ । कृषि पेसा र कृषि श्रमिकलाई मर्यादित बनाउनु पर्छ ।
- कृषि र पर्यटनलाई एकअर्कासँग जोड्नु पर्छ । यसअनुरूप ग्रामीण क्षेत्रमै रोजगारीको सृष्टि गरी युवाहरूको विदेश पलायनलाई रोक्नुपर्छ । कृषिलाई उद्योगसँग जोड्नु पर्छ ।

**वैज्ञानिक भूमिसुधार सम्बन्धी उच्चस्तरीय आयोग २०६७ ले तयार गरेको प्रतिवेदनमा भूमिहीन किसान र जीविकोपार्जनको सवालसँग सम्बन्धित विषयहरू (सवाल : ४, भूमिहीन किसान र कृषि श्रमिक, पेज ४४)**

- जीवन निर्वाहका लागि खेतीमा परिश्रम गर्ने तर आफ्नो स्वामित्वमा जग्गा नभएका परिवारको स्वामित्वमा जग्गा उपलब्ध हुँदा जमिनको सही सदुपयोग हुनसक्छ । यसबाट भूमिहीन किसान समुदायको जीविका सुरक्षित हुने, सामाजिक मर्यादा र प्रतिष्ठा अभिवृद्धि हुने, गरिबी घट्ने र कृषि उत्पादनका लागि सक्रिय श्रमशक्ति परिचालन भई उत्पादन वृद्धिमा महत्वपूर्ण योगदान पुग्ने देखिन्छ ।

- ग्रामीण क्षेत्रमा खेती किसानी कार्यमा संलग्न भूमिहीन किसानलाई बसोबास र खेती दुवैलाई हुने गरी जग्गा उपलब्ध गराउने ।
- भूमिहीन किसानहरूलाई उनीहरूको जीवन निर्वाहका लागि भूमिको उपलब्धताका आधारमा घरघडेरी र खेतीपातीका लागि समेत गरी न्यूनतम हिमालमा १० रोपनी, पहाडमा ५ रोपनी र तराईमा ५ कट्ठा जग्गा दिने । यसरी जग्गा उपलब्ध गराउँदा भोग गरिरहेको जग्गा उपयुक्त भए सोही वा राज्यले हदबन्दी कार्यान्वयनबाट प्राप्त गरेको वा अन्य स्रोतबाट उपलब्ध जग्गाको स्वमित्व प्रदान गर्ने व्यवस्था गर्ने ।
- श्रमिकहरूको न्यूनतम ज्याला पुनरावलोकन गरी कृषि श्रमिकलाई उचित ज्याला पाउने व्यवस्था गर्ने ।
- कृषि रोजगारदाता र सरकारको संयुक्त सहयोगमा कृषि श्रमिकको सामाजिक सुरक्षाको सुनिश्चितता गर्न 'कृषि श्रमिक उत्थान कोष' खडा गरी विमा, औषधी उपचार आदिको व्यवस्था गर्ने ।
- कृषि श्रमिकहरूको सेवा सुविधा र तालिमको व्यवस्था राज्यले गर्ने ।

केन्द्रीय तथ्याङ्क विभागका अनुसार आ.व. २०७८/०७९ कुल ग्रार्हस्थ्य उत्पादन (जिडिपी) मा कृषि क्षेत्रको योगदान २३.९५ प्रतिशत रहेको छ । पछिल्लो आर्थिक सर्वेक्षण अनुसार आ.व.०७९/०८० को जीडिपीमा कृषि क्षेत्रको योगदान २४.१ प्रतिशत रहेको छ । पछिल्लो समय कृषि कार्यमा सङ्लग्न जनसङ्ख्या क्रमशः घट्दो क्रममा छ । कृषिमा सक्रिय जनसङ्ख्या घट्दै जाँदा खेतीयोग्य जमिन पनि बाँझो हुने क्रम बढ्दो छ । पछिल्लो १० वर्षमा १३.५ प्रतिशत जनसङ्ख्या कृषिबाट पलायन भएको विभिन्न सर्वेक्षणहरूले देखाएका छन् ।

राष्ट्रको कुल ग्रार्हस्थ उत्पादनको योगदान घट्ने र जमिन बाँझो हुँदै जाने क्रम बढेपछि खाद्यन्न लगायतका दैनिक उपभोग्य वस्तुहरूको आयात बढ्न जान्छ । पछिल्लो समयमा उपभोग्य वस्तुहरूको आयात बढ्दो क्रममा छ । सरकारले कृषि अर्थतन्त्रलाई बलियो र आत्मनिर्भर बनाउने भनेपनि भनाइ अनुसार गराइ मिल्न सकेको छैन । किनकी, युवाहरूको विदेश पलाएन, कृषि क्षेत्रमा गरिएको लगानी भन्दा आम्दानी कम हुने, वास्तविक खेती गर्ने किसानहरूसँग जमिनको स्वामित्व नहुनु आदि कारणले कृषि क्षेत्रमा नकारात्मक असर देखिँदै गएको छ ।

केन्द्रीय तथ्याङ्क विभाग लैङ्गिक तथा सामाजिक तथ्याङ्क शाखाबाट सञ्चालित नेपाल बहुसूचक सर्वेक्षण २०७५/७६ का अनुसार कूल जनसङ्ख्याको १७.४ प्रतिशत मानिसहरू बहुआयामिक गरिबीको रेखामुनि रहेका छन् । गरिबीको मुख्य कारण अधिकांश मानिससँग जमिन (भूमि) को स्वामित्व नहुनु हो । नेपालमा भूमिहीन, सुकुमबासी र साना किसानी गर्ने वर्गको सङ्ख्या अधिक छ । झण्डै ५ लाख नेपाली परिवारसँग आफ्नै जमिनमा घर बनाउने र खेती गरी खान पुग्ने जमिन छैन, (कान्तिपुर, २७ भदौ २०७१) । नेपाल मानव विकास प्रतिवेदन २०२१ को कोभिडपछि ७ लाख मौसमी कामदारहरू आफ्नो रोजगार गुमेपछि गाउँ फर्केका छन् । उनीहरू गाउँ फर्केपछि जीविकोपार्जनको लागि समस्या भोग्दै छन् । यस्तै ५ देखि ७ लाख भूमिहीन सुकुम्बासीहरूले आफ्नो रोजगारी गुमाएका छन् ।

भूमिहीनता गरिबीको एक रूप हो । भूमिहीनता र गरिबी एक भयावह स्थिति पनि हो । समाजमा प्रत्येक मानिसहरूको आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक, शैक्षिक लगायतका पक्षसँग गहिरो सम्बन्ध हुन्छ । यी सम्बन्धहरूमा भूमिहीन समुदायको पहुँच स्वाभाविक रूपमा अन्य समुदायको तुलनामा कमी रहेको छ । हाम्रो समाजमा जति पनि गरिब परिवार छन्, उनीहरू गरिब हुनुको मुख्य कारण उत्पादनको साधन भूमि माथिको स्वामित्व नुहन हो । विभिन्न समयमा राज्यको नीति तथा शक्तिको आडमा रहेकाहरूले आफूखुसी

गरेको भूमि वितरण प्रणाली अन्यायमुखी भएका कारण कमजोर वर्ग जो राज्यका निकायसँग पहुँच राख्न सक्थेनन्, तिनै मानिसहरू भूमिहीन हुन पुगेका छन् ।

भूमि खाद्यवस्तु उत्पादनको प्रमुख साधन हो । हरेक मानव जीवन बाँच्नको लागि दैनिक उपभोग गर्नुपर्ने खाद्यान्न उत्पादन हुने एक मात्र स्रोत भनेको 'भूमि' हो । त्यसैले जो मानिसहरूसँग आफ्नो स्वामित्वमा भूमि हुँदैन, त्यस्ता परिवारको जीविकोपार्जन अति नै कष्ठकर हुन्छ । भूमिहीन परिवारलाई विहान-बेलुकी हातमुख जोर्न पनि धौधौ पर्छ । यसकारण भूमि र जीविकोपार्जनको पक्ष एक-अर्काका अभिन्न अङ्ग हुन् ।

हाम्रो देशका अधिकाशं मानिसहरू कृषि पेशामा आश्रित भएका कारण हरेक परिवारको लागि भूमिको महत्व रहेको छ । यसको सम्बन्ध हरेक मानिसको जीविकोपार्जनसँग गहिरोसँग जोडिएको छ । ग्रामीण भेगमा त मानिसको हैसियत मापन गर्ने चिज तथा पहिचान गर्ने तरिकासमेत भूमिलाई लिइन्छ । यसैले पनि भूमि हुने र नहुनेबीच ठूलो अन्तर रहेको देखिन्छ ।

मानिसलाई विहान-बेलुकी पेट भर्नको लागि सहज रूपमा खाद्य वस्तुको उपलब्धता हुन सक्यो भने उनीहरूको जीविकोपार्जन सहज हुन्छ । हरेक दिन पेटभरी र पोषणयुक्त खाना खान पाएन भने मानव बाँच्न सक्दैन । त्यसैले खाद्यान्न जीवन यापनको महत्वपूर्ण स्रोत हो । खाना पनि उपलब्धताको आधारमा भर पर्छ । कोही परिवारले पर्याप्त खान पाएका छन्, कोही परिवारलाई एक पेट भर्नै समस्या छ । यही भिन्नता छ, भूमि भएका परिवार र नभएका परिवारमा ।

भूमिहीन, साना किसान, हरूवा, चरूवा, मोही किसान, हलिया किसान, महिला किसान आदि परिवार जो रातदिन जमिनमै परिश्रम गर्छन्, तर उनीहरूसँग पर्याप्त जमिन नहुँदा विभिन्न खालका समस्याहरू भोग्न बाध्य छन् । यी वर्गलाई भूमिमा पहुँच पुऱ्याउने, जीविकोपार्जनको लागि विकल्पहरू दिने आदि कार्यमा राज्यले खास चासो दिएर काम गर्न सकेको पनि देखिदैन ।

भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित वसोवासी पहिचान र प्रमाणीकरणको आधार र मापदण्ड २०७८ अनुसार भूमिहीन सुकुम्वासी भन्नाले नेपाल राज्य भित्र आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा जगा जमिन नभएको आफ्नो र आफ्नो परिवारको आयआर्जन, श्रोत वा प्रयासबाट जग्गाको प्रवन्ध गर्न नसक्ने व्यक्ति सम्झनु पर्दछ र सो शव्दले नीज प्रति आश्रित परिवारका सदस्यलाई समेत जनाउंछ भनी परिभाषित गरिएको छ ।

राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदनअनुसार नेपालमा महिलाको नाममा घर र जग्गा दुवै रहेको २३.८% जनसङ्ख्या छन् । महिलाको नाममा घर मात्र रहेको २.३% रहेका छन् । महिलाको नाममा जग्गा मात्र रहेका ९.७% जनसङ्ख्या रहेका छन् । आर्थिक रूपले सक्रिय जनसङ्ख्या १,५६,८९,७७७ रहेका छन् । आर्थिक रूपले निष्क्रिय जनसङ्ख्या ८२,११,०१२ रहेका छन् । कृषि, वन र माछापालन क्षेत्रमा जनसङ्ख्या ५७.३% रहेका छन् । जनगणना २०७८ को प्रतिवेदन अनुसार मानिसहरू रोजगारी र काम, व्यापार/व्यवसाय, अध्ययन/तालिम, विवाह, आश्रित, प्राकृतिक प्रकोप, कृषि आदि कारणले बसाइ सराइ गरिरहेका छन् ।

भूमि प्राकृति सम्पदा र कृषि उत्पादनको प्रमुख साधन पनि हो भन्ने कुरामा कसैको पनि दुई मत छैन । हरेक मानिसको गाँस, बास तथा कपासको प्रबन्ध यसैमाथि जोडिएको छ । तर, यस्तो महत्वपूर्ण साधन भूमि केही सीमित व्यक्तिको स्वामित्वमा अधिकांश सङ्ख्यामा रहँदा बहुसङ्ख्यक नेपालीहरू झन्-झन् गरिब र बेरोजगार बन्दै छन् (उच्चस्तरीय भूमि सुधार (बडाल) आयोग, २०५१, पृष्ठ ९५) ।

वि.सं. २०७६ सालमा देवी ज्ञवाली नेतृत्वमा बनेको भूमिसम्बन्धी समस्या समाधान आयोगको २०७८ को असार मसान्तसम्म आयोगमा ११,८०,७६१ परिवार भूमिहीन तथा अव्यवस्थित परिवारले निवेदन पेश गरेका थिए । वि.स. २०७२ सालमा सारदा प्रसाद सुवेदीको अध्यक्षतामा बनेको सुकुम्बासी समस्या समाधान आयोगमा देशका ७२ जिल्लाबाट ८,६१,३१७ भूमिहीन परिवारले जग्गाको माग राखी निवेदन पेश गरेका थिए ।

जीविकोपार्जनको अधिक स्रोत कृषिलाई मानिने देश नेपालमा २६.१ प्रतिशत कृषिमा आश्रित जनसङ्ख्यासँग खेती गर्ने जमिन छैन । राष्ट्रिय स्तरमा करिव ६० लाख (कुल जनसङ्ख्याको २१ प्रतिशत) मानिस निरपेक्ष गरिबीको रेखामुनि रहन बाध्य छन् ।

यसैले भूमिहीन किसानको जीविकोपार्जनको सवाल टड्कारो समस्या हो । भूमिहीन किसानको लागि जीविकोपार्जनका अन्य वैकल्पिक उपाय एवं व्यवस्थाहरू के कस्तो हुन सक्छन्, विभिन्न ठाउँमा के कस्ता अभ्यासहरू भइरहेका छन्, भूमिहीन किसानहरूको जीविकोपार्जनको लागि के कस्ता उपायहरू हुन सक्छन् भन्ने विषयको मिहीन खोजी र उपायहरू यस अध्ययनको क्रममा खोजिने प्रयास गरिनेछ ।

सरकारी सेवा अन्तर्गत सहुलियत दरको कृषि ऋण, कृषि औजार अनुदान, क्षमता अभिवृद्धिमा अवसर लगायत अन्य अनुदानको कार्यक्रममा भूमिहीन कृषकहरूको पहुँच नगन्य छ । केही ठाउँहरूमा भूमिहीन कृषकहरूलाई सरकारले साना व्यवसायमा सहयोग जस्ता कार्यक्रमहरूमा समावेश गरी अनुदान दिने कार्यक्रमहरू भएता पनि बहुसङ्ख्यक भूमिहीन किसानहरू लाभान्वित हुन सकेका छैनन् । तसर्थ भूमिहीन कृषकहरूको जीविकोपार्जन सुधारका लागि के कस्ता कृषि विकास कार्यक्रमहरू हुन सक्छन्, र कार्यक्रम कार्यान्वयनका लागि तहगत सरकारले के कस्ता नीति नियमहरू अवलम्वन गर्नुपर्दछ भन्ने बारेमा विश्लेषणात्मक सुझाव दिने उद्देश्यका साथ यो अध्ययन गर्न लागिएको हो ।

साथै, नेपालीहरू दिनानुदिन विदेसिने क्रम बढ्दो छ । पश्चिम नेपालका अधिकांश मानिसहरू धेरै पहिलेदेखि नै सिजनल कामदारको रूपमा भारतको विभिन्न ठाउँहरूमा जाने गरेका छन् । उनीहरू अधिकांश भूमिहीन एवं भूमिमा स्वामित्व नभएका र साना किसानहरू बढी छन् । आफ्नो उत्पादनले खान नपुग्ने भएकाले कृषि मजदुरी लगायतको काम गर्नको लागि भारतमा जाने चलन पुरानै रहेको छ । नेपाल सरकारले उपयुक्त विकल्प र अवसरहरू दिन नसक्दा मानिसहरूको श्रमशक्ति बाहिरिने क्रम बढ्दो छ । यसले भविष्यमा अर्थतन्त्रमा नकारात्मक असर पार्ने देखिन्छ । यसैले बेलैमा यस विषयमा सरकार र सम्बन्धित सरोकारवाला पक्षहरू पनि सचेत भई नेपालमै मानिसहरूलाई उपयुक्त रोजगारी, जीविकोपार्जनको लागि विभिन्न विकल्पहरू दिन सकेमा, अवसरहरू सिर्जना गर्न सकेमा श्रमशक्ति नेपालमै रहने र यसले मुलुकको समग्र विकासमा समेत टेवा पुग्ने देखिन्छ । त्यसैले भूमिहीन किसानहरु के कस्तो पेशा व्यवसाय गरेर आफ्नो जीविका चलाएका छन् भन्ने विषयमा  विभिन्न अध्ययन क्षेत्रका लागि छनोट गरिएका स्थानीय तहका सरोकारवालाहरूसँगको अन्तर्वार्ता, प्रश्नावली सर्वेक्षण, समूह छलफल, जानकार सूचकहरुसँगको अन्तर्क्रियाका माध्यमबाट प्राप्त भएका तथ्य तथ्याङ्क र उनीहरुका अनुभवलाई यस अध्ययनमा सिफारिस गरिएको छ । प्रस्तुत अध्ययन कृषि र भूमिहीन किसानका समस्या तथा जीविकोपार्जनसँग सम्वन्धित भएर अध्ययन अनुसन्धान गर्ने अनुसन्धानदाता, नीति, निर्माता र योजनाविद्हरूका लागि महत्वपूर्ण सामग्री हुनेछ ।

नेपालको प्रचलित कानुन र नियम अनुसार भूमिहीन जनताका केही हक र अधिकारहरू छन् यद्यपि यी अधिकारहरूको वास्तविक कार्यान्वयन प्रभावकारी रूपमा हुन सकेको छैन् । नेपालमा भूमिहीनताको

समस्यालाई सम्बोधन गर्नका लागि भू-सुधार नीति, प्रभावकारी भूमि सुशासन र प्रशासन, सामाजिक समावेशीकरण, गरिबी न्यूनीकरण रणनीति, जलवायु परिवर्तन अनुकूलन उपायहरू र सीमान्तकृत र जोखिममा परेका समूहहरूको भूमि अधिकारको संरक्षण लगायतका व्यापक उपायहरू आवश्यक छन् । नेपालमा भूमिहीनताको समस्यालाई सम्बोधन गर्न र समावेशी र दिगो विकासको प्रवर्द्धन गर्न भूमिहीनहरूको लागि भूमिमा पहुँच सुनिश्चित गर्ने, उनीहरूको भूमि अधिकारको संरक्षण, भेदभाव र सीमान्तीकरणलाई सम्बोधन गर्ने र दिगो भूमि व्यवस्थापन अभ्यासहरू प्रवर्द्धन गर्नु महत्वपूर्ण छ ।

भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित वसोवासी पहिचान र प्रमाणीकरणको आधार र मापदण्ड २०७८ अनुसार भूमिहीन सुकुम्वासी भन्नाले नेपाल राज्य भित्र आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा जग्गा जमिन नभएकोलाई बुझाउँछ ।

# परिच्छेद ४

# तथ्यांक प्रस्तुति र विश्लेषण

## ४.१ नेपालमा भूस्वामित्वको अवस्था

भूमि प्रकृतिप्रद सम्पदा र कृषि उत्पादनको प्रमुख साधन पनि हो। हरेक मानिसको गाँस, बास तथा कपासको प्रबन्ध यसैमाथि जोडिएको छ। तर, यस्तो महत्वपूर्ण साधन भूमि केही सीमित व्यक्तिको स्वामित्वमा अधिकांश सङ्ख्यामा रहँदा बहुसङ्ख्यक नेपालीहरू झन्-झन् गरिब र बेरोजगार बन्दै छन्। भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासी पहिचान र प्रमाणीकरणको आधार र मापदण्ड २०७८ अनुसार भूमिहीन सुकुम्वासी भन्नाले नेपाल राज्य भित्र आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा जग्गा जमिन नभएको आफ्नो र आफ्नो परिवारको आयआर्जन, श्रोत वा प्रयासबाट जग्गाको प्रवन्ध गर्न नसक्ने व्यक्ति संझनु पर्दछ र सो शव्दले नीज प्रति आश्रित परिवारका सदस्यलाई समेत जनाउंछ भनी परिभाषित गरिएको छ। त्यसै गरी अव्यवस्थित बसोबासी भन्नाले सरकारी, ऐलानी, पर्ती वा सरकारी अभिलेखमा वन जनिएको भए तापनि कम्तीमा दश वर्ष देखि आवद कमोत गरी घर टहरा वनाई वसोवास गरेका भूमि सम्बन्धी ऐन २०२१, दफा ५२ ग. को उपदफा (३) को आधारमा वर्गीकरण गरिएका व्यक्तिलाई सम्झनु पर्दछ भनी परिभाषित गरिएको छ।

भूमि कृषि उत्पादनको प्रमुख साधन हो र असमान भूस्वामित्वका कारण अधिकांश कृषिमा आधारित परिवारहरु खेती गर्नका लागि भूमि विहीन रहनुपरेको छ। राष्ट्रिय कृषि गणना २०६९ अनुसार भूस्वामित्वको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ३ : नेपालमा भूस्वामित्वको अवस्था

| क्र.स. | जमिनको स्वामित्व | परिवार संख्या | स्वामित्वमा रहेको जमिनको क्षेत्रफल (हे.) |
|---|---|---|---|
| १ | जग्गा विहीन | ११५५३८ | ३११९.३० |
| २ | ०.१ हे. भन्दा कम क्षेत्रफल | ३५५,५४९ | २०,०७६.५० |
| ३ | ०.१ हे. देखि ०.२ हे. भन्दा कम | ४६१,९५७ | ६८,१६१.८० |
| ४ | ०.२ हे. देखि ०.५ हे. भन्दा कम | १,१६९,५०३ | ३९६,७२०.९० |
| ५ | ०.५ हे. देखि १ हे. भन्दा कम | ९८४,०२२ | ६९५,०६०.१० |
| ६ | १ हे. देखि २ हे. भन्दा कम | ५४८,९७४ | ७४९,८१०.०० |
| ७ | २ हे. देखि ३ हे. भन्दा कम | १२९,३६४ | ३०८,५६८.५० |
| ८ | ३ हे. देखि ४ हे. भन्दा कम | ३९,५०७ | १३४,३५३.१० |
| ९ | ४ हे. देखि ५ हे. भन्दा कम | १४,८८१ | १३४,३५३.१० |
| १० | ५ हे. देखि १० हे. भन्दा कम | १०,७४४ | ६९,१७७.१० |
| ११ | १० हे. भन्दा वढी | १०५४ | १५२२७.२० |
|  | **जम्मा** | **३८३१०९३** | **२५२५६३९.२०** |

श्रोतः तत्थ्यंक विभाग, २०१३

राष्ट्रिय कृषि गणना २०६९ अनुसार नेपालमा १,१५,५३८ परिवार जग्गा विहीन रहेका छन भने ३,५५,५४९ परिवारको नाममा ०.१ हे. भन्दा कम जग्गा रहेको छ । नेपालमा ५४.९ प्रतिशत परिवारको स्वामित्वमा १९.३ प्रतिशत मात्र जग्गा रहेको छ भने १.७ प्रतिशत परिवारको नाममा ११.२ प्रतिशत जग्गा रहेको छ । असमान भूस्वामित्वका कारण नेपालका भूमिमा उत्पादन गर्ने किसानहरु खेतीका लागि जग्गा विहीन रहेका छन् ।

### ४.२ अध्ययन क्षेत्रको अवस्था

यस अध्ययनमा तराई, मध्य पहाड र उच्च पहाडको प्रतिनिधित्व हुने गरी ६ वटा प्रदेशका १५ वटा पालिका छनौट गरिएको थियो । अध्ययनमा संलग्न पालिकाहरुको भौगोलिक, सामाजिक, आर्थिक, रोजगारी, जग्गा, जग्गाको स्वामित्व र कृषि उत्पादन तथा खाद्यान्नमा आत्मनिर्भरताको अवस्थाबारे यस प्रतिवेदनमा प्रस्तुत गरिएको छ ।

प्रस्तुत अध्ययन तराई, भित्री मधेस, चुरे क्षेत्र, पहाड र उच्च पहाड क्षेत्रका स्थानीय तहहरू छनौट गरी गरिएको छ । यसरी फरक भूगोल, फरक परिवेशको स्थानीय तहहरूको छनौट गरी अध्ययन गर्दा यसले यी फरक ठाउँमा बसोबास गर्ने मानिसहरू, त्यसमा पनि भूमिहीन किसानको अवस्था, उनीहरूको जीविकोपार्जनको वर्तमान अवस्था र आवश्यकता बुझ्न मद्दत गर्दछ । प्रस्तुत प्रतिवेदनले सिफारिस गर्ने विषयवस्तु मुलुक भरका भूमिहीन तथा सुकुम्बासी किसान परिवारलाई समेट्ने गरी जीविकोपार्जनमूलक कृषि कार्यक्रम योजना तर्जुमा र कार्यान्वयन गर्न गराउनको लागि मद्दत पुग्नेछ ।

यस अध्ययनको क्रममा सिराहाको धनगढीमाई नगरपालिका, महोत्तरीको बर्दिबास नगरपालिका, रसुवाको कालिका गाउँपालिका, नवलपुरको मध्यविन्दु नगरपालिका, दाङको गढवा गाउँपालिका, दंगीशरण गाउँपालिका र बबई गाउँपालिका, बाँकेको जानकी गाउँपालिका, बर्दियाको गेरूवा गाउँपालिका, सुर्खेतको गुर्भाकोट नगरपालिका र चौकुने गाउँपालिका, कैलालीको गौरीगंगा गाउँपालिका, कञ्चनपुरको वेदकोट नगरपालिका र भीमदत्त नगरपालिका र डडेलधुराको परशुराम नगरपालिका छनौट गरी अध्ययन गरिएको छ ।

## ४.३ अध्ययनमा सहभागी भूमिहीन किसान र जिवीकोपार्जन

### ४.३.१ अध्ययन क्षेत्रका भूमिहीन किसानहरूको वर्तमान अवस्था

अध्ययन क्षेत्रमा भूमिहीन किसानको सङ्ख्या ठूलो रहेको देखिन्छ। अध्ययन गरिएका १५ वटा स्थानीय तहका कुल घरधुरी संख्या १ लाख ६४ हजार ४ सय ५४ मध्ये ८७ हजार १ सय ५ घरधुरी भूमिहीन एवं अव्यवस्थित किसानका रूपमा रहेका छन् । यसरी हेर्दा ५३ प्रतिशत घरधुरीसँग भूमिसम्बन्धी समस्या जोडिएको छ । उनीहरू कृषि पेशा गर्छन् तर उनीहरुले भूमिमाथिको स्वामित्वसँग समस्या भोगिरहेका छन् । कतिपय घरधुरीसँग आफ्नो स्वामित्वमा घर जग्गा र खेती गरी खाने जमिनको स्वामित्व छैन भने कतिपय परिवारसँग आफ्नो स्वामित्वको जग्गामा घरबास भएपनि खेतीपाती गर्ने जमिनको स्वामित्व छैन ।

जब किसानसँग उत्पादन गर्ने साधन भूमिको स्वामित्व हुँदैन तब प्रत्यक्ष रूपमा उनीहरूको जीविकोपार्जनमा समस्या आउँछ। अध्ययनको क्रममा यी क्षेत्रमा पनि भूमिहीनको जीविका कष्टकर रहेका बढीजसो मानिसहरू कृषि मजदुरीमा रहेको अवस्था देखिन्छ। उल्लेखित घरधुरीले आआफ्नो स्वामित्वमा भूमि दर्ता गर्नको लागि निवेदन दर्ता गराएका छन् ।

तालिका ४ : स्थानीय तहअनुसार भूमिहीन एवं अव्यवस्थित किसानको घरधुरीसम्बन्धी विवरण

| प्रदेश | जिल्ला | स्थानीय तह | जम्मा परिवार सङ्ख्या (२०७८) | भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीको घरधुरी (२०८० वैशाख) |
|---|---|---|---|---|
| मधेश प्रदेश | सिरहा | धनगढीमाई नगरपालिका | १०,८४२ | २,९७७ |
| | महोत्तरी | बर्दिबास नगरपालिका | १६,८२४ | ९६६७ |
| बागमती | रसुवा | कालिका गाउँपालिका | २,४४७ | १९ |
| गण्डकी | नवलपुर | मध्यविन्दु नगरपालिका | १५,४३० | ७६६८ |
| लुम्बिनी प्रदेश | दाङ | गढवा गाउँपालिका | ९,९६४ | ७४८२ |
| | दाङ | दंगीशरण गाउँपालिका | ५,८२५ | ३८१० |
| | दाङ | बबई गाउँपालिका | ७,५२७ | ६२२८ |
| | बाँके | जानकी गाउँपालिका | ८,८२६ | २६२९ |
| | बर्दिया | गेरूवा गाउँपालिका | ७,७६२ | २४८१ |
| कर्णाली प्रदेश | सुर्खेत | गुर्भाकोट नगरपालिका | ११,७९८ | ६२१७ |
| | सुर्खेत | चौकुने गाउँपालिका | ५,३३६ | ५०१४ |
| सुदूरपश्चिम | कैलाली | गौरीगंगा नगरपालिका | १३,७८१ | १२३४८ |
| | कञ्चनपुर | वेदकोट नगरपालिका | १२,५९५ | ९५४१ |
| | कञ्चनपुर | भीमदत्त नगरपालिका | २७,५७० | ७८३० |
| | डडेलधुरा | परशुराम नगरपालिका | ७७,४३४ | ३७९६ |
| | | **जम्मा** | **२३३९५१** | **८७७०७** |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८ र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रद्वारा २०८० वैशाख महिनामा संकलित विवरण* (नोट: भूमि सम्बन्धी ऐन २०२१ को आठौं संशोधनले परिभाषित गरेका भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीको घरधुरीलाई राष्ट्रिय भूमि आयोग र स्थानीय सरकारबीच समझदारीमा भइरहेको जग्गा व्यवस्थापन एवम् दर्ता अभियान सञ्चालन भइरहेकोबाट लिइएको तथ्याङ्क विवरण)

आफ्नो स्वामित्वमा आवासको लागि वा जीविकोपार्जनका लागि जग्गा नभएका श्रममा आधारित कृषि तथा गैर कृषिबाट आफ्नो र परिवारको जीविकोपार्जन चलाइ रहेका परिवार **भूमिहीन** हुन् । ती मध्ये उत्पादनशील जमिनको स्वामित्व नभएका तर कृषि वा पशु उत्पादन कार्यबाट जीविकोपार्जन चलाइरहेका परिवार **भूमिहीन किसान** हुन् । अध्ययन गरिएका क्षेत्रका भूमिहीन किसानहरूसँग उत्पादन कार्यका लागि जमिनको स्वामित्व रहेको छैन । अरुको जग्गामा कृषि, कृषि मजदुरी र अन्य मजदुरीबाट जीवन धानीरहेका छन् ।

आफ्नो नाममा उत्पादनशील जग्गाको स्वामित्व नहुँदा उनीहरु विभिन्न सरकारी सेवाबाट वञ्चित रहेका छन् । आर्थिक अवस्था र श्रोतमाथि पहुँच नहुनाले उनीहरूका सन्तान शिक्षा तथा वृत्ति विकासका अवसरबाट वञ्चित रहेका छन् । आफ्नो नाममा जग्गाको स्वामित्व, लालपुर्जा नभएका कारण तराई क्षेत्रका दलित सुकुम्बासीहरू नागरिकता पाउनबाट वञ्चित भएका छन् जसका कारण सदियौँदेखि गैर नागरिकको रूपमा

बाँचिरहेका छन् र राज्यले प्रदान गर्ने सेवाबाट वञ्चित रहेका छन् । जसको परिणाम भूमिहीन किसान परिवारको जीविकोपार्जनको मुख्य स्रोत ज्याला मजदुरी, परम्परागत पेशा तथा थोरै मात्रामा वैदेशिक रोजगारी रहेको छ । बढ्दो महंगी, उत्पादनका साधनहरूमा पहुँचको कमी र स्थानीय स्तरमा सीमित मात्रामा आयआर्जनका अवसरहरूका कारण कठिन जीवन बिताइरहेका छन् । संविधानमा भूमिहीन किसान तथा अव्यवस्थित बसोबासीका लागि कानुन बनाउने, कृषि नीतिका माध्यमबाट भूमिहीनलाई जमिन उपलब्ध गराउने र आर्थिक रूपले सबल गराउन आयआर्जन तथा जीविकोपार्जन सुधारका कार्यक्रम सञ्चालन गर्ने प्रतिवद्धता व्यक्त गरिएको भए पनि परिणाममुखी कार्यान्वयन हुन सकेको छैन ।

### ४.३.२ भूमिहीन किसानहरुको रोजगारी र आम्दानीका श्रोतहरु

अध्ययन क्षेत्रका भूमिहीन परिवारको रोजगारी आफ्नै कृषि उत्पादन र कृषि श्रमिक, गैर कृषि श्रमिक र अन्य वैदेशिक रोजगार, स्व-रोजगार आदि रहेको पाइन्छ। भूमिहीनहरूको ठुलो हिस्साले कृषि तथा गैर कृषि क्षेत्रमा दैनिक ज्यालादारीको रूपमा काम गरिरहेका छन् । आफ्नै कृषि उत्पादन कार्यमा लाग्दा उत्पादनका साधनहरूमा कमजोर पहुँच, लगानीको लागि पुँजीको अभाव, नगद आम्दानीका लागि बाली अवधिभर गर्नुपर्ने र नगदमा भित्रिएको उत्पादन बचत नहुने, कृषि उत्पादनमा बढी जोखिम हुँदा भूमिहीनहरू कृषि उत्पादन कार्यमा अपेक्षित रूपमा उत्साहित रहेका छैनन् । उनीहरूको जीविकोपार्जनका लागि दैनिक नगदको आवश्यकता पुरा गर्न उनीहरू दैनिक ज्यालादारीका काम गर्न बाध्य छन् ।

### ४.३.३ भूमिहीन किसानहरुको कृषि उत्पादन र खाद्यान्न आत्मनिर्भरता

अध्ययन क्षेत्रका भूमिहीन किसानहरूलाई उत्पादित खाद्यन्न उनीहरूका परिवारलाई वर्ष भरी खानको लागि पर्याप्त भइरहेको छैन । भूमिहीन किसानहरू उत्पादनबाट हुने आयश्रोत नपुग भएका कारण आफ्नो परिवारलाई आवश्यक खाद्यन्न दैनिक ज्यालादारी, नगद सापटी, ऋण कर्जा र उधारोबाट नगद जम्मा गरी खरिद गर्दछन् ।

### ४.३.४ महिला तथा सीमान्तकृत भूमिहीनहरु

एक अध्ययनका अनुसार नेपालमा २२.७ प्रतिशत परिवार जग्गा विहीन रहेका छन् जुन राष्ट्रिय कृषि गणना सन् २०११/०१२ को प्रतिवेदन २४.३ प्रतिशतसँग मिल्दो जुल्दो रहेको छ। उक्त अध्ययनका अनुसार तराई दलित परिवारको ५० प्रतिशत, पहाडी दलितको ४० प्रतिशत, तराई जनजातिको २२.५ प्रतिशत र पहाडी जनजातिको २०.९ प्रतिशत परिवार जग्गा विहीन रहेका छन् । यी सूचकांकको आधारमा भूमिहीनता मुख्य गरी तराई तथा पहाडी दलित र जनजातिमा केन्द्रित समस्या रहेको छ । भूमिहीन किसानहरुको पुरुष सदस्यहरु स्थानीय गैर कृषि कार्यमा ज्यालादारी र महिला सदस्यहरु खेतीपाती, कृषि श्रमिकको रूपमा ज्यालादारी र अदक्ष श्रमिक र घरायसी काममा ज्यालादारी गर्दछन् । आफ्नो घरको घरायसी कार्य, आफ्नै कृषि र अदक्ष श्रमिकको रूपमा काम गर्ने हुँदा पुरुष सदस्यको भन्दा महिला सदस्यको कार्य बोझ बढी रहेको छ ।

### ४.३.५ भूमिहीन किसानहरुको कृषि उत्पादनका लागि भूमिको व्यवस्था

भूमिहीन किसानहरुको आफ्नो स्वामित्वमा उत्पादनशील भूमि नहुने हुँदा उनीहरुलाई खेती वा पशुपालनका लागि आवश्यक भूमि विभिन्न तरिकाबाट आफैले व्यवस्थापन गर्ने गरेका छन् । भूमिहीनलाई जग्गा उपलब्ध गराउने उद्देश्यका लागि धेरै आयोगहरु बने, ऐन, कानुन र नीतिहरु बनाइए पनि हालसम्म उनीहरुकै स्वामित्व र नियन्त्रण रहने गरी जमिन उपलब्ध हुन सकेको छैन । सरकारी वा निजी जमिन कृषि उत्पादनका लागि भूमिहीन किसानलाई सहयोग गर्न दिने व्यावहारिक नीति तथा कार्यविधि समेतको अभाव रहेको छ । यस अवस्थामा भूमिहीन किसानहरुले कृषि/पशु उत्पादन गर्ने जग्गा, उत्पादनको बाडफाँड (share cropping), उत्पादन बुझाउने शर्तको हेक्का, वार्षिक भाडामा निजी वा सार्वजनिक जग्गा, सामुहिक खेतीका लागि

सार्वजनिक जग्गा आदि विधिबाट व्यवस्थापन गर्दै आएका छन् । निजी जमिन भाडामा लिदा भाडा दर, अवधि र आय शर्तहरुका बारेमा बाध्यत्मक कानुनी व्यवस्था नभएको हुँदा, भाडामा दिने वा नदिने सम्पूर्ण अधिकार जमिन्दारहरुमा निहित रहने हुँदा भूमिहीनहरुको भन्दा जमिन्दारका शर्तहरु हाबी हुन्छन् । मोहियानी वा भूमिहीनहरुमा जग्गा नछाड्ने भयले धेरै जसो जमिन्दारहरु जग्गा कमाउन वा भाडामा दिन तयार हुँदैनन् बरु आफ्नो जग्गा बाँझो राख्दछन् । प्रायः जसो उत्पादनशील जग्गा आफैले प्रयोग गर्दछन् वा आफ्ना विश्वासिला व्यक्तिहरुलाई दिन्छन् र भूमिहीन किसानहरुलाई नराम्रो, कम उत्पादनशील र सीमान्त जमिन मात्र दिने गर्दछन् । रुखो जग्गा मलिलो गराउन भूमिहीन किसान लगानी गर्न बाध्य हुन्छन् तर सुधार हुने वित्तिकै जमिन्दार उनीहरुलाई दिन राजी हुँदैनन् ।

सरकारी वा सार्वजनिक उत्पादनशील जग्गाको व्यवस्थापन समाजका सबैभन्दा कमजोर वर्ग वा भूमिहीन किसानहरुलाई उपलब्ध गराउनै पर्ने नीतिगत व्यवस्था बन्न सकेको छैन । त्यसैले त्यस्ता जग्गाहरु कि त बाँझै छन् कि त कम प्रयोग (under utilized) रहेका छन् । सार्वजनिक निकायबाट भाडामा दिइएका जमिनहरुको भाडा प्रक्रियामा प्रभावशाली समूहको प्रभाव रहन गई भूमिहीन किसानहरुले पाउन सकेका छैन ।

भूमिहीन तथा सीमान्त किसानहरुले उत्पादन गर्ने जमिन नदी किनार, वनक्षेत्रको आसपास, सिंचाइ सुविधा नभएका स्थानमा मात्र मिल्ने हुँदा अतिवृष्टि वा अनावृष्टि, रोग किराको महामारी र जंगली वा छाडा पशु आदिबाट बढी जोखिममा रहेका हुन्छन् र कतिपय अवस्था पूर्ण रूपमा बाली नष्ट हुने गरेको पनि छ । यसरी उत्पदान नभएको अवस्थामा पनि उनीहरुले जमिन प्रयोगका शर्तहरु पालना गर्न बाध्य हुन्छन् ।

जग्गा धनीले आफूसँग भएको सबै जग्गा एक जनालाई मात्र नदिइ थोरै थोरै मात्रामा बाँडेर धेरै जना भूमिहीन र सीमान्तकृत किसानहरुलाई दिने गर्दछन् जसका कारण भूमिहीन किसानहरुले आफूले कमाउन सक्ने जति जग्गा एउटै जग्गा धनीबाट एकै स्थानमा पाउन सक्दैनन् । भूमिहीन किसानहरुलाई जग्गा शर्त सहित कमाउन दिँदा एक वर्षका लागि मात्र दिन्छन् र हरेक वर्ष परिर्वतन गरीरहने हुँदा भूमिहीन किसानहरुलाई हरेक वर्ष नयाँ जग्गा खोज्ने र सुधार गरिरहनु पर्ने बाध्यता रहेको छ ।

### ४.३.६ भूमिहीन किसानहरुको उत्पादनका साधनहरुमा पहुँच, उत्पादन जोखिम तथा उत्पादनमा आकर्षणका कारकहरु

आफ्नो स्वामित्व र नियन्त्रणमा रहने गरी उत्पादनशील जमिनमा पहुँच नभएका भूमिहीन किसानहरु अति विपन्न किसान हुन् । यस प्रतिवेदनमा उनीहरुले कमाइरहेको जग्गा र सामना गरिरहेका उच्च जोखिमका बारेमा छलफल गरी सकिएको छ । प्रायः उच्च जोखिमयुक्त सीमान्त जग्गामा भूमिहीन किसानले कृषि उत्पादन गरिरहेका हुन्छन् । भूमिहीन किसानहरुमा उत्पादनका लागि उच्च गुणस्तरको उत्पादनका सामग्रीहरुमा (उन्नत वीउ, विरुवा, नश्ल सुधार, मलखाद, पशु आहार, बिमा सुविधा आदि पशु औषधी र विषादी आदिमा पहुँच रहेको छैन । पहुँच भए पनि उत्पादन सामग्रीका लागि लगानी गर्न पुँजीको अभाव छ । धितो राख्ने सम्पत्तीको अभावमा उनीहरु उत्पादनका लागि ऋण सेवाबाट वञ्चित रहेका छन् । उनीहरुले उत्पादनका लागि प्रयोग गर्ने जग्गामा सिंचाइ सुविधा छैन । मेसिनको प्रयोग गर्ने क्षमता छैन, आफ्नै मिहिनेत र लगानीमा सिंचाइ तथा मेसीनरी व्यवस्थापन गरेर पनि अर्को वर्ष सोही जग्गामा उत्पादन गर्न पाइन्छ भन्ने निश्चित छैन । भूमिहीन किसानलाई वैज्ञानिक उत्पादन र उत्पादन कार्यको व्यवस्थापन तथा बजार सम्बन्धि ज्ञानको कमी र विभिन्न तहबाट सञ्चालन भइरहेका सरकारी उत्पादन तथा क्षमता विकासका सेवाहरुमा उनीहरुको पहुँच पुगिरहेको छैन । दैनिक जीवन धान्न संघर्षरत भूमिहीन किसानहरु संगठित हुन सकेका छैनन् र उनीहरुको पक्षमा नीति तर्जुमा तथा सेवा सुविधाहरुमा पहुँच बढाउन आफैले पहल गर्न सकेका छैनन् । शिक्षाको कमीका कारण उनीहरुका पक्षमा निर्माण गरिएका नीति, कानुन र कार्यक्रमबाट

जानकारी समेत पाउन सकिरहेका छैनन् । दैनिक जीवन धान्न मुस्किल भूमिहीन किसानहरु कृषि उद्यमशीलता र त्यसको नतिजा प्रति धैर्यता, जोखिम बेहोर्ने क्षमता राख्न सकिरहेका छैनन् ।

भूमिहीन किसानलाई कृषि उत्पादनमा लागिरहन उनीहरुकै बीचमा विभिन्न कारकहरुले प्रोत्साहित गरिरहन्छ भन्ने मान्यता राख्दछन् । उनीहरुले नै व्यक्त गरेका कृषि उत्पादनमा आकर्षणका कारकहरु यस प्रकारका रहेका छन् :

- उत्पादनशील भूमिको सुनिश्चतताः सरकारद्वारा उनीहरुकै स्वामित्वमा रहने गरी उत्पादनशील भूमिको व्यवस्था वा लामो अवधिका लागि सार्वजनिक वा निजी जग्गा कानुनी मान्यता सहित सस्तो र सुलभ तरिकाले उपलब्ध भएमा उनीहरु कृषि उत्पादन गर्न आकर्षित हुन्छन् ।
- कृषि भूमिको गुणस्तर विकासमा सहयोग : भूमिहीन किसानले उत्पादनका लागि प्रयोग गर्ने जग्गाको उच्च उत्पादकत्व लिन सक्ने गरी गुणस्तर सुधार गर्न उनीहरुसँग लगानी क्षमता नभएका कारण यस कार्यका लागि सहयोग आवश्यक हुन्छ भन्ने पक्षमा उनीहरु विश्वस्त हुन सकेको खण्डमा उनीहरु कृषि उत्पादन प्रति आकर्षित हुन्छन् ।
- उत्पादनका सामग्रीहरुमा पहुँचको सुनिश्चितता : सरकारबाट प्रदान गरिने उत्पादनका सामग्री तथा सेवाहरुमा उनीहरुको पहुँच न्यून रहेको छ । निजी क्षेत्रबाट बजारमा उपलब्ध हुने सामग्रीहरुको गुणस्तरमा निश्चितता नहुँदा उनीहरुबाट सञ्चालित उत्पादन व्यवसाय नाफामूलक हुन सकेको छैन । निजी क्षेत्रबाट व्यापारिक उद्देश्यकासाथ उपलब्ध साधनका लागि लगानी गर्ने पुंजी अभावका कारण उनीहरु परम्परामा आधारित उत्पादनका सामग्री प्रयोग गर्न र कम उत्पादनलाई स्वीकार गर्न बाध्य छन् । उत्पादनका सामग्रीहरुमा पहुँचको सुनिश्चितता भएमा उनीहरु दृढ रूपमा खेती गर्न उत्साहित हुन्छन् ।
- प्राविधिक ज्ञान र सीप विकास : भूमिहीन किसानहरुमा उत्पादन प्रविधि, उत्पादनको बजारीकरण, उत्पादन व्यवस्थापन र उद्यमशीलता सम्बन्धि ज्ञान र सीपको अभाव भएका कारण उनीहरुले उच्च उत्पादन लिन सकेका छैनन् । यी विषयहरुमा ज्ञान र सीप विकासमा उनीहरुको पहुँच रहने कुरामा विश्वस्त हुन सकेमा उनीहरु त्यस पेशा प्रति आकर्षित हुन्छन् ।
- सिंचाइ लगायतको भौतिक साधनमा पहुँच : भूमिहीन किसानले उत्पादनशील जमिनमा उत्पादनमा रहने बालीको आवश्यकता अनुसार बाह्रै महिना सिंचाइ सुविधा, सडक तथा विद्युत आपूर्ति, भण्डारण र बजारीकरण आदि पूर्वाधारमा पहुँच भएमा प्रतिस्पर्धी भावनाका साथ उत्पादन कार्यमा आकर्षण बढ्छ ।
- दैनिक जीवन चलाउन र उत्पादन लगानीका लागि प्राप्त पूँजीमा पहुँच : दैनिक रूपमा जीविकोपार्जन चलाउन आवश्यक नगद व्यवस्थापन गर्न भूमिहीन किसानहरुलाई समस्या भइरहेको छ र उनीहरुसँग उत्पादन कार्यमा लगानी गर्न पुंजीको अभाव रहेको छ । दैनिक जीविकोपार्जनका लागि आवश्यक नगदले धान्ने गरी आम्दानी हुने र लगानीका लागि सस्तो र सुलभ ऋणमा पहुँच हुन सके भूमिहीन किसानहरु कृषि पेशा गर्न तयार हुन्छन् ।
- जोखिम न्यूनीकरणका लागि सहयोग : भूमिहीन किसानको उत्पादन, बजारीकरण र जोखिम न्यूनीकरण गर्न बाली तथा पशु बिमा, भमिहिन किसान लक्षित जोखिम कोषको स्थापना, न्यूनतम मूल्यमा खरिद गर्ने सुनिश्चितता, मौसम पूर्वानुमान र बजार सञ्जालको बिस्तार हुन सके उनीहरु कृषि पेशामा आकर्षित भइरहन्छन् ।

### ४.३.७ भूमिहीन किसानहरुका उत्पादन जोखिम

उत्पादन कार्यमा संलग्न भूमिहीन किसानहरु स्वभावैले स्रोतमा पहुँच नभएका, अति विपन्न, सीमान्तकृत किसानहरु हुन् । उनीहरुको जग्गामा आफ्नो कानुनी नियन्त्रण हुँदैन तर उत्पादनशील जग्गा भाडामा लिइ

खेती गरीरहेका हुन्छन् । उनीहरुले नदी तथा खोलाका किनार, वनजंगलको नजिक र भिरालो स्थानमा रहेका अरुको जग्गा भाडामा खेती गरेका हुन्छन् । सामान्यत: उनीहरुले कमाउने जग्गामा सिंचाइ सुविधा तथा अन्य उत्पादनका पूर्वाधार समेत उपलब्ध हुँदैनन् । यस्ता जग्गामा खेती गर्दा बढी जोखिम हुन्छ र उत्पादनका साधनहरुमा पहुँच नभएका भूमिहीन किसानहरुको जोखिम बहन गर्ने क्षमता कमजोर हुन्छ । अध्ययन क्षेत्रका भूमिहीन किसानहरुले धेरै किसिमका जोखिमहरुको सामना गर्नु परिरहेको गुनासो व्यक्त गरेका छन् । बाढी, पहिरो र सुख्खाबाट पुरै वा ठूलो हिस्सा क्षति हुनु, रोग किराले क्षति पुऱ्याउनु, जंगली पशु र छाडा पशुले बाली नष्ट गर्नु, उत्पादनका लागि उचित विउविजन र नश्ल सुधारका लागि उपयुक्त पशु नपाइदा उत्पादनमा ह्रास हुनु, बजार मूल्यमा कमी आउँदा सस्तोमा बेच्न बाध्य हुनु आदि उत्पादनका जोखिमहरु भूमिहीन किसानहरुले सामना गर्नु परिरहेको छ ।

### ४.३.८ भूमिहीन किसानका चाहनाहरु

अध्ययनको क्रममा कृषि/पशुपालनका क्षेत्रमा भूमिहीन किसानहरुका आवश्यक्ता र चाहनाका बारेमा छलफल गरिएको थियो । छलफलमा सहभागी भूमिहीन किसानहरुले कृषि तथा पशुपालन कार्यका लागि व्यक्त गरेका आवश्यक्ताहरु तल प्रस्तुत गरिएको छ ।

**क. कृषि पशुपालनका लागि जग्गाको व्यवस्थापन हुनुपर्ने:** भूमिहीन किसानहरुका अनुसार खेती तथा पशुपालनका लागि आवश्यक जग्गा उनीहरुको स्वामित्वमा रहने गरी सरकारले उपलब्ध गराउन माग राखेका छन् । सरकारद्वारा उपलब्ध गराइएको जग्गाले उनीहरुका असीमित आवश्यकता परिपूर्ति नगर्ने र व्यावसायिक विकास हुन नसक्ने भएकाले सार्वजनिक वा निजी जग्गालाई उनीहरुको आवश्यकता अनुसार व्यावसायिक प्रयोजनका लागि लामो अवधिसम्म भाडामा दिने व्यवस्था गर्ने ।

**ख. जग्गाको उत्पादकत्व वृद्धि हुने गरी जग्गा सुधारमा सहयोग :** अधिकांश भूमिहीन किसानले भाडामा पाउने सीमान्त वा बाँझो जग्गा हुने हुँदा त्यस्तो जमिनको गुणस्तर सुधार कार्य सरकारबाट सहयोग हुनुपर्ने उनीहरुको चाहना छ ।

**ग. भौतिक सुविधाहरुमा पहुँच :** भूमिहीन किसानहरुले उत्पादन कार्यका लागि प्रयोग गरेको जमिनमा बाह्रै महिना सिंचाइ सुविधा उपलब्ध हुनुपर्ने कुरा बताएका छन् । यसका लागि सिंचाइका नहर, कुलो र वर्षातको पानी जम्मा गर्ने पोखरी वा भूमिगत सिंचाइको व्यवस्था हुनुपर्ने कुरा बताएका छन् । सहज सिंचाइ सुविधा उपलब्ध हुन नसक्ने क्षेत्रमा लिफ्ट सिंचाइका माध्यमबाट सिंचाइ सुविधाको समेत पहुँच सुनिश्चित हुनुपर्ने बताएका छन् । कृषिजन्य उपज उत्पादन स्थलहरुमा सडक, विद्युत आदिको सुविधा हुनुपर्ने कुरा बताएका छन् ।

**घ. प्राकृतिक श्रोतमा पहुँच :** स्थानीय सामुदायिक वन लगायतका प्राकृतिक सम्पदाहरुमा समान पहुँच बढाउन नीतिगत तथा कानुनी व्यवस्थामा सुधार हुनुपर्ने बताएका छन् ।

**ङ. वित्तीय सुविधामा पहँचको विस्तार** : भूमिहीन किसानलाई आवश्यक पर्ने बचत, ऋण, बिमा आदि सेवामा पहुँच वृद्धि हुनुपर्ने धारणा राखेका छन् ।

**च. मानवीय पुँजीको विकास :** भूमिहीन किसानहरुका लागि प्राविधिक ज्ञान र सीप विकास हुनुपर्ने धारणा राखेका छन् ।

**छ. सामाजिक परिचालन** : भूमिहीन किसानहरुको हकहितका लागि काम गर्ने लक्ष्य राखी उनीहरुका आवाजको सुनुवाई हुनेगरी समूह गठन/परिचालन, सञ्जाल निर्माण र क्षमता विकास गरी सबल बनाउनु पर्दछ ।

भूमिहीन किसानहरुको हकहितसँग नीति निर्माणमा उनीहरुको आवाजको सुनुवाइ हुनेगरी पहुँच बढाउने, नीति तथा कानूनहरुको तर्जुमाबाट सम्बोधन गर्न विशेष व्यवस्था गर्नुपर्ने धारण राखेका छन् ।

वातावरण परिवर्तन तथा प्राकृतिक विपत्तीबाट हुने क्षति न्यूनीकरण गरी त्यस्ता विपत्तीका घटना पश्चात उनीहरुको जीविकोपार्जन र दैनिक जीवनशैली र आर्थिक अवस्था बढाउन सक्नेगरी जोखिम बहन गर्न सक्ने क्षमता बढाउन सहयोग हुनुपर्ने बताएका छन् ।

## ४.४ कृषि क्षेत्रसँग सम्बन्धित नीति, नियम, कानुनी दस्तावेजमा भूमिहीन कृषक सम्बन्धी प्रावधानहरु

### ४.४.१ भूमि सम्बन्धी नीति तथा कानुनहरु र भूमिहीन किसानहरु

नेपालको संविधान २०७२ मा भूमिमा आवास, कृषि र खाद्य सम्बन्धी विशेष व्यवस्था गरिएको छ। संविधानको भाग ३ मौलिक हक र कर्तव्य अन्तर्गत धारा २५ मा सम्पत्तीको हक, ३६ मा खाद्य सम्बन्धी हक, ३७ मा आवासको हक, ४० मा दलितको हक, ४५ मा सामाजिक न्यायको हकमा जमिन र कृषि सम्बन्धी विशेष व्यवस्था गरिएको छ । यसै गरी संविधानको भाग ४ निर्देशक सिद्धान्त नीति तथा दायित्व अन्तर्गत कृषि र भूमि सुधार सम्बन्धी नीतिको साथै सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिमा मुख्य कमैया, कम्हलरी, हरुवा, चरुवा, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घडेरी तथा जीविकोपार्जनका लागि कृषि योग्य जमिन वा रोजगारीको व्यवस्था गर्दै पुनः स्थापना गर्ने व्यवस्था गरिएको छ ।

ग्रामीण किसानहरूको ठूलो हिस्सा (२१ लाख परिवार) भूमिहीन तथा सीमान्तकृत किसान रहेका छन् भने ६ प्रतिशतसँग कुनै भूमि रहेको छैन् । राष्ट्रिय भूमि नीति २०७५, भू-उपयोग नीति २०७२, भू-उपयोग ऐन २०७६, भूमि सम्बन्धी ऐन २०२१, भूमि सम्बन्धी नियमहरू २०२१ र भूउपयोग नियमावली २०७९ मा भूमिहीनहरूलाई आवास तथा खेती कार्यका लागि जग्गा उपलब्ध गराउने भनी उल्लेख गरिएको छ। नेपाल सरकारले भूमिहीन किसानहरूलाई जग्गाको व्यवस्था गर्ने उद्देश्यका साथ विभिन्न समयमा भूमि आयोग गठन गरी सुझावहरू संकलन गर्ने गरेको छ ।

भूमि सम्बन्धी नीति, कानुन र नियमहरू तथा विभिन्न मितिमा गठित भूमि आयोगहरूका प्रतिवेदनहरूमा भूमिहीन किसानहरूलाई कृषि कार्यका लागि जग्गा उपलब्ध गराउने पक्षसँग सम्बन्धित बुदाँहरू यस अध्ययन प्रतिवेदनको परिच्छेद ३ मा प्रस्तुत गरिएको छ । उल्लेखित भूमि सम्बन्धी नीति, कानुन र नियमावली तथा भूमि सम्बन्धी आयोगका प्रतिवेदनहरूको कार्यान्वयन पक्षको अवस्था विश्लेषण गरी व्यावहारिक रूपमा भूमिहीनहरूलाई जग्गा उपलब्ध गराउने व्यवस्था कार्यान्वयन हुन सकेको देखिदैन। सबै राजनीतिक दलहरूले आफ्ना घोषण पत्रहरूमा भूमि सुधार गरी भूमिहीन कृषकहरूलाई जग्गा उपलब्ध गराउने एजेन्डाहरू प्राथमिकताका साथ उल्लेख गरिएको भएपनि उनीहरूकै शासन कालमा समेत आफ्ना एजेन्डाहरूको कार्यान्वयनमा प्रतिवद्ध रहेको पाइदैन । वर्तमान भूमि आयोगले केही मात्रामा जग्गाको निस्सा प्रदान गर्न लागेको भएपनि अध्ययन क्षेत्रका भूमिहीन किसानहहरूले निस्सा प्राप्त गरेको भेटिएन ।

भूमि सम्बन्धी नीति, कानुन र नियमावलीमा भएका प्रावधानहरूको जानकारी तथा कार्यान्वयनको अवस्थाका बारेमा भूमिहीन किसानका बीच केन्द्रीकृत छलफल गर्दा जानकारी नभएको पाइयो। भूमिहीनहरूलाई जग्गा वितरण गर्ने, सार्वजनिक जग्गाहरू भाडामा उपलब्ध गराउने, निजी खेतीयोग्य जग्गा भूमिहीनहरूलाई दीर्घकालका लागि भाडामा उपलब्ध गराउने जस्ता नीतिगत व्यवस्था गरिए पनि त्यसको व्यावहारिक कार्यान्वयन भने हुन सकेको देखिदैन । भूमिहीन किसानहरू जग्गाको स्वामित्व लिनबाट वञ्चित रहेका छन् । उनीहरूको आत्मासम्मान तथा सौदाबाजी क्षमता बढाउन जग्गाको स्वामित्व चाहिने कुरामा छलफलमा सहभागीहरूले जोड दिएको पाइन्छ । भूमि सम्बन्धि विद्यमान नीति तथा कानुनमा उल्लेख भए अनुसार भूमिहीनहरुलाई जग्गा वितरण गर्न निम्न पक्षमा जोड दिनुपर्ने विचार अध्ययनका सहभागीहरुले व्यक्त गरेका छन् :

- विद्यमान नीति तथा कानुनको परिणाममुखी कार्यान्वयन हुनुपर्ने,
- सार्वजनिक जग्गालाई भूउपयोग सीमा भित्र ल्याई त्यसको आसपास रहेका भूमिहीन कृषक परिवारलाई कृषि कार्यका लागि उपलब्ध गराउने,
- नदी उकास क्षेत्र तथा सीमान्त बाँझो जमिनको उत्पादकत्वमा सुधार गरी भूमिहीनहरूलाई लामो अवधिको लागि न्यूनतम भाडा दरमा उपलब्ध गराउनु पर्ने,
- नदी उकास क्षेत्र तथा सीमान्तकृत बाँझो जग्गा र भूमिहीन किसानहरूले खेतीका लागि भाडामा लिएका निजी जग्गाको उत्पादकत्व सुधारका लागि सहुलियत व्याजमा ऋण दिने व्यवस्था मिलाउनु पर्ने र
- स्थान विशेष खासगरी भूमिहीनहरूको बस्तीको आसपास सामुदायिक भू-व्यवस्थापन कार्यक्रम लागू गरी भूमिहीन किसानहरूको सामुहिक व्यवस्थापन कृषि कार्यका लागि उपलब्ध गराउनु पर्ने ।

### ४.४.२ राष्ट्रिय कृषि सम्बन्धी नीति र भूमिहीन किसानहरु

कृषि विकास रणनीति (सन् २०१५ - २०३५)

अपार प्राकृतिक सौन्दर्यता र सौन्दर्यको धनी देश नेपालमा कृषि उर्जा र पर्यटन जस्ता उत्पादनशील क्षेत्रको विकास गरी आर्थिक सम्वृद्धि हासिल गर्ने उद्देश्यका साथ नेपाल सरकारले कृषि विकास रणनीति कार्यान्वयनमा ल्याएको छ । खाद्य तथा पोषण सुरक्षाको सुदृढीकरण, कृषिको व्यावसायीकरण, कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि र कृषकहरूका अधिकारको संरक्षण यस रणनीतिको प्रमुख विशेषताहरू रहेका छन् । यस रणनीतिले समावेशी, दिगो, बहुक्षेत्रीय तथा पूर्वाधार सञ्जाल मार्फत खाद्य तथा पोषण सुरक्षा अभिवृद्धि, गरिबी निवारण, ग्रामीण परिवारको उच्च र समतामूलक आय र कृषकका अधिकारहरूको सुनिश्चितता गर्ने नतिजाहरूको अपेक्षा गरेको छ । यस रणनीतिले भूमिहीन किसान लक्षित उच्च आय सहितको विकासका लागि निम्न पक्षमा जोड दिएको छ ।

- कृषि विकास रणनीतिले ती फरक फरक प्रकारका कार्यक्रमहरू: आधार कार्यक्रम (core-programs), खास महत्वका कार्यक्रम (Flagship programs) र अन्य कार्यक्रममा जोड दिएको छ । यस रणनीतिको विभिन्न खण्डहरूमा भूमिहीन तथा सीमान्तकृत किसानहरूको विकसको पक्षमा जोड दिएको छ ।
- बेग्ला बेग्लै प्रकारको कृषि पर्यावरणीय क्षेत्र तथा फरक खेती वर्ग अनुसार बेग्ला बेग्लै विकास पद्धति अवलम्बन गर्ने तथ्यलाई यस नीतिले वर्गीकृत गरेको छ ।

राष्ट्रिय कृषि नीति २०६१

यस नीतिमा भूमिहीन र सीमान्तकृत किसानहरुको कृषिमा आधारित जीनिकोपार्जनमा सुधार ल्याउने ध्येयका साथ निम्न विषयमा जोड दिएको छ ।

- भूमिहीन दलित, उत्पीडित तथा अन्य सीमान्तकृत कृषक र कृषि श्रमिकहरूलाई लक्षित समूहमा वर्गीकरण गरी विशेष सुविधा प्रदान गर्ने दृष्टिकोणका साथ राष्ट्रिय कृषि नीति २०६१ ले नियमानुसार नीतिहरूलाई प्राथमिकताका साथ जोड दिइएको छ ।

- सीप भएका भूमिहीन एवं सीमान्त कृषकहरूलाई भूमिमा पहुँच पुऱ्याउन कायम रहेको कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन र अनुगमन खेतीयोग्य भूमिका लागि करार व्यवस्था लगायतका कानूनी व्यवस्था गरी भूमिमा पहुँचका अवसरहरूको सिर्जना गर्ने ।
- भूमि बैंकको स्थापना गरी कृषि कार्यका लागि जग्गाको उपलब्धताबारे सूचना र आवश्यक पर्ने भूमिहीन किसानलाई ऋण सुविधा उपलब्ध गराउने ।
- प्रयोगमा नआएको सार्वजनिक बाँझो तथा सीमान्त जमिन लक्षित समूहलाई कबुलियतमा हस्तान्तरण गरी कृषि उत्पादनका लागि प्रयोग गर्न विभिन्न व्यवस्था गर्ने ।
- लक्षित समूहले गर्ने कृषिलाई मध्यनजर गरी वैकल्पिक सिंचाइ सुविधा, उत्पादन र उत्पादकत्व सुधारका सेवाहरू प्रदान गर्ने ।

यसैगरी मस्यौदा कृषि व्यवसाय (प्रवर्द्धन र व्यावसायीकरण) ऐन २०७८, कृषि व्यवसाय प्रवर्द्धन नीति २०६२, राष्ट्रिय सहकारी नीति २०६८, राष्ट्रिय कृषि वन नीति लगायतका कृषि सम्बन्धी नीतिहरू भूमिहीन तथा सीमान्तकृत कृषकहरूलाई कृषि कार्यमा उत्प्रेरित गर्ने गरी विभिन्न नीतिगत व्यवस्था गरेको पाइन्छ ।

अध्ययन गरिएको क्षेत्रमा भूमिहीन तथा सीमान्तकृत कृषकहरूलाई कृषि व्यवसायमा आकर्षण गरी उनीहरूको जीविकोपार्जनमा सुधार ल्याउन गरिएका नीतिगत व्यवस्था कार्यान्वयन र अपेक्षित उपलब्धी हासिल हुन बाँकी देखिन्छ । अधिकांश अध्ययनका सहभागीहरू विद्यमान नीति र रणनीतिहरू कार्यान्वयन तथा उपलब्ध नतिजाबारे अनविज्ञता प्रकट गर्दछन् । सार्वजनिक कृषि नीतिहरूमा गरिएका कानूनी व्यवस्था र नीतिहरूको कार्यान्वयन बीचमा ठूलो अन्तर नै नेपालमा कृषि क्षेत्र विकासका लागि ठूलो चुनौती बन्न पुगेको देखिन्छ ।

अध्ययनको क्रममा व्यक्त विचार तथा सार्वजनिक नीति र परिणाममुखी कार्यान्वयनबारे गरिएका विभिन्न अध्ययन अनुसन्धानका प्रतिवेदनहरू अध्ययन गर्दा नेपालमा सार्वजनिक नीति र कार्यान्वयनमा निम्न प्रवृत्तिहरूको भूमिका रहेको देखिन्छ :

- शासन प्रणाली : नेपालको कृषि सम्बन्धी नीति तर्जुमा प्रक्रिया केन्द्रित सोच हावी रहेको पाइन्छ । देश संघीय प्रणालीमा गइसके पछि पनि नीति निर्माण र निर्णय प्रक्रियामा केन्द्रिकृत सोचको धङधडी हावी भएको देखिन्छ । नीति निर्माण प्रक्रियामा सरोकारवालाहरूको अर्थपूर्ण सहभागितामा पनि कमी रहेको छ । निर्मित नीतिहरूको नतिजा कार्यान्वयन गर्ने तर्फ शासकीय प्रतिवद्धताको कमी रहेको देखिन्छ ।
- आदर्श अवस्थाको चित्रण : कृषि नीतिहरूको कार्यान्वयन विविध र जटिल परिवेशमा गर्नुपर्ने हुन्छ । नेपालमा नीति तर्जुमा गर्दा कार्यान्वयनमा आउने जटिलताहरूको ख्याल नगरी आदर्श शब्दावलीको प्रयोग र आदर्श परिवेश छनौटको हिसावले गर्ने गरिन्छ । त्यस्ता आदर्श परिवेशको सोचका साथ तयार पारिएका नीतिहरू कार्यान्वयन गर्नका लागि धरातलीय वास्तविकतासँग मेल खाँदैनन् र कार्यान्वयनमा आँउदैनन् ।
- एक नीतिमा जाने सुनेका सबै समावेश गर्ने : धेरै जसो नीति तर्जुमाको प्रक्रियामा सहभागीहरूले आफूले जाने सुनेका सबै पक्षहरू समावेश गर्ने र अरुका सोँच, विचार तथा चाहनाहरूको वेवास्ता गर्ने अभ्यास रहेको पाइन्छ । नीतिहरूको तर्जुमा र कार्यान्वयन परिवेश अनुसार फरक फरक हुन्छ भने प्रश्नमा कम ध्यान दिँदै विभिन्न परिवेशका लागि निर्मित नीतिको प्रतिलिपि सार्ने सोंचहरूको समेत हावी रहेको छ ।
- राजनीतिक चाहना अनुसार नीति : सार्वजनिक नीति तर्जुमा नतिजामुखी कार्यान्वयनमा प्रतिवद्धता रहनुपर्ने हुन्छ तर नेपालमा भने राजनीतिज्ञ वा कर्मचारी नेतृत्वको चाहना अनुसार नीतिहरूमा सजिलै हेरफेर गरिन्छ । नीतिहहरूमा लिपिवद्ध हेरफेर गरिएन भने पनि कार्यान्वयन प्रतिवद्धतामा समेत नेतृत्वको

चाहना अनुसार फरक फरक रहने गरेको छ। यसरी नेतृत्वको चाहना अनुसार नीति र नीति कार्यान्वयन प्रतिवद्धतामा आउने अन्तरका कारण पनि नीतिहरू अपेक्षित नतिजा उन्मुख रहन सकेका छैनन्।

- समोवेशिता र सहभागिताको कमी : नेपालमा नीति नियम प्रक्रियामा नीति कार्यान्वयन गर्ने र लाभग्राही वर्गको समावेशिता र सहभागिता गराउन भन्दा जान्ने बुझ्ने र उच्च ओहोदाका व्यक्तिहरूको चाहना हावी भएको पाइन्छ। यसरी सारेकारवालाहरू चाहनालाई समावेश नगरी उनीहरूको सहभागिता बिना निर्मित नीतिहरू प्रति उनीहरूको अपनत्व रहँदैन र कार्यान्वयन हुन सक्दैन।
- परिणाममुखी कार्यान्वयन प्रतिवद्धता : नेपालको सार्वजनिक नीति तर्जुमा र कार्यान्वयन अवस्था हेर्दा अपेक्षित उपलब्धीहरूको प्राप्ति भन्दा नीति तर्जुमा नै उपलब्धी ठान्ने प्रवृत्ति अझैं रहेको पाइन्छ।
- एक आपसमा बाझिएका सार्वजनिक नीति : अधिकांश कृषि सम्बन्धी सार्वजनिक नीतिहरूको कार्यान्वयन अन्य सार्वजनिक नीतिहरूसँग अन्तरसम्बन्धित रहेका हुन्छन्। त्यस्ता अन्तर सम्बन्धित नीतिहरू एक आपसमा बाँझिदा कार्यान्वयन गर्न कठिन हुन्छ।

भावीदिशा :

माथि चर्चा गरिएका कृषि सम्बन्धी सार्वजनिक नीति तर्जुमा र कार्यान्वयन प्रक्रियामा रहेका कमी कमजोरीलाई न्यूनीकरण गर्दै भविष्यका लागि परिणाममुखी नीति तर्जुमा र कार्यान्वयन प्रक्रियामा तलका पक्षहरूलाई ध्यान दिनुपर्ने देखिन्छ :

- लाभग्राहीको आवश्यकता र खास परिवेश सुहाउँदा कार्यान्वयनमा आउन सक्ने गरीएका नीति तर्जुमा प्रक्रियामा सुधार गर्ने।
- नीति तर्जुमा प्रक्रियामा सरोकारवालाहरूको व्यापक परामर्श तथा सहभागिता बढाउने।
- परिणाममुखी कार्यान्वयन प्रति अन्तर दायित्व रहने व्यवस्था गर्ने।
- एक आपसमा बाझिने गरी निर्मित सार्वजनिक नीतिहहरूको छिटो र छरितो निकास हुने संयन्त्र र प्रक्रिया सुनिश्चित गर्ने।
- राष्ट्रिय सवालहरूमा केन्द्रित रहेर नीति तर्जुमा गर्ने।

## ४.५. भूमिहीन किसानहरूका लागि संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालित कृषि विकास कार्यक्रमहरू

यस खण्डमा भूमिहीन किसान सम्बन्धी तीन तहका सरकारहरुबाट सञ्चालित कार्यक्रमहरूको विश्लेषण गरिएको छ। यस अध्ययनका सिलसिलामा गरिएका छलफलहरू अन्तर्क्रिया र उपलब्ध प्रकाशित सामग्रीहरूको आधारमा विभिन्न तहका सरकारबाट सञ्चालित कार्यक्रमहरूको संक्षिप्त विवेचना यस खण्डमा प्रस्तुत गरिएको छ।

### ४.५.१ संघीय सरकारबाट संचालित भूमिहीन किसान लक्षित कृषि सम्बन्धी कार्यक्रमहरु

संघीय, प्रदेश र स्थानीय सरकारबाट सञ्चालित कार्यक्रमहरू: संघीय सरकारबाट तर्जुमा गरिएका विभिन्न नीति तथा कार्यक्रमहरुमा भूमिहीन किसानलाई कृषि उत्पादनका लागि जग्गाको व्यवस्थापन गर्ने, उनीहरूले गर्ने उत्पादन कार्यमा सहयोग गरी जीवनस्तरमा सुधार ल्याउने प्रतिवद्धताहरू प्रत्यक्ष वा परोक्ष रूपमा उल्लेख गरिएको पाइन्छ।

संघीय सरककारको पन्ध्रौं योजना, आ.व. २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम र बजेट विनियोजन, वित्तीय हस्तान्तरण सम्बन्धी प्रावधानहरू अध्ययन गर्दा भूमिहीनहरूलाई आवास उपलब्ध गराउने, भूमिहीन किसानद्वारा गरिने कृषि कर्मका लागि खेतीयोग्य भूमि उपलब्ध गराउने, भूमि व्यवस्था तथा कृषि कार्यका लागि सहुलियत ऋणको व्यवस्था गर्ने, भूमिहीन किसानहरूको जीविकोपार्जनका लागि कार्यक्रम सञ्चालन गर्ने, भूमिहीन किसानको खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्ने पक्षहरू उल्लेख गरिएको पाइन्छ ।

संघीय सरकारको कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, कृषि विभाग र पशु पंक्षी सेवा विभागबाट विगत लामो समय देखि वैदेशिक सहयोगमा संचालित आयोजना अन्तर्गत र समान्य कार्यक्रम अन्तर्गत भूमिहीन किसान लक्षित कृषिमा आधारित जीविकोपार्जन सुधार, आयआर्जन र खाद्य तथा पोषण सुरक्षा कार्यक्रम संचालन गर्दै आएको पाइन्छ । परियोजनामा आधारित यस्ता कार्यक्रमहरुका सफलता र भूमिहीन किसानहरुको जीवनमा आएका सकारात्मक परिवर्तनहरुका बारेमा सम्बन्धित परियोजनाका दस्तावेजहरुमा अभिलेखीकरण गरिएको पनि भेटिन्छ। मन्त्रालय र यस अन्तर्गतका निकायहरुबाट संचालित भूमिहीन किसान लक्षित खाद्य तथा पोषण सुरक्षाका कार्यक्रहरुबाट आएका परिवर्तनहरु भने दस्तावेजीकरणमा कमी रहेको देखिन्छ। नीति तथा कार्यक्रमहरूमा उल्लेख गरिए अनुसारका कार्यक्रमहरूको कार्यान्यन अवस्तथाका वारेमा अध्ययनका सहभागी भूमिहीनहरू जानकार रहेको पाईएन ।

### ४.५.२ प्रदेश सरकारबाट सञ्चालित भूमिहीन किसान लक्षित कृषि सम्बन्धी कार्यक्रमहरू:

**कोशी प्रदेश** : यस प्रदेशको आ.व. २०७९/०८० को नीति तथा कार्यक्रममा भूमिहीन किसानहरूका बारेमा किटानी साथ उल्लेख गरिएको पाइदैन । कृषि उत्पादन र उत्पादकत्व, भूमिवृद्धि, कृषि तथा पशु बिमा, सहुलियत कर्जा, किसान परिचय पत्र, अति विपन्न परिवारसम्म सहकारी क्षेत्रको पहुँच विस्तार गरी गरिबी न्यूनीकरण कार्यक्रममा आवद्ध गर्ने र जनता आवास कार्यक्रमबाट भूमिहीन किसानहरू समेटिने भनिएको छ ।

**मधेश प्रदेश:** मानव क्षमता विकास, गरिबी न्यूनीकरण, उत्पादन र उत्पादकत्व अभिवृद्धि, मुख्यमन्त्री किसान उत्पादन कार्यक्रम, बाँझो जग्गाको उपयोग तथा बगर खेती, वनक्षेत्रमा रोजगारी र आय आर्जनका अवसर, श्रोतको पहुँचबाट बञ्चित अति विपन्न परिवार अभिलेख संकलन गरी परिचय पत्रको आधारमा जीवन निर्वाह खर्च, महेन्द्र नारायण नीधि विपन्न आवास योजना जस्ता कार्यक्रमहरू यस प्रदेशमा रहेका छन् । भूमिहीन किसान भनी किटानी साथ उल्लेख नगरिएको भएपनि उल्लेखित कार्यक्रमहरूले भूमिहीन किसान समेट्न सकिने देखिन्छ ।

**बागमती प्रदेश:** पाँच वर्षभित्र कोही पनि भोकै नपर्ने, उत्दापन र उत्पादकत्व वृद्धि, बाँझो जमिनको सदुपयोग, सहुलियत पूर्ण ऋण, गरिबी र बेरोजगारीको अन्त्य गर्न विपन्न परिवार लक्षित कार्यक्रम, वित्तीय पहुँचमा सहजीकरण, गरिब तथा विपन्न केन्द्रित मुख्यमन्त्री सीप विकास तथा स्वरोजगार कार्यक्रम, आदि यस प्रदेशका भूमिहीन किसान लक्षित मुख्य कार्यक्रमहरू रहेका छन् ।

**गण्डकी प्रदेश:** यस प्रदेशको आ.व. २०७९/०८० का लागि भूमिहीन किसान समेटिने गरी दलित वस्ती विकास, सीमान्तकृत तथा लोपन्मुख समुदायको सचेतना वृद्धि, आयआर्जन, रोजगारी र आर्थिक एवं सामाजिक रूपमा पीछडिएका समुदायका लागि विशेष कार्यक्रम, बाझो जग्गाको उपयोग कार्यक्रम, कृषकहरूलाई निशूल्क बाली बिमा, विपन्नहरूका लागि आयमूलक कार्यक्रम, विपन्न लक्षित सामुदायिक वनमा आधारित आयआर्जन कार्यक्रम रहेका छन् ।

**लुम्बिनी प्रदेश:** लुम्बिनी प्रदेशको आ.व.२०७९/०८० को वार्षिक कार्यक्रम अन्तर्गत भूमिहीन किसान लक्षित वेग्लै कार्यक्रको उल्लेख गरिएको पाइदैन । **"बेरोजगारलाई रोजगार - साथमा छ प्रदेश सरकार"** कार्यक्रम

सामाजिक, आर्थिक रूपमा वञ्चितीकरणमा परेका समुदाय लक्षित आय आर्जन तथा जीविको पार्जन सुधार कार्यक्रममा भूमिहीन किसान केन्द्रित कृयाकलापहरू सञ्चालन हुन सक्ने देखिन्छ ।

**कर्णाली प्रदेशः** कर्णाली प्रदेशमा मुख्य मन्त्री जीविकोपार्जन कार्यक्रम, मुख्यमन्त्री दलित आयआर्जन कार्यक्रम, कर्णाली कृषि क्षेत्र सहयोग कार्यक्रमहरूमा भूमिहीन किसान लक्षित कृयाकलापहरू सञ्चालन गर्न सकिने देखिन्छ तर भूमिहीन किसानलाई किटानी साथ लक्षित कृषि कार्यक्रम यस आ.व.मा लिपिवद्ध गरिएको पाइदैन ।

**सुदूरपश्चिम प्रदेशः** यस प्रदेशमा मुख्यमन्त्री एकीकृत कृषि तथा पशुपंक्षी विकास कार्यक्रम, गरिब केन्द्रित सिप विकास तथा सहुलियत ऋण, प्रदेश सरकार कृषिकको अभिभावक कार्यक्रम, सीमान्तकृत कृषकको आयस्तर वृद्धि कार्यक्रम, राजी - राउटे - बादी - कमलरी - कमैया - दलित उत्थानका लागि आयआर्जन कार्यक्रम र मुख्यमन्त्री एकीकृत वस्ती विकास जस्ता कार्यक्रम भूमिहीन किसानसँग सम्बन्धित रहेको देखिन्छ । यस प्रदेशमा सीमान्तकृत लक्षित कृषि विकास कार्यक्रम भूमिहीन तथा अतिविपन्नका लागि बसोबास कार्यक्रममा भूमिहीनलाई समावेश गरिएको पाइन्छ । भूमिहीन किसान नभनिए पनि यहाँ उल्लेख गरिएका कार्यक्रमहरूमा भूमिहीन किसान लक्षित कृयाकलाप सञ्चालन गर्न सकिने देखिन्छ ।

### ४.५.३ स्थानीय पालिकाबाट सञ्चालित भूमिहीन किसान लक्षित कृषि सम्बन्धी कार्यक्रमहरूः

यस अध्ययनमा ६ वटा प्रदेशका १५ वटा पालिकाहरू छनौट गरी अध्ययन गरिएको छ । अध्ययन क्षेत्रका लागि छनौट गरिएका १५ पालिकाहरूमा भूमिहीन किसान लक्षित कार्यक्रमहरूका बारेमा आ.व. २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रमलाई आधारमानी यस खण्डमा प्रस्तुत गरिएको छ । अध्ययन गरिएका पालिकाहरूमा भूमिहीन किसानसँग सम्बन्धित कार्यक्रमको संक्षेपमा तल प्रस्तुत गरिएको छ ।

**१. धनगढीमाई नगरपालिका, सिरहा :** यस पालिकाको आ.व. २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रममा भूमिहीन किसानलाई लालपुर्जा वितरण गर्ने साथै भूमिहीन लक्षित जीविकोपार्जन कार्यक्रम समावेश भएको छ ।

**२. वर्दिबास नगरपालिका, महोत्तरी :** यस पालिकाको आ.व. २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रममा भूमिहीन किसानलाई किटानीसाथ उल्लेख गरिएको पाइदैन ।

**३. कालिका गाउँपालिका, रसुवा** : कृषकको उत्पादन र उत्पादकत्व बढाउन मागमा आधारित कार्यक्रम, कृषिको व्यावसायीकरण कार्यक्रम, समूह तथा सहकारी मार्फत लक्षित वर्गको आय आर्जन कार्यक्रम, कृषि पशु बिमा कार्यक्रम, सुकुम्बासी लक्षित कार्यक्रमहरू भूमिहीन किसानसँग सम्बन्धित कार्यक्रम रहेका छन् ।

**४. पाँचपोखरी थाङ्पाल गाउँपलिका, सिन्धुपाल्चोकः** यस पालिकाको आ.व. २०७९/०८० को वार्षिक कार्यक्रममा भूमिहीनहरूलाई भूमि समस्या समाधान आयोग मार्फत जग्गाको व्यवस्था मिलाउने बाहेक अन्य कार्यक्रम सामावेश गरिएको पाइदैन ।

**५. बबई गाउँपालिका, दाङ :** यस गाउँपालिकाको आ.व. २०७९/०८० को वार्षिक कार्यक्रममा अव्यवस्थित तथा सुकुम्बासी वस्तीहरूको व्यवस्थापनबारे राष्ट्रिय नीति कार्यान्वयन गर्ने र सीमान्तकृत भूमिहीनहरूका लागि आवास निर्माण तथा जीविकोपार्जनका कार्यक्रम सञ्चालन गर्ने उल्लेख गरिएको छ ।

**६. दंगीशरण गाउँपालिका, दाङ :** यस गाउँपालिकामा बसोबास गर्ने ५,८९७ परिवार मध्ये ३,७७५ (६५ प्रतिशत) घरपरिवारहरू भूमिहीन तथा अव्यवस्थित बसोबास भएका किसानहरू रहेका छन् । आ.व. २०७९/०८० को वार्षिक कार्यक्रममा भूमिहीन तथा अव्यवस्थित बसोबासीहरूलाई जग्गा धनी लालपुर्जा

उपलब्ध गराउने भनी किटानी साथ उल्लेख गरिएको छ । बाँकी कृषि सम्बन्धी कार्यक्रमहरूमा भूमिहीन किसानलाई भने किटानी गरिएको पाइएन ।

**७. गढवा गाउँपालिका, दाङ :** यस पालिकामा बसोबास गर्ने १०,०८४ घरपरिपार मध्ये ७,३९५ (७३ प्रतिशत) भूमिहीन तथा अव्यवस्थित बसोबास भएका घरपरिवारहरू रहेका छन् । प्रस्तुत गरिएको आ.व. २०७९/०८० को वार्षिक कार्यक्रम हेर्दा भूमिहीन तथा अव्यवस्थित बसोबास भएका घरधुरीलाई लालपुर्जा उपलब्ध गराउने बाहेक अन्य कार्यक्रममा भूमिहीन किसान भनी उल्लेख गरिएको छैन । अरु कार्यक्रमहरू सामान्य रहेका छन् तर ती कार्यक्रमहरू अन्तर्गत भूमिहीन किसान लक्षित कृयाकलापहरू सञ्चालन गर्न भने बाधा रहेको देखिदैन ।

**८. गेरुवा गाउँपालिका, बर्दिया :** यस पालिकामा ३१.८ प्रतिशत घरपरिवार भूमिहीन तथा अव्यवस्थित रूपमा बसोबास गरेका छन् । यस पालिकाको आ.व. २०७९/०८० को वार्षिक कार्यक्रममा भूमिहीनहरूलाई भूमि अयोगबाट जमिन प्राप्तिका लागि सहजीकरण गर्ने र उनीहरूको उत्थानका लागि आवश्यक कार्यक्रम गर्ने भनी किटानी साथ उल्लेख गरिएको छ । अरु कार्यक्रम सबै खाले किसानलाई लक्षित गरिएको हुँदा भूमिहीन किसान समेत समेटिन सक्दछन् ।

**९. मध्यविन्दु नगरपालिका, नवलपुर** : यस पालिकाको आ.व.२०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रममा भूमिहीन तथा अव्यवस्थित बसोबासीहरूलाई जग्गा वितरणमा सहजीकरण गर्ने बाहेक अन्य कृषिसँग सम्बन्धित कार्यक्रममा भूमिहीन किसान भनी तोकिएको पाइदैन । यस पालिकामा बसोबास गर्ने कूल परिवारको ४९ प्रतिशत भन्दा बढी भूमिहीन तथा अव्यवस्थित घरपरिवार रहेको भएपनि कृषि कार्यक्रममा भूमिहीन किसानका लागि लक्षित कृषि कार्यक्रममा ध्यान दिएको पाइदैन ।

**१०. चौकुने गाउँपालिका, सुर्खेत :** यस पालिकामा बसोबास गर्ने जम्मा ५,३४८ घरपरिवार मध्ये ५,०१४ अर्थात् ९३.७ प्रतिशत घरपरिवार भूमिहीन तथा अव्यवस्थित किसान परिवार रहेका छन् । पालिकाको आ.व २०७९/८० को वार्षिक कार्यक्रममा सम्पूर्ण भूमिहीन सुकुम्बासी परिवारलाई जग्गा धनी पुर्जा वितरण गर्ने बुँदा उल्लेख गरिएको छ । बाँकी कार्यक्रमहरू किसान लक्षित भन्दा सामान्य रहेका छन् ।

**११. गुर्वाकोट नगरपालिका, सुर्खेत :** यस पालिकामा बसोबास गर्ने जम्मा ११,९२३ घर परिवार मध्ये ६,२१७ अर्थात् ५२.१४ प्रतिशत भूमिहीन तथा अव्यवस्थित बसोबास भएका घरपरिवार रहेका छन् । यस पालिकामा अध्ययन सिलसिलामा भूमिहीन किसान तथा अव्यवस्थित बसोबास भएका घरपरिवार लक्षित कृषि कार्यक्रम तय गरेको पाइएन ।

**१२. जानकी गाउँपालिका, बाँके :** यस पालिकामा बसोबास गर्ने जम्मा ९,१२४ घरपरिवार मध्ये २,६२७ अर्थात् २८.८ प्रतिशत भूमिहीन तथा अव्यवस्थित बसोबास भएका घरपरिवार रहेका छन् । यस पालिकाको आ.व २०७९/८० को वार्षिक नीति तथा कार्यक्रममा भूमिहीन, दलित तथा अव्यवस्थित बसोबास भएका परिवारको समस्या समाधान गर्न पहल गर्ने भन्ने बाहेक अरु कृषि सम्बन्धि कार्यक्रममा भूमिहीन किसानलाई लक्षित गरिएको पाइदैन ।

**१३. गौरीगंगा नगरपालिका, कैलाली :** अधिकांश घरपरिवार भूमिहीन तथा अव्यवस्थित बसोबासी रहेको यस पालिकाको आ. व. २०७९/०८० को कृषि क्षेत्रको वार्षिक कार्यक्रममा भूमिहीन किसान तथा अव्यवस्थित बसोबासीलाई सम्बोधन गरी कुनै कार्यक्रम ल्याएको पाइएन ।

**१४. परशुराम नगरपालिका, डडेलधुरा:** भूमिहीन किसान लक्षित कुनै पनि कार्यक्रम सञ्चालन गरेको पाइदैन ।

**१५. भीमदत्त नगरपालिका, कन्चनपुरः** भूमिहीन किसान लक्षित कुनै पनि कार्यक्रम सञ्चालन गरेको पाइदैन ।

## ४.६ भूमिहीन किसानहरूको नजरमा संघ, प्रदेश र पालिकाबाट संचालित कृषि सम्बन्धी कार्यक्रमहरू

भूमिहीन किसानहरुको समस्या पहिचानका सन्दर्भमा अध्ययन गरिएका ६ वटा प्रदेश अन्तर्गत १५ वटा पालिकाहरू मध्ये ९ वटा पालिकाहरूमा भूमिहीन किसानहरूका बीचमा केन्द्रीकृत समूह छलफल गरिएको थियो । छलफल गरिएका सबै समूहहरूबाट समान खालको विचार प्राप्त भएकाले बेग्ला बेग्लै विश्लेषण गर्नु सान्दर्भिक नदेखिएको हुँदा बुँदागत रूपमा साझा धारणा प्रस्तुत गरिएको छ ।

- समूह छलफलको क्रममा संघ, प्रदेश र पालिकाबाट संचालित भूमिहीन किसान सम्बन्धी कृषि कार्यक्रमबारे उनीहरूलाई जानकारी नभएको बताए ।
- सम्बन्धित पालिका र प्रदेश सरकारबाट सञ्चालित साधारण कृषि सम्बन्धी कार्यक्रम अन्तर्गत मल, विउ, औजारहरू, पशुपंक्षी आदिमा दिइने अनुदानका कार्यक्रमहरूमा भूमिहीन किसानहरू सहभागी हुन सक्ने भए पनि उनीहरूले लाभ लिन सकिरहेको देखिदैन । त्यस्ता कार्यक्रमहरूबाट सुविधा प्राप्तिको लागि पूर्व शर्तहरू पुरा गर्न उनीहरूसँग लालपुर्जा वा अन्य प्रमाणिक कागजातहरू नहुने हुँदा ती सेवाहरूबाट समेत वञ्चित हुनुपरेको छ ।
- भूमिहीन कृषक लक्षित प्रसार सेवाका कार्यक्रमबाट पनि छलफलका सहभागीहरू बीच कुनै जानकारी भएको छैन ।
- अध्ययन क्षेत्रका आसपासमा विगत वर्षहरुमा छिटफुट रूपमा सञ्चालन गरिएका कार्यक्रहरुले निरन्तरता पाइरहेका छैनन् र अभिलेखीकरण गरिएको पनि पाइदैन ।

## ४.७ भूमिहीन किसान लक्षित कृषि सम्बन्धी कार्यक्रम कार्यान्वयनको अवस्था

संघीय सरकारले भूमिहीन किसान सम्बन्धी नीति तर्जुमा गर्ने तर्फ राम्रै पहल गरेको पाइन्छ । तर प्रदेश तथा पालिका तहमा संघीय सरकारका नीतिका अलावा थप नीतिहरू तर्जुमा र कार्यान्वयन तर्फ खास पहलहरू गर्न बाँकी रहेको देखिन्छ । संघीय सरकारबाट तर्जुमा गरिएका नीतिहरूको कार्यान्वयन स्थल सम्बन्धित पालिकामा बसोबास गर्ने भूमिहीन किसानहरूका बस्तीहरू हुन् । अध्ययनको क्रममा गरिएको समूह छलफल, जानकारहरुसँगको अन्तर्वार्ता तथा लक्षित समूह भेटघाटमा व्यक्त विचारहरू विश्लेषण गर्दा संघीय सरकारका नीति अनुरूप कार्यक्रम र लक्षित समूहको बस्तीमा देखिने गरेको परिर्वतनहरू प्रभावित हुन सकेको देखिदैन ।

लक्षित समूहको अर्थपूर्ण परिर्वतनका लागि धरातलीय वास्तविकतामा आधारित नीति बन्नु पर्दछ । असल नीति बनाउँदैमा परिर्वतन हुँदैन । नीतिले अपेक्षा गरेको नतिजा प्राप्तिका लागि नीति सापेक्ष कार्यक्रम र ती कार्यक्रमहरू कार्यान्वयन हुन आवश्यक हुन्छ । अध्ययन तथा अनुभवहरूले भूमिहीन किसान सम्बन्धी नीतिले कार्यान्वयनमा निम्न चुनौतीहरू रहेको देखिन्छ ।

- <u>एकांकी पहल र प्रतिवद्धता</u>: भूमिहीन किसानहरुको जीविकोपार्जन राष्ट्रिय समस्या हो र यसको समाधान गर्न पनि राष्ट्रिय प्रतिवद्धता चाहिन्छ । भूमिहीन किसानका वहुसरोकारहरुको सम्बोधन गर्न राज्यका विभिन्न निकायहरुबाट एकीकृत प्रयास गरिएमा मात्र सम्भव हुन्छ । अध्ययनको क्रममा यस्ता प्रयासहरु गरिएको भेटिएन ।

- साझा नीतिको अभाव: संघीय सरकारबाट तर्जुमा गरिएका भूमिहीन किसान सम्बन्धी नीतिहरू प्रदेश सरकार र पालिकाहरूबाट आत्मसात गरेको पाइदैन भने ती सरकारहरूबाट भूमिहीन किसान सम्बन्धी नीति अनुसार छुट्टै नीति तथा कार्यक्रम तर्जुमाका लागि खासै पहलहरु गरिएको देखिदैन ।
- नीति अनुसार कार्यक्रम तयार नहुनु : नीति तर्जुमा पश्चात सबै तहका सरकार आवधिक तथा वार्षिक कार्यक्रम र नीति कार्यान्वयन गरी नीतिले अपेक्षा गरेको परिणाम प्राप्तितर्फ केन्द्रित भएको पाइदैन ।
- नीति, कार्यक्रम र बजेट बीच तालमेल नहुनु : नीति अनुसारका कार्यक्रम र कार्यक्रम कार्यान्वयनको लागि आवश्वक आर्थिक तथा मानवीय क्षेत्र बीच तालमेलको कमी हुनु ।
- साझा प्रतिवद्धता : कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने हरेक तह र निकायहरू कार्यक्रम कार्यान्वयन र प्रतिफल प्राप्तितर्फ प्रतिवद्ध हुनुपर्दछ । कार्यक्रम तर्जुमा र कार्यान्वयनको समन्वयन गर्नुपर्दछ तब मात्र अपेक्षित प्रतिफल प्राप्त हुन्छ ।
- वितरणमुखी छड्के कार्यक्रम : संघ, प्रदेश र स्थानीय सरकारबाट यदाकदा भूमिहीन किसानहरुका लागि केही वितरणमुखी कार्यक्रम सञ्चालन गरिएको पाइन्छ । तर यस्ता कार्यक्रमले उनीहरुको जीविकोपार्जनमा खासै परिणाम ल्याउन सकिरहेका छैनन् भने कार्यक्रमले निरन्तरता पाएको पनि देखिदैन । प्रत्येक वर्ष फरक फरक स्थानमा गरिने यस किसिमका कार्यक्रमको तथ्यगत सरकारी अभिलेख पनि पाइदैन ।
- एक वर्षे कार्यक्रम : भूमिहीन किसान लक्षित एक वर्षे कार्यक्रमहरु पनि अर्को वर्ष गरिएको पाइएन । अधिकांश कार्यक्रहरु नेतृत्व परिवर्तनसँगै परिवर्तन भएको पाइयो ।

## ४.८ भूमिहीन किसान लक्षित कृषि सम्बन्धी जीविकोपार्जन सुधारका कार्यक्रमहरुको मामला अध्ययन

भूमिहीन किसान लक्षित कृषि सम्बन्धी जीविकोपार्जन सुधारका कार्यक्रमहरुको गहिरो विश्लेषण गरी भावी कार्यक्रमको सुझावका लागि दिशानिर्देश गर्न सकोस भन्ने हेतुले केही सफल कार्यक्रमहरुको मामला अध्ययन गरिएको थियो । अध्ययनको क्रममा तयार पारिएका भूमिहीन किसान लक्षित कृषिसँग सम्बन्धित जीविकोपार्जन सुधारका कार्यक्रमका मामलाहरुको पूर्ण विवरण यस प्रतिवेदनको अनुसूची ६ मा दिइएको छ भने सार मात्र यस खण्डमा प्रस्तुत गरिएको छ ।

१. नेपालको सिराहा जिल्लाका साथै भारतको पश्चिम बंगाल र विहार प्रान्तमा अति विपन्न र सीमान्तकृत किसानहरुले निजी जमिन भाडामा लिई सामुहिक खेतीको परीक्षण गरेका थिए । यसमा निजी जग्गा भाडामा लिने, सामुहिक खेती गर्ने, किसानको क्षमता विकास गर्ने आदि मुख्य क्रियाकलापहरु गरेका थिए । यसरी भाडामा लिएको जमिनमा सामुहिक खेती गर्दा जमिनको चक्लाबन्दी हुन गई सघन खेती, उत्पादनमा विविधीकरण, उत्पादन र उत्पादकत्वमा वृद्धि भइ जीविकोपार्जन सुधारमा सहयोग पुगेको देखिन्छ । सामाजिक परिचालनका क्रियाकलापबाट उनीहरुको जमिनदारसँगको सौदाबाजी क्षमता वृद्धि भइ जमिनको भाडा दरमा कमी आएको छ । सामुहिक कृयाकलाप र चक्लाबन्दीका कारण उत्पादनका सामग्री खरिद तथा प्रयोगका साथै श्रम र औजार उपकरणको प्रयोगमा प्रभावकारितामा वृद्धि भइ उनीहरुको जीविकोपार्जनमा सुधार आएको छ ।

२. भारतको माहात्मा गान्धी राष्ट्रिय रोजगार कानुन अन्तर्गत ग्रामीण रोजगारीका कार्यक्रम सँगसँगै विपन्न समुदाय लक्षित आयआर्जन सुधारका कार्यक्रमहरु समेटेर सम्बन्धित सबै निकायको समन्वय र सहकार्यमा एकीकृत रूपमा कार्यान्वयन गर्दा लक्षित समुदायको जीविकोपार्जनमा दिगो सुधार आएको छ । यस अन्तर्गत भूमिहीन किसानहरुको पहिचान, सामाजिक परिचालनबाट उनीहरुको प्राविधिक, सामाजिक र

राजनैतिक क्षमता विकास, उनीहरुकै सहभागिता र अगुवाइमा उनीहरुको जीविकोपार्जन सुधारका योजनाहरु, ती योजनाहरु सम्बन्धित पालिकाको सभाबाट पारित, सरकार वा अन्य निकायहरुबाट संचालन गरिने समुदाय लक्षित कार्यक्रमहरु पालिकाको समन्वयमा स्वीकृत योजनामा केन्द्रित, सम्बन्धित सबै निकायहरुको समन्वय र सहकार्यमा योजनाहरुको कार्यान्वयन गर्दा जीविकोपार्जन सुधारका लक्ष्यहरु पुरा भएको देखिन्छ ।

३. भूमिहीन किसानहरुको सही छनौट गरी जमिन वितरण र जीविकोपार्जन सुधारका क्रियाकलापहरु कार्यान्वयन गर्न सकेमात्र उनीहरुको जीविकोपार्जनमा सुधार सम्भव रहेको देखिन्छ ।

४. भगवानपुर गाउँपालिका सिराहामा स्थानीय पालिका, खाद्य अधिकार परियोजना, र लिवर्ड नेपालको संयुक्त पहलमा भाडामा लिएको जग्गामा सामुहिक उत्पादन गर्दा अति विपन्न महिलाहरुको जीविकोपार्जनमा प्रभावकारी रूपमा सुधार सम्भव भएको छ । खाद्य अधिकार परियोजनाले सामाजिक परिचान र सशक्तीकरण, स्थानीय पालिकाले भाडाको जग्गा व्यवस्था, लिवर्ड नेपालले सोलार पम्प, उत्पादन सामग्री र प्राविधिक क्षमता विकासका कार्यहरुमा एकीकृत सहयोग गर्दा अति विपन्न महिलाहरुको जीविकोपार्जनमा सुधार सम्भव देखिएको छ ।

५. नेपालमा लागू गरिएको Livelihood and Forestry Program अन्तर्गत मध्य तराइका नवलपरासी, रूपन्देही र कपिलवस्तु जिल्लाका दक्षिणी भेगका अति विपन्न भूमिहीनहरुको जीविकोपार्जन सुधारका लागि खेर गैरहेको सार्वजनिक, नदी उकास र वन क्षेत्रको जग्गा भाडामा उपलब्ध गराउने, सामाजिक परिचालनको माध्यमबाट उनीहरुको सौदाबाजी क्षमता बढाउनुका साथै सामाजिक, आर्थिक र राजनैतिक क्षमता विकास गर्ने, उनीहरुकै सहभागितामा आयआर्जनका योजना तर्जुमा गर्ने कार्यबाट अति विपन्न परिवारको जीविकोपार्जन सुधार भएको देखिन्छ ।

६. सामाजिक परिचालनबाट विपन्न किसानहरुको सौदाबाजी क्षमता विकास, स्थानीय सरकारबाट बाँझो तथा खेर गैरहेको जमिन वितरण, जग्गा सुधारका लागि लगानी सहयोग, विपन्न किसानहरुको सञ्जाल विकास र आयआर्जनका क्रियाकलापसँगसँगै सञ्चालित गरिए मात्र उनीहरुको जीविकोपार्जनमा सुधार गर्न सकिन्छ ।

## ४.९ भूमिहीन किसान लक्षित कृषि सम्बन्धी जीविकोपार्जन सुधारका कार्यक्रमको मामला अध्ययनका सिकाइहरु

१. **भूमिहीन किसानहरुको जीविकोपार्जन सुधार र सामाजिक दायित्वः** भूमिहीन किसानहरु सामाजिक, आर्थिक र राजनैतिक हिसाबले अति पीछडिएका छन् । जीविकोपार्जनमा सुधार गरी सामाजिक आर्थिक रूपमा सबलीकरण गर्न सके मात्र उनीहरुको उन्नति हुनसक्छ । यसका लागि एकल वा एकाङ्की कार्यक्रमबाट सम्भव हुन सक्दैन । त्यस कारण भूमिहीन किसानहरुको उत्थानका लागि समग्र जीविकोपार्जनमा सुधार हुने र सुधारको निरन्तरता हुने गरी एकीकृत कार्यक्रमहरु सञ्चालन गर्नु आवश्यक देखिन्छ ।

२. **उत्पादनका लागि उत्पादनशील भूमि व्यवस्था :** कृषि उत्पादनका लागि उत्पादनशील भूमि पहिलो सर्त भएकोले उत्पादक किसानहरुका आवस्यकता र क्षमता अनुसार भूमि उपलब्ध हुनु पर्दछ । उनीहरुलाई उत्पादनशील भूमि उपलब्ध गराउन संघ, प्रदेश र पालिका सरकारबाट संयुक्त प्रयास तथा साझा प्रतिवद्धता जरुरी हुन्छ । भूमिहीन किसानहरुलाई आवश्यक जग्गा उनीहरुको स्वामित्व र नियन्त्रण गराउन सके अति उत्तम हुने देखिन्छ । यदि यसरी उपलब्ध गराउन सकिएन भने उत्पादनमा प्रयोग गर्न योग्य सार्वजनिक जमिन निश्चित अवधिका लागि व्यक्तिगत वा सामुहिक रूपमा उपलब्ध गराउन

स्थानीय सरकारको सहजीकरणमा लामो अवधिका लागि निजी जग्गा उपलब्ध गराउने, नदी उकास र जग्गा सुधार गरी भूमिहीन किसानलाई सामुहिक वा व्यक्तिगत तवरले खेती गर्न उपलब्ध गराउने ।

३. **भूमिहीन किसानको पहिचान :** सबै भूमिहीन किसानहरुले आफ्नै व्यवस्थापन र नियन्त्रणमा रहने गरी कृषि तथा पशु उत्पादन कार्य गर्न रुचि राख्दैनन् । केही आफ्नै उत्पादनका कार्य, केही कृषि क्षेत्रमा ज्यालादारीमा काय गरी र केही गैर कृषि क्षेत्रमा ज्यालादारी वा अन्य काम गरी जीविकोपार्जन चलाई रहेका छन् । यस्तो अवस्थामा सबै भूमिहीनहरुलाई उत्पादनशील भूमि हुँदैमा कृषि उत्पादन कार्य गर्दछन् भन्ने निश्चित हुँदैन । यस कारण भूमिहीन किसानहरुको जीविकोपार्जनको लागि कृषि सम्बन्धी कार्यक्रम बनाउँदा सबैभन्दा पहिले वास्तविक भूमिहीन किसान पहिचान गर्नुपर्दछ ।

४. **सामुहिक भावनाको विकास :** भूमिहीन किसानहरुका एकल प्रयासले मात्र नहुने हुँदा सामुहिक भावनाको विकास हुने गरी सामाजिक परिचालनका कार्यक्रमसँगै अन्य जीविकोपार्जनका कार्यक्रमहरु सञ्चालन गर्ने ।

५. **भूमिहीन किसान परिवारको क्षमता विकास :** भूमिहीन किसानलाई उत्पादन तथा व्यवसाय व्यवस्थापन सम्बन्धी क्षमता विकासमा निरन्तर सहयोग गर्ने ।

६. **उत्पादन सामग्रीमा पहुँच :** भूमिहीन किसानहरुलाई आफूले गर्ने उत्पादन र व्यवसाय सम्बन्धी उच्च गुणस्तरका उत्पादन सामग्रीहरु जस्तो बिउ बिरुवा, नश्ल सुधार, मल खाद, पशु आहार, पशु औषधी, विषादी, औजार आदिमा उनीहरुको पहुँच वृद्धि हुने गरी र व्यवस्थापनमा उनीहरुलाई लाभ हुने गरी उत्पादन हुन सक्छ ।

७. **वित्तीय सेवामा पहुँच :** भूमिहीन किसानहरुलाई आफ्नो परिवारको जीविकोपार्जका लागि खर्च पुग्ने गरी आम्दानी, उत्पादन र व्यवसायमा लगानी गर्न सक्ने गरी ऋणमा पहुँच, घुम्ती कोषको व्यवस्था आदि सेवाहरु एकीकृत रूपमा दिइएमा कार्यक्रमबाट आशातीत उपलब्धी प्राप्त हुन्छ ।

८. **जोखिम न्यूनीकरण :** कृषि उत्पादनको कार्य खुला वातावरणमा गरिने हुँदा हावापानी तथा वातावारणीय उतार चढावबाट बढी क्षति हुने गर्दछ । भूमिहीन किसानहरुको जोखिम वहन गर्ने क्षमता कमजोर हुने हुँदा प्रभावकारी बाली तथा पशु बिमा र स्थानीय स्तरमा उत्पादन जोखिम कोषको व्यवस्था गरी उत्पादनमा हुने क्षतिको शोध भर्नाको व्यवस्था गर्दा उनीहरु उत्पादनका काममा प्रेरित हुन्छन् ।

## ४.१० भूमिहीन किसानहरूको जीविकोपार्जन सुधारका लागि उपयुक्त कृषि विकास कार्यक्रमहरू

### ४.१०.१ भूमिहीन किसानहरूको जीविकोपार्जन सुधारका लागि उपयुक्त कृषि विकास कार्यक्रमहरू छनौटका आधारहरु

यस प्रतिवेदनको खण्ड ४.१, ४.२ र ४.३ मा गरिएको विश्लेषणमा आधारमा भूमिहीन किसानहरुको जीविकोपार्जन सुधारका लागि कृषि सम्बन्धी कार्यक्रमहरु छनौट गर्दा निम्न पक्षहरुका आधारमा गर्नु उपयुक्त देखिन्छ ।

१. **जीविकोपार्जन सुधारका लागि एकीकृत कार्यक्रमः** ग्रामीण भूमिहीन किसानहरुले आफ्ना परिवारको जीविकोपार्जनका लागि बहुआयमिक चुनौतिको सामना गरिरहेका हुन्छन् । जीविकोपार्जनका लागि आवश्यक सम्पत्तीमा उनीहरुको पहुँच नहुनु यसको प्रमुख कारण रहेको छ । यदाकदा छरिएर गरिने एकल प्रयासहरुले उनीहरुका बहुआयमिक समस्याहरुको सामाधान गर्न सक्दैनन् । भूमिहीन किसानहरुको जीविकोपार्जनका विभिन्न विकल्पहरु हुन्छन् र एउटा मात्र विकल्प केन्द्रित कार्यक्रमबाट उनीहरुका

समस्याहरुको समाधान पनि सम्भव हुँदैन । यसरी बहु-आयामिक चुनौतीहरूलाई सामना गरिरहेका सीमान्तकृत परिवारहरुको दीर्घकालीन सामाजिक आर्थिक उन्नति गर्न उनीहरुका जीविकोपार्जनका आधारभूत साधनहरु (सम्पत्ती) मा पहुँचको सुनिश्चितता प्रदान हुने गरी सम्भव विकल्पहरुलाई एकीकृत गरी समग्र दृष्टिकोणका कार्यक्रमहरु एकद्वार प्रणालीका रूपमा कार्यान्वय गर्नुपर्ने यस अध्ययनले निष्कर्ष निकालेको छ । यस अध्ययनले दिशा निर्देश गरेका यिनै वस्तुगत तथ्यहरुलाई आधार मान्दै एकल प्रकृतिका एक कार्यक्रम भन्दा "भूमिहीन किसानहरुको दीर्घकालीन जीवनस्तर सुधारका लागि एकीकृत कार्यक्रम" सुझावको रूपमा प्रस्तुत गरिएको छ ।

२. **आयआर्जनका श्रोतमा विविधता :** भूमिहीन किसानहरुको एकल आय स्रोतमा निर्भरता जोखिमपूर्ण हुने हुँदा उनीहरुको जीविकोपार्जनका श्रोतहरु स्थानीय सम्भावना अनुसार विविधीकरणलाई बढवा दिने गरी विविध कार्यक्रम एकीकृत रूपमा सञ्चालनमा जोड दिनु उपयुक्त ठहऱ्याइएको छ। भूमिहीन किसानहरुको जीविकोपार्जन बहु आयामिक लाभ दिने गरी आयआर्जनका गतिविधिहरूमा संलग्न हुन प्रोत्साहित गर्दछ । यसले उनीहरुका जोखिमहरूलाई कम गर्न मात्र मद्दत गर्दैन प्राप्त आयश्रोतमा स्थिरता र लचिलोपना पनि बढाउँदछ। स्थानीय सम्भाव्यता, भूमिहीन किसानका चाहना, आवश्यकता, उनीहरुको तात्पर्यता र क्षमताका आधारमा साना-साना उत्पादन, पशुधन पालन, गैर-कृषि उद्यमहरू, स्थानीय कुटीर उद्योगहरू, वन पैदावार लगायत अन्य प्राकृतिक श्रोतमा आधारित कृषि, पशु उत्पादन र स्थानीयस्तरमा रोजगारीमा अवसर बढ्ने गरी एकीकृत रूपमा सञ्चालित कार्यक्रमबाट उनीहरुको जीविकोपार्जनमा दिगो रूपमा सुधार ल्याउने गरी कार्यक्रम सञ्चालन गर्नु पर्दछ ।

३. **सामाजिक सुरक्षा र संरक्षण :** जग्गा विहीन किसानहरूका जीविकोपार्जनका जोखिमहरू न्यूनीकरण गर्न र उनीहरुको परिवारका बालबालिकाको सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिमा उनीहरुलाई सुनिश्चित बनाउन राज्यले सञ्चालन गर्ने सामाजिक सुरक्षाका कार्यक्रम र आय आर्जनका कार्यक्रमहरु एकीकृत रूपमा सञ्चालन गर्नु पर्दछ । सामाजिक सुरक्षाका योजनाहरू, रोजगार कार्यक्रम, स्वास्थ्य बिमा, बाली बिमा, पशु बिमा, जोखिम न्यूनीकरण कोष, महिला कृषक सशक्तीकरण लगायत अन्य कार्यक्रमहरु एकीकृत रूपमा सञ्चालन गनुपर्दछ ।

४. **खाद्य तथा पोषण सुरक्षा :** भूमिहीन किसान परिवारका महिला तथा बालबालिकाका लागि खाद्य तथा पोषण सुरक्षा राज्यको दायित्व अन्तर्गत पर्दछ । यसका लागि स्थानीय सम्भाव्यता, श्रोत र किसानका क्षमताका आधारमा कृषिसँग सम्बन्धित खाद्य तथा पोषण सुरक्षाका क्रियाकलापहरु सञ्चालन गर्नु उपयुक्त देखिन्छ । यसमा मुख्यतः वीउ, विरुवा, पशु नश्ल सुधार लगायतका उत्पादनका सामग्रीहरु उपलब्ध गराउने, उत्पादन प्रविधि र सही उपयोगका विषयहरुमा तालिम प्रदान गर्ने र आफ्नै उत्पादनबाट अपुग किन्न सक्ने गरी आय आर्जनमा अवसरहरु स्थानीय स्तरमै उपलब्ध हुनुपर्दछ ।

५. **सामाजिक परिचालन :** भूमिहीन किसानहरु सामाजिक आर्थिक रूपमा पीछडिएका समुदाय हुन् । जीविकोपार्जनका साधनहरुका पहुँच सुनिश्चित गराउन उनीहरुलाई सामाजिक रूपमा सशक्त पार्नु पर्दछ । यसका लागि उनीहरुलाई समूहमा आवद्ध गर्ने, समूह सञ्चालन, आफ्ना योजनाहरु आफै तर्जुमा गर्ने वातावरण, उनीहरुको हकहितका सवालहरुमा आफै वकालत गर्ने गरी सक्षम गराउन सामाजिक परिचालनका कार्यहरु सँगै सञ्चालन गर्नुपर्दछ ।

६. **संसाधनमा पहुँचः** भूमिहीन किसानहरु जमिन, स्थानीय प्राकृतिक श्रोत, संस्थागत ऋण, उत्पादनका साधनहरु क्रेडिट, आदिमा पहुँच नभएका हुन्छन् । उनीहरुका योजनाहरू, समुदायमा आधारित पहलहरू र सम्बन्धित सरोकारवालाहरूसँग साझेदारी मार्फत यी संसाधनहरूमा पहुँच पुऱ्याएर उनीहरुको आयआर्जनमा सुधार ल्याउनु पर्दछ ।

### ४.१०.२ भूमिहीन किसानहरूको जीविकोपार्जन सुधारका लागि उपयुक्त कृषि विकास कार्यक्रमहरू

यस अध्ययनका आधारमा भूमिहीन किसानहरुको जीविकोपार्जन सुधारका कृषि सम्बन्धी जीविकोपार्जन सुधार र खाद्य तथा पोषण सुरक्षा गरी दुई प्रकृतिका कार्यक्रमहरु सञ्चालन गर्न उपयुक्त देखिन्छ । त्यस्ता कार्यक्रमहरुको नमुना यस खण्डमा प्रस्तुत गरिएको छ ।

- **वास्तविक भूमिहीन किसानहरुको पहिचान:** भूमिहीन सुकुम्बासी, मुक्त हलिया, मुक्त कमैया, कमलरी, हरवा, चरवा पहिचान गरी वास्तविक भूमिहीन किसानहरुको स्थानीय सरकारले अभिलेखीकरण गर्नु पर्दछ। यसरी पहिचान गरी भूमिहीनहरुलाई भूमिहीन किसान, भूमिहीन कृषि श्रमिक, भूमिहीन गैर कृषि श्रमिकमा विभाजन गरी अभिलेखीकरण गर्ने ।

- **सामाजिक परिचालन:** कृषि उत्पादन कार्य गर्न तत्पर वास्तविक भूमिहीन किसान परिवारको पहिचान गर्ने, समूहहरु गठन तथा सञ्चालन गर्ने, उनीहरुको क्षमता विकास गर्ने, स्थानीय सम्भावना, बजारको माग र उनीहरुको क्षमता आँकल गरी जीविकोपार्जका योजना बनाउने, भूमिहीन किसानका समूह समूह बीच तेस्रो र ठाडो सम्बन्ध विस्तार गर्ने ।

- **उत्पादनशील जमिनको व्यवस्था:** स्थानीय स्तरमा भूमिहीन किसान परिवारलाई कृषि कार्यका लागि उपलब्ध कृषि योग्य सार्वजनिक र निजी जमिन पहिचान गर्ने, सो जमिन उत्पादन कार्यका लागि उनीहरुलाई उपलब्ध गराउने विधि र शर्तहरु तयार गरी कार्यान्वयन गर्ने ।

- **आयआर्जनका क्रियाकलाप निर्धारण:** लक्षित भूमिहीन किसान परिवारको उत्पादनका लागि भूमिको उपलब्धता, स्वामित्वको निश्चितता, माटोको उर्वराशक्ति ,स्थानीय हावापानी सुहाउने गरी अन्नबाली, नगदेबाली, तरकारी, फलफूल, मसला लगायत दुध उत्पादन, बाख्रा पालन, पंक्षी पालन, माछा पालन, वनमा आधारित जडिवुटी उत्पादन आदि उत्पानका लागि खुल्ला भूमि आवश्यक भएकाले त्यस प्रकृतिको भूमि छनौट गर्ने । उत्पादनका लागि जग्गा उपलब्ध नभएको अवस्थामा थोरै जमिनमा सघन उत्पादन गर्न सकिने, बजारको माग बढी भएका वस्तुहरु वा अर्ध नियन्त्रित वातावरणमा उत्पादन गर्न सकिने बालीहरु च्याउ खेती, माहुरी पालन, रेशम कीरा पालन, वंगुर पालन, कुखुरापालन, पलाष्टिक घरमा खेती आदि छनौट गरी स्थानीय सम्भाव्यताका आधारमा आयआर्जनका कार्यक्रम सञ्चालन गर्नु उपयुक्त देखिन्छ ।

- **जमीनको चक्लाबन्दी हुनेगरी सामुहिक खेती :** सामुहिक खेतीका लागि योगदान र योगदानमा आधारित प्रतिफल वितरण कार्य विधि तर्जुमा, सामुहिक खेती गर्ने किसानका लागि विशेष सुरक्षा सहयोग कार्यक्रम आदिका आधारमा उत्पादनशील भूमिको चक्लावन्दी हुने गरिका कार्यक्रमहरु उपयुक्त देखिन्छन ।

- **मूल्य-प्रवर्धन :** प्याकेजिङ, ग्रेडिङ र कृषि उत्पादनहरूको प्रशोधन आदि ।

- **क्षमता विकास :** छनौट गरिएका आयआर्जनका कार्यहरु गर्न प्रविधिमा आधारित ज्ञान तथा सीप विकास गर्ने गरी तालिम, भ्रमण, गोष्ठी आदि समूह वा सहकारीलाई समूह, सहकारी व्यवस्थापन, अभिलेखीकरण, वित्तीय व्यवस्थापन, वित्तीय योजनामा तयारी वार्षिक योजना तयारी, अनुगमन मूल्यांकन, सञ्जाल विकास र वकालत आदि ।

- **प्रविधि र उत्पादनका साधनहरु :** वीउ, विरुवा, पशु नश्ल सुधार, पशु आहार, औजार उपकरण, सिंचाइ, पशु औषधी, विषादी आदि ।

- **वित्तीय सेवा :** कृषि व्यवसायमा लगानीको लागि किफायती लघुवित्त सेवा, संस्था वा सरकारी प्रायोजित क्रेडिट कार्यक्रमहरू, सहुलियत ऋण, घुम्ती कोष, जोखिम कोष आदि ।

- **बजारीकरण सहयोग :** बजार सूचना प्रणालीको विकास, बजार सम्वर्द्धधन विकास आदि ।

- **अनुगमन मूल्याकन :** आवधिक समीक्षा, स्थलगत अनुगमन, प्रतिवेदन, अभिलेखीकरण ।

### ४.१०.३ भूमिहीन किसानहरूको खाद्य तथा पोषण सुरक्षका लागि उपयुक्त कृषि विकास कार्यक्रमहरू

- **उत्पादन कीट वितरणः** स्थानीय भूमिहीन किसानहरुको बसोबास रहेको क्षेत्र र सो को आसपासमा उनीहरुलाई उपलब्ध जमिनका सुहाउँदा उत्पादन कीट वितरण गर्ने ।

  - **पोषणका लागि फलफूल विरुवा वितरण :** स्थानीय सम्भाव्यताका आधारमा ओखर, खुर्पानी, स्याउ, आँप, मेवा, अनार, जुनार, सुन्तला, कागती, निवुवा, एभोकार्डो आदिका विरुवा वितरण ।
  - **पोषणाका लागि तरकारी उत्पादन कीट वितरणः** स्थानीय सम्भाव्यता र बजार पहुँचका आधारमा आलु, काउली, बन्दा, रायाको साग, चमसुरको साग, बेथेको साग, पालुङ्गाको साग, तिते केरेला, भाण्टा, बोडी, फर्सी, फर्सीको मुन्टा, सिमी आदिको वीउ, मल, औजार सहितका कीट उपलब्ध गराउने ।
  - **मसला बाली उत्पादन कीट वितरणः** स्थानीय सम्भाव्यताका आधारमा अलैंची, अदुवा, लसुन, बेसार, खुर्सानी आदि खेतीकार्यका लागि वीउ, विरुवा वितरण गर्दा उनीहरुका आम्दानीमा बृद्धि ल्याई सो आम्दानीवाट पोषण यूक्त खाना खरिद गरी खपत वढाउने खालका कार्यक्रमरु स्थान विषेशका हाधारमा उपयुक्त रहन्छन ।
  - **साना पशु तथा पंक्षीका नश्ल वितरणः** खोर निर्माण सहयोग सहित वंगुर र बाखाका पाठा पाठी वितरण, कुखुरा र हाँसका चल्लाहरु वितरण र चिया, कफीका विरुवा वितरण, माछाका भूरा वितरण आदि ।
  - **दुग्ध उत्पादनका लागि नश्ल वितरणः** भूमिहीन किसान परिवारको पोषण सुधार हुनेगरी दुग्धजन्य उत्पादन खपत र बजारमा बिक्री गरी उनीहरुको नगद आम्दानी वृद्धि गर्ने गरी बाच्छी र पाडी वितरण गर्ने ।
  - **भूमिहीन परिवार लक्षित स्थानीय स्तरमा रोजगारी मूलक सीप विकास कार्यक्रमः** भूमिहीन परिवारका युवाहरूको लागि कृषि उद्यम, बजारीकरण र मूल्य श्रृङ्खला सम्बन्धी क्षमता विकास तालिम कार्यक्रमहरू आयोजना गर्नु उपयुक्त हुन्छ । कृषिमा युवा सहभागिता बढाउनको लागि कार्यक्रमहरू गर्नुपर्छ ।
  - **भूमिहीन किसानका लागि स्थानीय स्तरमा स्वरोजगार कार्यक्रमः** स्थानीय स्तरमा उत्पादन व्यवसाय, परम्परामा आधारित सीप विकासका लागि क्षमता विकास र व्यवसाय स्थापना सहयोग, स्थनीय स्तरमा सञ्चालन हुने व्यवसाय सहयोग आदि कार्यक्रम ।
  - **प्राविधिक क्षमता विकास कार्यक्रमः** कृषि वस्तु उत्पादन, उत्पादनको मूल्य अभिवृद्धि र बजारीकरणका लागि क्षमता विकासका कार्यक्रम ।

# परिच्छेद ५: निष्कर्ष तथा सुझावहरु

## ५.१ निष्कर्ष

परिवारको जीविको पार्जनका न्यूतम आवश्यकता पुरा भएको र आफ्ना बालबालिकाहरु सामाजिक, आर्थिक, सांस्कृतिक र राजनैतिक रूपमा सुरक्षित रहेको उनीहरुले नठान्दा सम्म अति विपन्न भूमिहीन किसानहरुको दिगो विकास सम्भव हुँदैन । ग्रामीण भूमिहीन किसानहरुले आफ्ना परिवारको जीविकोपार्जनका लागि बहुआयमिक चुनौतिको सामना गरिरहेका छन् । उनीहरुको जीविकोपार्जनका लागि विभिन्न विकल्पहरु रहेका छन् । एउटा मात्र विकल्प केन्द्रित कार्यक्रमबाट उनीहरुका समस्याहरुको समाधान सम्भव छैन् । यसरी बहु-आयामिक चुनौतीहरूलाई सामना गरिरहेका सीमान्तकृत परिवारहरुको दीर्घकालीन सामाजिक आर्थिक उन्नति गर्न उनीहरुका जीविकोपार्जनका आधारभूत साधनहरु (सम्पत्ती) मा पहुँचको सुनिश्चितता प्रदान हुने गरी सम्भव विकल्पहरुलाई एकीकृत गरी समग्र कार्यक्रम एकद्वार प्रणालीका रूपमा कार्यान्वय गर्नुपर्ने यस अध्ययनको निचोड रहेको छ । यिनै वस्तुगत तत्थ्यहरुलाई आधार लिंदै एकल प्रकृतिका निकाय अनुसार बेग्ला बेग्लै कार्यक्रम भन्दा सम्बन्धित सबै निकायहरुको साझा प्रयासमा “भूमिहीन किसानहरुको दीर्घकालीन जीवनस्तर सुधारका लागि एकीकृत कार्यक्रम” सुझावको रूपमा प्रस्तुत गरिएको छ ।

जीविकोपार्जनका साधनहरुमा पहुँच सुनिश्चित गराउन उनीहरुलाई समूहमा आवद्ध गर्ने, समूह सञ्चालन, आफ्ना योजनाहरु आफै तर्जुमा गर्ने, आफ्ना हकहितका सवालहरुमा आफै वकालत गर्ने गरी सक्षम र सबल गराउन सामाजिक परिचालनका कार्यहरु सँगसँगै आय आर्जन र श्रोत साधनहरुमा पहुँचको सुनिश्चितता गराउनु पर्दछ ।

जग्गाविहीन किसानहरूका जीविकोपार्जनका जोखिमहरू न्यूनीकरण गर्न र उनीहरुका परिवारका बच्चाहरुको सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिमा उनीहरुलाई सुनिश्चित बनाउन राज्यले सञ्चालन गर्ने सामाजिक सुरक्षाका कार्यक्रम र आय आर्जनका कार्यक्रमहरु एकीकृत रूपमा सञ्चालन गर्नु पर्दछ ।

भूमिहीन किसान परिवारका महिला तथा बालबालिकाका लागि खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्नु राज्यको पहिलो दायित्व हो । यसका लागि स्थानीय सम्भाव्यता, श्रोत र किसानका क्षमताका आधारमा कृषि सँग सम्बन्धित खाद्य तथा पोषण सुरक्षाका कार्यक्रम सञ्चालन गर्नु पर्ने देखिन्छ ।

भूमिहीन किसानहरुको जीविकोपार्जनको सुनिश्चितताका लागि व्यावहारिक नीति निर्माण र उद्देश्यमुखी कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नु पर्दछ । भूमिहीन किसानको दिगो व्यवस्थापनका निम्ति उत्पन्न सबै किसिमका कमी कमजोरीलाई न्यूनीकरण गर्दै भविष्यका लागि परिणाममुखी नीति निर्माण र उद्देश्यमुखी कार्यक्रम तर्जुमा गरी कार्यान्वयन प्रक्रियामा ल्याउनका लागि गर्नुपर्ने सुधारका उपायहरुलाई यस अध्ययनले सुझावको रुपमा प्रस्तुत गरेको छ ।

## ५.२ सुझावहरु

यस अध्ययनका आधारमा भूमिहीन किसानहरुको जीविकोपार्जन सुधारका लागि **एकीकृत जीविकोपार्जन सुधारका लागि कृषि कार्यक्रम** र **भूमिहीन किसान लक्षित कृषि सम्बन्धी खाद्य तथा पोषण सुरक्षा कार्यक्रम** गरी दुई प्रकृतिका कार्यक्रमहरु सञ्चालन गर्नु उपयुक्त देखिन्छ । यस प्रकृतिका कार्यक्रमहरु के कसरी गर्न सकिन्छ र ती कार्यक्रमले भूमिहीन किसानहरुको जीवनस्तर सुधारका लागि के गर्न सकिन्छ भन्ने सम्बन्धमा सुझावहरु प्रस्तुत गरिएको छ ।

**अ. एकीकृत जीविकोपार्जन सुधारका लागि कृषि कार्यक्रम**

१. वास्तविक भूमिहीन किसानहरुको पहिचान गर्ने :

- वास्तविक भूमिहीन किसान परिवारहरुको अभिलेखीकरण गर्ने,
- वास्तविक भूमिहीन किसानहरुको वर्गीकरण गर्ने,
- वर्गीकृत भूमिहीन किसानलाई परिचयपत्र वितरण गर्ने ।

२. सामाजिक परिचालन :

- आयआर्जनका कार्यक्रमहरुमा सहभागिता र सक्रियताका लागि भूमिहीन किसानहरुको समूह गठन तथा परिचालन गर्ने,
- भूमिहीन किसान समूहका बीचमा समूहगत सञ्जाल विकास गर्ने,
- भूमिहीन किसानलाई समूहगत रुपमा योजना तर्जुमा गर्न अभिप्रेरित गर्ने,
- भूमिहीन किसान समूहको क्षमता विकासका लागि व्यावसायिक तालिम, गोष्ठी, अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गर्ने,
- भूमिहीन किसानाको जीविकोपार्जनका लागि गरिएका समूह गठन तथा सामाजिक परिचालन, सञ्जालको विकास र परिचालन, योजना तर्जुमा, अनुगमन तथा मूल्यांकन परिपाटीको विकास गर्ने,

३. उत्पादनशील जमिनको व्यवस्था :

- भूमिहीन किसानलाई उपलब्ध गराउन सक्ने जमिनको पहिचान (सार्वजनिक, नदी उकास, वन क्षेत्र र निजी) गर्ने,
- जीविकोपार्जनको निश्चित शर्त र जमिनको उपयोग सम्बन्धी कार्यविधि तयार गरी भूमिहीन किसानलाई उत्पादन योग्य जमिन उपलब्ध गराउने,

४. सम्भावना, आवश्यकता र तत्परताका आधारमा आयआर्जनका क्रियाकलाप सञ्चालन गर्ने :

- भूमिहीन किसानहरुको भौगोलिक जातीय र सामाजिक, सांस्कृतिक पक्षलाई ध्यान दिइ आय आर्जनका कार्यक्रम सञ्चालन गर्ने,
- भूमिहीन किसानहरुलाई विभिन्न किसिमका सीप मूलक तालिम कार्यक्रम सञ्चालन गर्ने,
- लघु तथा घरेलु सीप र व्यवसायमा भूमिहीन किसानलाई जोड्ने,
- भूमिहीन किसानलाई आधारभूत जमिन उपलब्ध गराई कृषि उत्पादन कार्यक्रम (अन्नबाली, नगदेबाली, मसला बाली, फलफूल उत्पादन तथा वनमा आधारित जडिबुटी, मौसमी तथा वेमौसमी तरकारी आदि) सञ्चालन गर्ने,
- उत्पादनका लागि आवश्यक जमिन उपलब्ध हुन नसकेको अवस्थामा सघन खेती वा अर्ध नियन्त्रित वातावरणमा उत्पादन गर्न सकिने बालीहरु च्याउ खेती, पलाष्टिक घरमा खेती, माहुरी पालन, रेशम कीरा पालन, मासुका लागि वंगुर, कुखुरा, खसी बाख्रा र माछा पालन कार्यक्रम सञ्चालन गर्ने,
- दुध उत्पादनका लागि गाई, भैंसी पालन कार्यक्रम सञ्चालन गर्ने,
- जीविकोपार्जनका लागि अन्य आयमूलक कार्यक्रम सञ्चालन गर्ने,

५. चक्लाबन्दी हुनेगरी सामुहिक खेती प्रवर्द्धन कार्यक्रम :

- सामुहिक खेतीका लागि कार्य विधि तर्जुमा गर्ने,
- सामुहिक खेती गर्ने किसानका लागि विशेष सुरक्षण कार्यक्रम सञ्चालन गर्ने,

६. मूल्य-प्रवर्द्धन तथा बजारीकरण सहयोग कार्यक्रम :

- भूमिहीन किसानलाई लेवलिङ, प्याकेजिङ, ग्रेडिङ र प्रशोधन तालिम सञ्चालन गर्ने,
- भूमिहीन किसानलाई कृषि बजार सञ्जालहरुमा सहभागी गराउने,
- बजार सूचना सहयोग,

७. क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने :

- बाली उत्पादन प्रविधि तालिम सञ्चालन गर्ने,
- पशु उत्पादन प्रविधि तालिम सञ्चालन गर्ने,
- समूह तथा सहकारी व्यवस्थापन तालिम सञ्चालन गर्ने,
- अभिलेखीकरण र वित्तीय व्यवस्थापन तालिम सञ्चालन गर्ने,

८. प्रविधि र उत्पादनका साधनहरुमा पहुँच विस्तार :

- उन्नत वीउ, विरुवा वितरण कार्यक्रम सञ्चालन गर्ने,
- उत्पादन सामग्री तथा औजार उपकरण वितरण गर्ने,
- पशु नश्ल सुधार तथा पोषणयुक्त आहार वितरण गर्ने,
- सिंचाइ तथा कृषि उत्पादनका पूर्वाधार विकास गर्ने,

९. वित्तीय सेवामा पहुँच विस्तार :

- किफायती लघुवित्त सेवा,
- संस्था वा सरकारी प्रायोजित क्रेडिट कार्यक्रम,
- सहुलियत ऋण सेवा,
- घुम्ती कोष तथा जोखिम कोष व्यवस्था,
- बाली तथा पशु बिमा कार्यक्रम,

१०. अनुगमन तथा मूल्यांकन

- आवधिक समीक्षा
- स्थलगत अनुगमन
- प्रतिवेदन तथा अभिलेखीकरण

११. सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रम :

- प्रधानमन्त्री रोजगार कार्यक्रम,
- महिला कृषक सशक्तीकरण,

- विपन्न समुदाय लक्षित अन्य कार्यक्रम,
- कृषक बिमा

**आ. भूमिहीन किसान लक्षित कृषि सम्बन्धी खाद्य तथा पोषण सुरक्षा कार्यक्रम :**

१. उत्पादन कीट वितरण :

- पोषणका लागि फलफूल विरुवा वितरण,
- पोषणाका लागि विभिन्न तरकारी वालीका विउ तथा विरुवा वितरण,
- उत्पादन कीट वितरण,
- मसला बाली उत्पादन कीट वितरण,
- नगदे बाली उत्पादन कीट वितरण,
- पशुपंक्षीका लागि नश्ल वितरण,
- दुग्ध उत्पादनका लागि नश्ल वितरण,

२. भूमिहीन परिवार लक्षित स्थानीय स्तरमा रोजगारी मूलक सीप विकास कार्यक्रम,
३. भूमिहीन किसानका लागि स्थानीय स्तरमा स्वरोजगार कार्यक्रम,
४. प्राविधिक क्षमता विकास कार्यक्रम,

**इ. नीतिगत पक्षमा सुधार**

१. लाभग्राहीको आवश्यकता र खास परिवेश सुहाउँदो कार्यान्वयनमा आउन सक्ने गरिएका नीति तर्जुमा प्रक्रियामा सुधार गर्ने ।
२. नीति तर्जुमा प्रक्रियामा सरोकारवालाहरूको व्यापक परामर्श तथा सहभागिता बढाउने ।
३. परिणाममुखी कार्यान्वयनप्रति उत्तरदायित्व वहन गर्ने ।
४. एक आपसमा बाझिने गरी निर्माण भएका सार्वजनिक नीतिको संशोधन गर्ने ।
५. राष्ट्रिय सवालहरूमा केन्द्रित रहेर नीति तर्जुमा गर्ने ।
६. नीति, कार्यक्रम र बजेट बीच तालमेल हुनेगरी वार्षिक कार्ययोजना बनाउने र परिणाम मुखी कार्यान्वयनमा प्रतिवद्धता व्यक्त गर्ने ।

## ५.३ सुझाव कार्यान्वयन तालिका

| क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|
| **अ. एकीकृत जीविकोपार्जन सुधारका लागि कृषि कार्यक्रम** | | |
| १. वास्तविक भूमिहीन किसानहरु र कृषिका लागि भूमिको पहिचान | सम्बन्धित पालिका | राष्ट्रिय किसान आयोग, संघीय कृषि तथा पशुपंक्षी विकास मन्त्रालय र प्रदेशका भूमि सुधार कृषि तथा सहकारी मन्त्रालय |
| २. सामाजिक परिचालन | सम्बन्धित पालिका | सम्बन्धित प्रदेश भूमि सुधार कृषि तथा सहकारी मन्त्रालय |
| ३. उत्पादनशील जमिनको व्यवस्था | सम्बन्धित पालिका | राष्ट्रिय किसान आयोग/संघीय कृषि तथा पशुपंक्षी विकास मन्त्रालय |
| ४. सम्भावना, आवश्यकता र तत्परताका आधारमा आयआर्जनका क्रियाकलाप सञ्चालन | सम्बन्धित पालिका | संघीय कृषि तथा पशुपंक्षी विकास मन्त्रालय/प्रदेश भूमि सुधार कृषि तथा सहकारी मन्त्रालय |
| ५. चक्लाबन्दी हुनेगरी सामुहिक खेती प्रवर्द्धन कार्यक्रम | सम्बन्धित पालिका | प्रदेश भूमि सुधार कृषि तथा सहकारी मन्त्रालय |
| ६. मूल्य-प्रवर्द्धन तथा बजारीकरण सहयोग | सम्बन्धित पालिका | प्रदेश भूमि सुधार कृषि तथा सहकारी मन्त्रालयल |
| ७. क्षमता विकासका कार्यक्रम सञ्चालन | सम्बन्धित पालिका | संघीय कृषि तथा पशुपंक्षी विकास मन्त्रालय/प्रदेश भूमि सुधार कृषि तथा सहकारी मन्त्रालय |
| ८. प्रविधि र उत्पादनका साधनहरुमा पहुँच विस्तार | सम्बन्धित पालिका | संघीय कृषि तथा पशुपंक्षी विकास मन्त्रालय/प्रदेशका भूमि सुधार कृषि तथा सहकारी मन्त्रालय |
| ९. वित्तीय सेवामा पहुँच विस्तार | संघीय कृषि तथा पशुपंक्षी विकास मन्त्रालय | अर्थ मन्त्रालय |
| १०. अनुगमन तथा मूल्यांकन | सम्बन्धित पालिका र सहभागि किसान | प्रदेश भूमि सुधार कृषि तथा सहकारी मन्त्रालय |
| ११. सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रम | संघीय कृषि तथा पशुपंक्षी विकास मन्त्रालय | अर्थ मन्त्रालय |
| **आ. भूमिहीन किसान लक्षित कृषि सम्बन्धी खाद्य तथा पोषण सुरक्षा कार्यक्रम** | | |

| | | |
|---|---|---|
| १. उत्पादन कीट वितरण | सम्बन्धित पालिका | प्रदेश भूमि सुधार कृषि तथा सहकारी मन्त्रालय |
| २. भूमिहीन परिवार लक्षित स्थानीय स्तरमा रोजगारी मूलक सीप विकास कार्यक्रम | सम्बन्धित पालिका | प्रदेश भूमि सुधार कृषि तथा सहकारी मन्त्रालय |
| ३. भूमिहीन किसानका लागि स्थानीय स्तरमा स्वरोजगार कार्यक्रम | प्रदेश सरकार | नेपाल सरकार/प्रधानमन्त्री रोजगार कार्यक्रम |
| ४. प्राविधिक क्षमता विकास कार्यक्रम | सम्बन्धित पालिका | प्रदेश भूमि सुधार कृषि तथा सहकारी मन्त्रालय |
| **इ. नीतिगत पक्षमा सुधार** | | |
| १. लाभग्राहीको आवश्यकता र खास परिवेश सुहाउँदा कार्यान्वयनमा आउन सक्ने गरी नीति तर्जुमा प्रक्रियामा सुधार | संघीय कृषि तथा पशुपंक्षी विकास मन्त्रालय | राष्ट्रिय किसान आयोग |
| २. नीति तर्जुमा प्रक्रियामा सरोकारवालाहरूको व्यापक परामर्श तथा सहभागिता | संघीय कृषि तथा पशुपंक्षी विकास मन्त्रालयल | भूमिहीन किसानका संगठन र सञ्जाल |
| ३. परिणाममुखी कार्यान्वयनप्रति उत्तरदायी | संघीय कृषि तथा पशुपंक्षी विकास मन्त्रालयल | प्रदेश भूमि सुधार कृषि तथा सहकारी मन्त्रालय |
| ४. एक आपसमा बाझिने गरी निर्माण भएका सार्वजनिक नीतिको संशोधन | संघीय कृषि तथा पशुपंक्षी विकास मन्त्रालय | प्रधानमन्त्री कार्यालय |
| ५. राष्ट्रिय सवालहरूमा केन्द्रित रहेर भूमिहीन किसान संवन्धित नीति तर्जुमा | संघीय कृषि तथा पशुपंक्षी विकास मन्त्रालयल | राष्ट्रिय किसान आयोग |
| ६. नीति, कार्यक्रम र बजेट बीच तालमेल हुनेगरी वार्षिक कार्ययोजना बनाउने र परिणाम मुखी कार्यान्वयनमा प्रतिवद्धता | संघीय कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, प्रदेश भूमि सुधार कृषि तथा सहकारी मन्त्रालय र सम्बन्धित पालिका | राष्ट्रिय किसान आयोग |

## सन्दर्भ सामग्री


- नेपालको संविधान २०७२
- भूमिसम्बन्धी ऐन, २०२१ को आठौं संशोधन
- राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक प्रतिवेदन
- भूमिसम्बन्धी समस्या समाधान आयोग, वार्षिक प्रतिवेदन, असार २०७८
- राष्ट्रिय भूमि आयोग, https://nlc.gov.np/ २०७९
- सुकुम्बासी समस्या समाधान आयोगको प्रतिवेदन, २०७२
- सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, (२०७०), किसान, खाद्य अधिकार, भूमि र कृषिसम्बन्धी किसानले जान्नैपर्ने केही नीति तथा कार्यक्रम, काठमाडौं
- आर्थिक सर्वेक्षण २०७८/७९, अर्थ मन्त्रालय
- कर्णाली प्रदेश, आ.व. २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम
- कोशी प्रदेश, आ.व. २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम
- गण्डकी प्रदेश, आ.व. २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम
- सुदूरपश्चिम प्रदेश, आ.व. २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम
- लुम्बिनी प्रदेश, आ.व. २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम
- मधेस प्रदेश, आ.व. २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम
- बागमती प्रदेश, आ.व. २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम
- बर्दिवास नगरपालिका, आ.व. २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम
- कालिका गाउँपालिका, आ.व.२०७९/८० को वार्षिक नीति तथा कार्यक्रम
- मध्यविन्दु नगरपालिका, आ.व.२०७९/८० को वार्षिक नीति तथा कार्यक्रम
- गढवा गाउँपालिका, आ.व.२०७९/८० को वार्षिक नीति तथा कार्यक्रम
- दंगीशरण गाउँपालिका, आ.व.२०७९/८० को वार्षिक नीति तथा कार्यक्रम
- बबई गाउँपालिका, आ.व.२०७९/८० को वार्षिक नीति तथा कार्यक्रम
- गुर्भाकोट नगरपालिका, आ.व.२०७९/८० को वार्षिक नीति तथा कार्यक्रम
- चौकुने गाउँपालिका, आ.व.२०७९/८० को वार्षिक नीति तथा कार्यक्रम
- जानकी गाउँपालिका, आ.व.२०७९/८० को वार्षिक नीति तथा कार्यक्रम
- गेरूवा गाउँपालिका, आ.व.२०७९/८० को वार्षिक नीति तथा कार्यक्रम
- वेदकोट नगरपालिका, आ.व.२०७९/८० को वार्षिक नीति तथा कार्यक्रम
- भीमदत्त नगरपालिका, आ.व.२०७९/८० को वार्षिक नीति तथा कार्यक्रम
- परशुराम नगरपालिका, आ.व.२०७९/८० को वार्षिक नीति तथा कार्यक्रम
- कृषि व्यवसाय (प्रवर्द्धन र व्यवसायीकरण) ऐन, २०७८
- भूमि सम्बन्धी ऐन, २०२१ आठौं संशोधनका मुख्य व्यवस्था

- भूमि सम्बन्धी (अठारौं संशोधन) नियमहरू, २०७७ मा भएका मुख्य व्यवस्थाहरू
- भूउपयोग नियमावली, २०७९
- भूमि बैंक सञ्चालन सम्बन्धी संक्षिप्त अवधारणामा भूमिहीन किसानलाई प्राथमिकता
- उच्चस्तरीय भूमि सुधार आयोगले २०६८ असार ४-२९ गते तयार गरेको प्रतिवेदनमा सुझाइएका मुख्य विषयहरू
- वैज्ञानिक भूमिसुधार सम्बन्धी उच्चस्तरीय आयोगले २०६७ ले तयार गरेको प्रतिवेदनमा भूमिहीन किसान र जीविकोपार्जनको सवालसँग सम्बन्धित विषयहरू (सवाल : ४, भूमिहीन किसान र कृषि श्रमिक, पेज ४४)
- कृषि विकास रणनीति २०१५ देखि २०३५ मा भएका मुख्य व्यवस्थाहरू
- प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ मा भएका मुख्य व्यवस्थाहरू
- प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ मा भएका मुख्य व्यवस्थाहरू
- सङ्घीय सरकारको आ.व. २०७९/८० नीति तथा कार्यक्रममा भूमि-कृषि
- सङ्घीय सरकारको आ.व. २०७९/८० बजेटमा भूमि-कृषि
- वर्तमान संयुक्त सरकारको साझा न्यूनतम कार्यक्रम भूमि र कृषि सम्बन्धी प्राथमिकता (चैत २०७९)
- पन्ध्रौं योजना आ.व. २०७६/७७-२०८०/८१ भूमि र कृषि सम्बन्धी व्यवस्था (राष्ट्रिय योजना आयोग)
- https://www.icco-cooperation.org/en/news/landless-farmers-need-cash-in-hand-to-continue-their-production/
- https://www.wider.unu.edu/publication/direct-support-small-scale-farmers-reduces-poverty
- https://oxfamilibrary.openrepository.com/bitstream/10546/112343/1/rr-landless-farmers-provinces-Tra-Vinh-Dong-Thap-050902-en.pdf
- https://www.ilo.org/wcmsp5/groups/public/@ed_dialogue/@actrav/documents/publication/wcms_113732.pdf
- http://www.hungerexplained.org/Hungerexplained/Insufficient_support_files/Lack_of_support_to_agriculture.pdf
- https://openknowledge.worldbank.org/entities/publication/79271d84-bdbc-50c1-9be5-50a89749b100
- https://openknowledge.worldbank.org/entities/publication/79271d84-bdbc-50c1-9be5-50a89749b100
- http://www.lrrd.org/lrrd18/5/misr18073.htm
- https://actionaid.org/sites/default/files/contract_farming.pdf
- https://actionaid.org/sites/default/files/contract_farming.pdf (Contract farming and out grower scheme)
- https://www.eajournals.org/wp-content/uploads/Rural-Landless-Households-Their-Access-to-Assets-and-Livelihood-Strategies.pdf (RURAL LANDLESS HOUSEHOLDS, THEIR ACCESS TO ASSETS AND LIVELIHOOD STRATEGIES: THE CASE OF WOLMERA DISTRICT OF OROMIA REGION, ETHIOPIA)

- https://www.forestaction.org/app/webroot/vendor/tinymce/editor/plugins/filemanager/files/8_PILM%20paper.pdf (Securing Rights to Livelihoods through Public Land Management: Opportunities and Challenges)
- https://justagriculture.in/files/newsletter/2023/April/55.%20Livelihood%20of%20Landless%20Farmer.pdf (livelihood of landless farmers)
- https://themimu.info/sites/themimu.info/files/documents/Report_Livelihoods_Study_Kayah_MaeHongSon-StevenLanjouw_DRC_May2015.pdf (Livelihood Opportunities, Gaps and Training Needs )
- https://odishaahvs.nic.in/upload/files/Guidelines%20for%20Assistance%20to%20Landless%20Agricultural%20Households%20under%20%27KALIA%27_10_26_35am78463fe89d5e17182aa0facb8bb8d728.pdf (Operational Modalities (Guidelines) for Assistance to Landless Agricultural Households for livelihood under 'KALIA')
- https://journals.sagepub.com/doi/pdf/10.1177/2321024919883100 (Dependence Level of Rural Landless Households on Allocated Communal Land: Evidences from Kilte Awlaelo and Atsbi Wenberta Districts, Tigrai Region Northern Ethiopia
- http://awsassets.panda.org/downloads/wwf_livelihood_booklet_final__july8_08.pdf (Livelihoods Outcomes)
- https://naip.icar.gov.in/download/77735/c3-naip-basixpatna.pdf/c3-naip-basixpatna.pdf (Promotion of Sustainable Livelihoods Of small and marginal farmers with a focus on women's empowerment in Nawada and Purnea district of Bihar)
- https://www.fao.org/fileadmin/templates/tc/tce/pdf/LAT_Brochure_LoRes.pdf (
- https://www.mwapata.mw/_files/ugd/dd6c2f_fe30f87801924ed698435a9ddc98dfde.pdf?index=true ( Unlocking Implementation Challenges: Lessons from the Agriculture Sector)
- https://www.urban.org/urban-wire/lessons-agricultural-policy-implementation-africa-show-how-shift-intent-action
- https://www.urban.org/sites/default/files/publication/103199/translating-policy-intent-into-action-a-framework-to-facilitate-implementation-of-agricultural-policies-in-africa_0.pdf (Translating Policy Intent into Action A Framework to Facilitate Implementation of Agricultural Policies in Africa) : MATTHEW ELDRIDGE JUSTIN MILNER JAMES LADI WILLIAMS NOVEMBER 2020
- http://erepository.uonbi.ac.ke/bitstream/handle/11295/13052/Aboud_Challenges%20facing%20the%20implementation%20of%20strategy%20for%20revitalizing%20agriculture.pdf?sequence=5
- (CHALLENGES FACING THE IMPLEMENTATION OF STRATEGY FOR REVITALIZING AGRIGULTURE (SRA))
- https://www.fao.org/3/i3947e/i3947e.pdf (Youth and agriculture: key challenges and concrete solutions FAo)

# अनुसूचीहरु

## अनुसूची १: लक्षित समूह छलफलका सहभागीहरुको विवरण

**FGD सहभागीहरुको विवरण**

| | **गुर्भाकोट नगरपालिका, सुर्खेत** | | | |
|---|---|---|---|---|
| **क्र.सं.** | **सहभागीहरूको नाम** | **सहभागी संस्था** | **पद** | **हस्ताक्षर** |
| १ | सावित्रा कामी | नमुना कृषि समूह | सदस्य | |
| २ | मन कुमारी वि.क. | नमुना कृषि समूह | सदस्य | |
| ३ | दिपा वि.क. | नमुना कृषि समूह | सदस्य | |
| ४ | पदम नेपाली | नमुना कृषि समूह | सदस्य | |
| ५ | गिता वि.क. | नमुना कृषि समूह | सदस्य | |
| ६ | अन्जु वि.क. | नमुना कृषि समूह | सदस्य | |
| ७ | डिलमाया सुनार | नमुना कृषि समूह | सदस्य | |
| ८ | गंगादेवी वि.क. | नमुना कृषि समूह | सदस्य | |
| ९ | ओइली वि.क. | नमुना कृषि समूह | सदस्य | |
| १० | प्रकाश वि.क. | नमुना कृषि समूह | सदस्य | |
| ११ | पानमती कामी | नमुना कृषि समूह | उपाध्यक्ष | |
| १२ | विमला वि.क. | नमुना कृषि समूह | सदस्य | |
| १३ | रूपा वि.क. | नमुना कृषि समूह | सदस्य | |
| १४ | भिमा सुनार | नमुना कृषि समूह | सदस्य | |
| १५ | रसिला सुनार | नमुना कृषि समूह | सदस्य | |
| १६ | दिनेश सुनार | नमुना कृषि समूह | अध्यक्ष | |
| | **कालिका गाउँपालिका, रसुवा** | | | |
| **क्र.सं.** | **सहभागीहरूको नाम** | **सहभागी संस्था** | **पद** | **हस्ताक्षर** |
| १ | मुराले नेपाली | भूमि अधिकार मञ्च | अध्यक्ष | |
| २ | देउती नेपाली | भूमि अधिकार मञ्च | सदस्य | |
| ३ | सुक्रा स्यावा | भूमि अधिकार मञ्च | सदस्य | |
| ४ | दुर्गा दास | भूमि अधिकार मञ्च | सदस्य | |
| ५ | पार्वती दास | भूमि अधिकार मञ्च | सदस्य | |
| ६ | सुशीला गौतम | भूमि अधिकार मञ्च | सदस्य | |
| ७ | भवानी भुसाल | भूमि अधिकार मञ्च | सदस्य | |
| ८ | संगिता स्यावा | भूमि अधिकार मञ्च | सदस्य | |
| ९ | बबिता बर्देवा | भूमि अधिकार मञ्च | सदस्य | |

| | | | | |
|---|---|---|---|---|
| १० | आईता राम दमाई | भूमि अधिकार मञ्च | सदस्य | |
| ११ | सजना नेपाली | भूमि अधिकार मञ्च | सदस्य | |
| १२ | रचना नेपाली | भूमि अधिकार मञ्च | सदस्य | |
| १३ | अमृता नेपाली | भूमि अधिकार मञ्च | सदस्य | |
| १४ | सपना नेपाली | भूमि अधिकार मञ्च | सदस्य | |
| १५ | रुवि भुषाल | भूमि अधिकार मञ्च | सदस्य | |
| | **मध्यविन्दु नगरपालिका, नवलपुर** | | | |
| **क.सं.** | **सहभागीहरूको नाम** | **सहभागी संस्था** | **पद** | **हस्ताक्षर** |
| १ | शर्मन वि.क. | सेतोपानी टोल मञ्च | सदस्य | |
| २ | सिताराम थारु | सेतोपानी टोल मञ्च | सदस्य | |
| ३ | टिका थारु | सेतोपानी टोल मञ्च | सदस्य | |
| ४ | शुक्रराम घले | सेतोपानी टोल मञ्च | अध्यक्ष | |
| ५ | राजेन्द्र घले | सेतोपानी टोल मञ्च | सदस्य | |
| ६ | विशाल कुमाल | सेतोपानी टोल मञ्च | सदस्य | |
| ७ | कर्ण बहादुर पुलामी | सेतोपानी टोल मञ्च | सदस्य | |
| ८ | अमित सुनार | सेतोपानी टोल मञ्च | सदस्य | |
| ९ | धन बहादुर वि.क. | सेतोपानी टोल मञ्च | सदस्य | |
| १० | गंगा कुमारी क्षेत्री | सेतोपानी टोल मञ्च | सदस्य | |
| ११ | कमला सुनार | सेतोपानी टोल मञ्च | सदस्य | |
| १२ | निर्मला सुनार | सेतोपानी टोल मञ्च | सदस्य | |
| १३ | हिरा कुमारी महतो | सेतोपानी टोल मञ्च | सदस्य | |
| १४ | होम कुमारी महतो | सेतोपानी टोल मञ्च | सदस्य | |
| १५ | खड्ग बहादुर महतो | सेतोपानी टोल मञ्च | सदस्य | |
| | **जानकी गाउँपालिका, बाँके** | | | |
| **क.सं.** | **सहभागीहरूको नाम** | **सहभागी संस्था** | **पद** | **हस्ताक्षर** |
| १ | सौभाग्य थापा मगर | | | |
| २ | अनुराग थारु | साना किसान | सदस्य | |
| ३ | कमला बुढाथोकी | | | |
| ४ | निशा थारु | साना किसान | सदस्य | |
| ५ | प्रमिता थारु | साना किसान | सदस्य | |
| ६ | विष्णु मैयाँ | साना किसान | सदस्य | |
| ७ | सुजन नेपाली | | | |
| ८ | हरिचा चौधरी | | | |
| ९ | अमृता चौधरी | हरियाली | सदस्य | |

| | | | | |
|---|---|---|---|---|
| १० | जागृति सिंह | हरियाली | सदस्य | |
| ११ | कमल वि.के. | | | |
| १२ | तुलेन्द्र चौधरी | | | |
| १३ | खुमलाल बस्नेत | | | |
| १४ | दिल्ली बधु | | | |
| १५ | अमिशा थारु | गरिबी निवारण | सदस्य | |
| १६ | प्रमिला थारु | गरिबी निवारण | सदस्य | |
| १७ | राजन चौधरी | गरिबी निवारण | सदस्य | |
| १८ | हरि श्याम चौधरी | | | |
| १९ | रविलाल कामी | | | |
| २० | मोहन थारु | | | |
| | **गेरुवा गाउँपालिका, बर्दिया** | | | |
| **क्र.सं.** | **सहभागीहरूको नाम** | **सहभागी संस्था** | **पद** | **हस्ताक्षर** |
| १ | रोशन चौधरी | आजु समूह | सदस्य | |
| २ | कमला गिरी | | सदस्य | |
| ३ | दीक्षा रैडाश | | सदस्य | |
| ४ | संगीता यादव | छिमेकी | सदस्य | |
| ५ | राम स्वरूप थारु | छिमेकी | सदस्य | |
| ६ | भोजु थारु | छिमेकी | सदस्य | |
| ७ | सीता थारु | छिमेकी | सदस्य | |
| ८ | सुरज ढुंगाना | आमा समूह | | |
| ९ | सन्तोषी कुमारी चौधरी | आमा समूह | | |
| १० | मान ब. | आमा समूह | | |
| ११ | जागेन्द्र थारु | लघुवित्त | | |
| १२ | गया प्रसाद थारु | लघुवित्त | सदस्य | |
| १३ | तेसन कुमारी थारु | गरिबी निवारण | सदस्य | |
| १४ | सम्झना चौधरी | युनिक नेपाल | सदस्य | |
| १५ | पञ्चराम चौधरी | | | |
| १६ | गुरीलाल थारु | कमैया समूह | सदस्य | |
| १७ | सीता थारु | छिमेकी | सदस्य | |
| १८ | मनिषा थारु | निर्धन | सदस्य | |
| १९ | पहरी थरुनी | | | |
| २० | अग्नि थारु | गरिबी निवारण | सदस्य | |
| २१ | गिपनी थारु | छिमेकी | सदस्य | |

| | | | | |
|---|---|---|---|---|
| २२ | भगौती थारु | | | |
| २३ | दुतवारी थारु | जन सहयोगी | सदस्य | |
| २४ | मिरा थारु | | | |
| २५ | निरा थारु | गरिबी निवारण | सदस्य | |
| २६ | देसुवा थारु | | | |
| | **गौरीगंगा नगरपालिका, कैलाली** | | | |
| **क.सं.** | **सहभागीहरूको नाम** | **सहभागी संस्था** | **पद** | **हस्ताक्षर** |
| १ | हेकराज चौधरी | सयपत्रि कृ.स | संयोजक | |
| २ | जालुराम चौधरी | कोपिल कृ.स. | सदस्य | |
| ३ | जानकी देवि चाट्टे | जनप्रिम कृ.स. | | |
| ४ | सिता देवि चाट्टे | | | |
| ५ | अनिता देवि चाट्टे | | | |
| ६ | भूमिका चौधरी | | कृषक | |
| ७ | प्रकाश चौधरी | | कृषक | |
| ८ | सम्झना चौधरी | | कृषक | |
| | **बेदकोट नगरपालिका, कञ्चनपुर** | | | |
| **क.सं.** | **सहभागीहरूको नाम** | **सहभागी संस्था** | **पद** | **हस्ताक्षर** |
| १ | पदम लुहार | | | |
| २ | सरस्वती आउजु | | | |
| ३ | कमला खड्का | | | |
| ४ | देउसरा आउजु | | | |
| ५ | जानकी सुनार | | | |
| ६ | देव आग्रो | | | |
| ७ | जैउले सुनार | | | |
| ८ | परु लुहार | | | |
| ९ | दुर्गा वि.क. | | | |
| १० | सरिता नेपाली | | | |
| | **भिमदत्त नगरपालिका, कञ्चनपुर** | | | |
| **क.सं.** | **सहभागीहरूको नाम** | **सहभागी संस्था** | **पद** | **हस्ताक्षर** |
| १ | तारादेवी लुहार | | | |
| २ | अर्जुन नेपाली | | | |
| ३ | सीता तिरुवा | | | |
| ४ | प्रकाश लुहार | | | |
| ५ | आकाश वि.क. | | | |

| | | | | |
|---|---|---|---|---|
| ६ | डम्मरी ढकुल्ला | | | |
| ७ | भाना महर | | | |
| ८ | मञ्जु नाथ | | | |
| ९ | गौरी कुमाल | | | |
| | **चौकुने गाउँपालिका, सुर्खेत** | | | |
| **क.सं.** | **सहभागीहरूको नाम** | **सहभागी संस्था** | **पद** | **हस्ताक्षर** |
| १ | इसरा हमाल | चौकुने गाउँपालिका | सदस्य | |
| २ | चन्द्रा रानामगर | चौकुने गाउँपालिका | कोषाध्यक्ष | |
| ३ | हिमा कुमारी तारामी | चौकुने गाउँपालिका | सदस्य | |
| ४ | बसुन्धरा मास्की | चौकुने गाउँपालिका | सदस्य | |
| ५ | देवीराम जैसी | चौकुने गाउँपालिका | सदस्य | |
| ६ | बासुदेवी शाही | चौकुने गाउँपालिका | सदस्य | |
| ७ | मोतिकला शाही | चौकुने गाउँपालिका | सदस्य | |
| ८ | विपना रोकाया | चौकुने गाउँपालिका | सदस्य | |
| ९ | लक्ष्मी गाहा | चौकुने गाउँपालिका | सदस्य | |
| १० | देवीका बुढा | चौकुने गाउँपालिका | सदस्य | |
| ११ | रचना नाम्जी | चौकुने गाउँपालिका | | |
| १२ | चन्द्र ब. मास्की | चौकुने गाउँपालिका | सदस्य | |
| १३ | सुरज मास्की | चौकुने गाउँपालिका | सदस्य | |
| १४ | लक्ष्मी रोकाय | चौकुने गाउँपालिका | सदस्य | |
| १५ | सरीता मास्की | चौकुने गाउँपालिका | सदस्य | |

## अनुसूची २: जानकार अन्तर्वार्ता र लक्षित भेटघाटका सहभागीको विवरण

| व्यक्तिको नाम | पालिका | |
|---|---|---|
| विष्णु राज अवस्थी | चौकुने गाउँपालिका | प्रा.स. कृषि शाखा |
| भवानी प्रसाद न्यौपाने | कालिका गाउँपालिका | जिल्ला भूमि अधिकार मञ्च, अध्यक्ष |
| फनेन्द्र प्रसाद न्यौपाने | कालिका गाउँपालिका | |
| प्रकाश देवकोटा | कालिका गाउँपालिका | |
| | | |

## अनुसूची ३ : जानकार अन्तर्वार्ताका लागि प्रयोग गरिएको पूर्व तयारी स्मरण सूची

**भूमिहीन किसानहरूको जीविकोपार्जन सुधारका लागि उपयुक्त कृषि विकास कार्यक्रमबारे अध्ययन**

## Checklist for KIIs

